# अबको नेपाल
# ज्ञानको नेपाल

नेपाल अहिले इतिहासको बडो कठिन घडीबाट गुज्रिरहेको छ । विगत आधा शताब्दीमा नेपालले प्रजातन्त्रको अपहरण, त्यसको पुनर्बहाली, माओवादी सशस्त्र विद्रोहका घुम्तीहरू पार गर्दै आएको छ । जननिर्वाचन मार्फत संविधानसभाको गठन भएको छ । राजतन्त्रको विधिवत् उन्मूलन गरिएको छ । जनतामा नौलो आशा पलाएको छ । जनता शान्ति चाहन्छन् र नेपाली समाज तथा राजनीतिमा आमूल परिवर्तन आएको हेर्न चाहन्छन् । तर कस्तो खालको परिवर्तन र राजनीतिक व्यवस्था भन्ने कुरा विवादको विषय हुन सक्छ ।

राजनीतिक पार्टीहरू, नागरिक समाज, सामाजिक समूहहरू माझ र सञ्चार जगत्मा नेपालको भावी रूपरेखाबारे सार्वजनिक छलफल चलिरहेको अवस्था छ । यस्ता छलफलहरूबाट संघीय संरचना र समावेशी प्रकृतिको गणतन्त्रात्मक लोकतन्त्रको पक्षमा अभिमत जाहेर भएको पाइन्छ र त्यसै अनुकूल संविधान बन्ने अपेक्षा रहेको देखिन्छ । शहरी शिक्षित वर्गले यस बेला अनेक विचार र अवधारणाबारे चर्चा चलाइराखेका छन् । तर अबोला जनताको ठूलो हिस्साको चाहना के छ भन्ने चाहिं अनुमानकै विषय छ । किनभने लगभग आधा जनसंख्या निरक्षरताको अँध्यारोमा छन् र उनीहरू आफ्ना चाहनालाई प्रस्टतासाथ अभिव्यक्त गर्न सक्ने स्थितिमा पक्कै छैनन् । त्यसमाथि सार्वजनिक छलफलका यी विषयहरू राजनीतिशास्त्र र दर्शनशास्त्रसित जोडिएका छन् । यस्तो अवस्थामा यी विषयहरूमा उनीहरूको ज्ञान र बुझाइ कति होला त्यो विचारणीय छ । उदाहरणका लागि, संघीयता, लोकतन्त्र, मानवअधिकार, समावेशीकरण, राज्य पुनर्संरचना जस्ता विषयलाई जनसाधरणले कसरी बुझेका होलान् ? तसर्थ समसामयिक छलफलका यस्ता विषयबारे जनतालाई शिक्षित तुल्याउने र ती विषयबारे उनीहरूका धारणा र विचार बुझ्नु आवश्यक छ ।

यही उद्देश्य राखेर सोसल साइन्स बहाःले यस्ता केही अवधारणाहरूलाई छानेर नेपालीमा तयार पारी त्यसको प्रसार-प्रचार गर्ने जमर्को गरेको छ । यसअघि सोसल साइन्स बहाःले यस विषयमा 'अबको नेपाल' शीर्षकमा नेपाल एफ.एम. रेडियो र नेपालभरि छरिएका त्यसका सञ्जाल मार्फत साप्ताहिक रेडियो कार्यक्रम पनि सञ्चालन गरेको थियो । पत्रपत्रिकाको माध्यमबाट ती विषयलाई प्रचारित गर्ने सिलसिलामा *हिमाल खबरपत्रिका*को १६-३१ वैशाख र १६-३१ जेठ २०६६ को अंकमा छापिएको थियो ।

सोसल साइन्स बहाः
SOCIAL SCIENCE BAHA

**सोसल साइन्स बहाः**
३४५ रामचन्द्र मार्ग, बत्तीसपुतली, काठमाडौं-९, नेपाल
Tel: +977-1-4472807 • info@soscbaha.org • www.soscbaha.org

# विषयसूची


१. जातीयता/जातीय समूह १
*– राजेन्द्र प्रधान*

२. बहुलवाद ४
*– बन्दिता सिजापती*

३. संघीय राज्य/संघवाद ७
*– कृष्ण खनाल*

४. सैन्यवाद १२
*– ध्रुव कुमार*

५. प्रजातन्त्र/लोकतन्त्र १५
*– हरि शर्मा*

६. राजतन्त्र १७
*– सुधीन्द्र शर्मा*

७. मानवअधिकार २०
*– गोपाल सिवाकोटी 'चिन्तन'*

८. समावेशीकरण र असमावेशीकरण २३
*– राजेन्द्र प्रधान*

९. बहुसंस्कृतिवाद २६
*– बन्दिता सिजापती*

१०. सर्वसत्तावाद २९
*– ध्रुव कुमार*

११. फासीवाद ३१
*– ध्रुव कुमार*

१२. अधिनायकवाद ३४
*– ध्रुव कुमार*

# जातीयता/जातीय समूह

राजेन्द्र प्रधान

## पृष्ठभूमि

समाजको बहुलवादी र बहुसांस्कृतिक स्वरूप तथा धर्म अनि भाषाका आधारमा मानिसको वर्गीकरण र सामूहिक पहिचान कायम गर्ने चलन र विभिन्न समुदायको साझा इतिहास एवम् साझा भूभाग शताब्दीयौँदेखि रहे तापनि सन् १८५० को दशक, अझ खास गरेर सन् १९८० को दशक यतादेखि मात्र जातीयता संसारभर सबैभन्दा बढी उल्लेखनीय सामाजिक विशेषताहरू मध्येको एक बन्न पुग्यो। जातीयता विभिन्न रूपमा देखा परेको छ- निश्चित जातिको आमसंहार, जातीय कलह, जातीय-राष्ट्रियता, जातीय-राजनीति, जातीय पहिचान, जातीय समूहको मान्यता र स्रोतसाधनमाथि न्यायोचित हिस्सेदारी तथा राज्यका हरेक अङ्गमा प्रतिनिधित्व पाउनुपर्ने माग आदि। उपेनिवेशवादको अन्त्य, (एकल संस्कृतिमा आधारित) राष्ट्र-निर्माण, आधुनिकीकरण, विश्वव्यापीकरण, प्रजातान्त्रिकरणका विभिन्न लहरको प्रतिक्रियास्वरूप देखिएको जनजातीय उद्‌वोधन र अन्तर्राष्ट्रिय मानवअधिकारमा आधारित शास्त्रार्थले दक्षिणपन्थी (उदार) र वामपन्थी (मार्क्सवादी) राजनीतिका विभिन्न विचारधारालाई गलत सावित गरिदिएका छन् जसले 'आदियुगीन सम्बन्ध' जस्तै नातागोता, धर्म, भाषा अथवा भूभागलाई मूल आधार मानेर सामाजिक पहिचान र सम्बन्ध कायम रहन्छ भन्ने धारणाको पतन हुने भविष्यवाणी गरेका थिए। नागरिकका रूपमा व्यक्तिको प्राथमिक चिनारी अथवा कुनै राष्ट्रको राष्ट्रियता (जस्तै– नेपाली, जर्मन, भारतीय) प्राप्त गर्नाले कालान्तरमा आदियुगीन सम्बन्धका आधारमा निर्धारित चिनारी बिस्तारै हराउँदै जान्छ भन्ने कुरा गलत सावित भएको छ।

जातीयताको अंग्रेजी रूप 'एथ्निसिटी' ग्रीक शब्द *एथ्निकोस*बाट आएको हो (जो आफैँमा एथ्नोस्‌को विशेषण हो), जसको अर्थ हुन्छ जनता अथवा जाति। प्राचीन ग्रीसमा यो शब्द ग्रीसका रैथाने बासिन्दादेखि बाहेकका 'अरू मानिस' अथवा बाहिरियालाई बुझाउन प्रयोग गरिन्थ्यो। त्यतिबेला गैरग्रीक मानिसलाई फरक र कम सभ्य ठानिन्थ्यो। पश्चिमी समाजमा झन्डै यस्तै आशय भएको 'जाति' शब्द शताब्दीयौँदेखि अल्पसंख्यक समूह, खासगरी बसाइँ सरेर आएका समुदाय बुझाउनलाई प्रयोग गरिन्थ्यो, जस्तै– युरोपमा यहुदी अथवा अल्जेरियाली र तुर्क अनि अमेरिकामा इटालियन, आइरिस, चिनिया र अरू बसाइँ सरेर आएका समुदाय (उदाहरणका लागि, इटालियन समुदाय, चिनियाँ खाना।) तर, आम अर्थ बुझाउने गरी 'इथ्निसिटी' शब्दले सबैभन्दा पहिले सन् १९५३ मा *अक्सफोर्ड इङ्लिस डिक्सनरी*मा प्रविष्टि पाएको थियो।

यस विषयमा धेरै विद्वान्‌हरूले काम गरेका भए पनि जातीयता र जातीय समूहको परिभाषाबारे एक मत पाइँदैन। अथवा यसलाई कुन अर्थमा बुझ्न बढी सटिक हुन्छ भन्ने बारेमा सहमति छैन। यसलाई हेर्ने मुख्य तीनवटा दृष्टिकोण छन्। इसेन्सियालिस्ट मत राख्नेहरू के भन्छन् भने जातीय पहिचान स्वतः र सहज रूपमा आउने पहिचान हो। उनीहरूको विचारमा जातीय पहिचान पहिलेदेखि नै एकै खालको जैविक अथवा सांस्कृतिक मूल भएका मानिसहरूको सामाजिक पहिचानको अंग बन्दै आएको छ। जातीय सीमा निश्चित हुन्छ र जाति समूह लामो समयसम्म अस्तित्ववान् रहेको हुन्छ जसले गर्दा उनीहरूबीचमा गहिरो भावनात्मक लगाव रहेको हुन्छ। आदियुगिन सम्बन्धले जातीयतालाई बढाउँछ र यसलाई टिकाइराख्छ। इन्स्ट्रुमेन्टालिस्टहरूले जातीयतालाई स्रोतसाधन प्राप्त गर्ने रणनीतिक हतियार हो भनेका छन्। उनीहरूका विचारमा जातीय नेताहरूले जातीय विशिष्टतालाई उछाल्ने कारण त्यस समूहको संस्कृति, भाषा र पहिचानप्रति उनीहरूको गहिरो लगाव भएर नभई आर्थिक वा राजनीतिक फाइदा लिनका लागि उनीहरू यसो गर्ने गर्छन्। जातीयता उपयोगी रहेसम्म मात्र टिक्दछ। कन्स्ट्रक्सनिष्टहरूको तर्कमा चाहिँ जातीयताको सीमा लचिलो छ। सामाजिक अवस्थाका कारण यो उत्पन्न भएको हुन्छ। अर्थात् आर्थिक र राजनीतिक फाइदा लिनका लागि यो विचार ल्याइएको होइन। जातीयता आर्थिक र राजनीतिक कुराभन्दा पनि सांस्कृतिक कुरा बढी हो।

जातीयताका परिभाषा पनि मूल रूपमा यिनै तीन दृष्टिकोणसँग मिल्दाजुल्दा छन्। जोन स्टोनले जातीयतालाई यसरी परिभाषित

गरेका छन्, “एउटै पुर्ख्यौली र साझा ऐतिहासिक उत्पत्ति भएका मानिस सदस्य हुने सामाजिक संगठनको एउटा आधारभूत वर्गीकरण हो । यसमा समाज, संस्कृति, धर्म अथवा भाषा पनि हुनसक्छ ।”[१] हल लेभिनले भनेका छन्, “जातीयता आफैँले वा अरूले गर्ने मानिसको वर्गीकरणको त्यो तरिका हो जसले उत्पति अथवा पुर्ख्यौली (सामाजिक रूपले सृजित) लाई मूल आधार मान्दछ ।”[२] अर्कातिर इलिस क्यामोरले जातीयतालाई यसरी परिभाषित गरेका छन्, “आफूलाई अरू भन्दा धेरै किसिमले फरक ठान्ने कुनै समूहको खास विशेषता ।” उनका अनुसार यस्तो समूहको साझा अनुभव हुन्छ । सामान्यतया सांस्कृतिक, भौतिक अथवा राजनीतिक दृष्टिले वञ्चित वा उपेक्षित हुनाको अनुभव उनीहरूमा हुन्छ । उपेक्षित वा वञ्चित भएको भावनाको प्रतिक्रिया स्वरूप यस्तो समहूले साझा इतिहास र संस्कृतिको विकास गर्छ तथा बाँकी समाज भन्दा आफू सांस्कृतिक रूपले भिन्न भएको कुरामा जोड दिन्छ अथवा आफू र अरू बीचमा भिन्नता सीमा कोर्छ ।[३]

यी सबै परिभाषाहरूलाई एकै ठाउँमा राखेर हेर्दा जातीयता (र जातीय समूह) का चारवटा मुख्य विशेषतामा जोड दिइएको पाइन्छ : १) यो सामाजिक संगठनको एउटा वर्गीकरण हो, २) र मानिसलाई वर्गीकरण गर्ने एउटा तरिका हो, ३) यस्तो समूह जसले आफूहरू समान ऐतिहासिक उत्पत्ति र (वास्तविक वा सृजित) समान स्वार्थ भएको दाबी गर्छ, र ४) आफूलाई अरूभन्दा फरक र (प्रायसः उपेक्षित, वञ्चित) ठान्ने समूहको विशेषता । तर कसैकसैले जातीयता र जातीय समूह भन्नाले उपेक्षित वा अल्पसंख्यक समूह मात्रै बुझाउँदैन भन्ने तर्क गरेका छन् । न्युजिल्यान्डका प्रभुत्वशाली गोरा समूहले आफूलाई छुट्टै जाति भएको दावी गर्न सक्छ ।

जातीयता र जातीय समूहलाई यससित सम्बन्धित अन्य केही शब्दहरूका सन्दर्भमा हेरिनुपर्छ, ती हुन्– नश्लवाद, राष्ट्रवाद, बहुलवाद, बहुसंस्कृतिवाद र आदिवासीवाद अनि आफ्नै पहिचानको (सांस्कृतिक) राजनीति । उदाहरणका लागि, अल्पसंख्यक जातिभित्र पनि आदिवासीको विशिष्ट चरित्र रहेको हुन्छ ।

1 The Social Science Encyclopedia, ed. Adam and Jessica Kuper, pp 260-262.

2 Reconstructing Ethnicity; *The Journal of the Royal Anthropological Institute*, 5 (2): pp. 165-180.

3 *Dictionary of Race and Ethnic Relations*, ed. Ellis Cashmore, pp 119-124).

**नेपालमा जातीयता**

नेपालमा जनजातीय सम्बन्धमा भएका बौद्धिक छलफलहरू इन्स्ट्रुमेन्टालिस्ट वा कन्स्ट्रक्सनिस्ट दृष्टिकोणबाट हुने गरेका छन् । यस्ता छलफल अक्सर थकाली पहिचानको तरलता र निर्माणको वरिपरि केन्द्रित हुन्छ र के आरोप लगाइन्छ भने जातीय नेताहरूले जातीयताको मुद्दालाई फाइदा लिनका लागि प्रयोग गर्ने गरेका छन् । अर्कातिर जातीय नेता र विद्वानहरूले जातीयतालाई प्राइमोर्डियल अथवा इसेन्सियालिस्ट दृष्टिकोणबाट हेर्ने गरेका छन् । उनीहरूले जनजाति समूह र पहिचानलाई स्थिर, स्थायी र सधैँभरि साझा संस्कृति तथा साझा पुर्ख्यौलीमा आधारित भएको भनी व्याख्या गर्ने गरेका छन् ।

नेपालको सन्दर्भमा एउटा मुख्य समस्या के छ भने यहाँ कुन समूह वा समुदायलाई जाति मान्ने र कुन आन्दोलनलाई जातीय आन्दोलन मान्ने ? नेपालमा भएका आधिकारिक र आम प्रचलनमा रहेका विवरणहरूमा पृथ्वीनारायण शाहको दिव्योपदेशमा सबैभन्दा पहिले जात वा जाति भन्ने शब्द जाति र ‘जातीय समूह’ दुवैलाई बुझाउन चलाइएको थियो । सन् १८५४ को मुलुकी ऐनमा जात वा जातिले मुसलमान र यूरोपेलीलाई समेत जनाउँथ्यो । त्यस मुलुकी ऐनमा अधिकांश गैरजात समूहलाई ‘मतवाली’ भनी वर्गीकरण गरिएको थियो, ‘आदिवासी’ भनिएको थिएन । तर ‘आदिवासी’ शब्दले भारतमा ‘कबिला समूह’ (जंगलवासी) भन्ने जनाउँछ । यद्यपि यस शब्दको शाब्दिक अर्थ सबैभन्दा पहिलो बासिन्दा भन्ने हुन्छ । पछि जातलाई जात समूह र जातिलाई गैरजाति समूह बुझाउन प्रयोग गर्न थालियो । धेरै अवस्थामा यी शब्द एकअर्काका पर्यायका रूपमा प्रयोग भइरहे । सन् १९९० मा प्रजातन्त्रको पुनर्स्थापना भएपछि जातीय आन्दोलन द्रुत गतिमा विस्तार भएपछि ‘जनजाति’ शब्द प्रचलनमा आयो र यसले पहिले मतवाली भनिने समूहलाई अतिरिक्त अर्थका साथ बुझाउन थाल्यो । यसले अरूभन्दा फरक संस्कृति भएका, परम्परागत थलो भएका, जातसमूह भन्दा फरक, पर्वते (कहिलेकाहीँ खस) भनेर चिनिने प्रभुत्वशाली र विजेता जात तथा भाषिक समूहद्वारा दबाइएका जातीय समूह भन्ने बुझाउन थाल्यो । तर आदिबासीको अधिकारले विश्वव्यापी मान्यता पाएपछि (विशेषगरी राष्ट्रसंघले आदिबासी दसकको घोषणा गरेपछि) आफूलाई जनजाति भन्न थालेका समूहहरूले पनि आफूलाई ‘आदिवासी’ भन्न थाले । यसबाट एउटा अनुत्तरित प्रश्न उठेको छ : गैरआदिवासी पनि ‘जनजाति’ हुनसक्छ कि सक्दैन ? अथवा ‘जनजाति’ भन्न नमिल्ने समूह आदिवासी हुनसक्छ कि सक्दैन ?

नेपालका सुरुका बौद्धिक लेखरचनाहरूमा गैरजात समूहलाई

नेवार र मुसलमानलाई छाडेर 'कबिला' भन्ने गरिएको थियो । सन् १९८० को दशकको सुरुवातदेखि 'कबिला' को ठाउँमा 'जनजाति समूह' लेख्न थालियो । त्यसको एउटा कारण के थियो भने ' कबिला शब्दले पिछिडिएका, जंगलवासी भन्ने अपमानबोधक अर्थ दिन्थ्यो । अनि 'मतवाली' भनेर चिनिएका समूहलाई बुझाउनका लागि 'कबिला' उपयुक्त शब्द हो होइन भन्ने द्विविधा पनि थियो । दोस्रो, जातीय आन्दोलन अघि बढेको तथा जातीयताबारेका लेखोट अनि साहित्य पनि आइरहेका बेला त्यस शब्दको उपयोग कतिसम्म उपयुक्त हो भन्ने छलफल पनि चलेको थियो ।

यसप्रकार 'जनजाति' शब्दको विकास र विशिष्ट ऐतिहासिक सन्दर्भले गर्दा नेपालमा बौद्धिक लेखरचना, सरकारी कागजात तथा आम छलफलमा 'जनजाति समूह' भन्नाले आदिवासी जनजातिलाई मात्र बुझाउने गरेको छ । यसले गर्दा मुसलमान जस्ता 'अल्पसंख्यक' धार्मिक अथवा भाषिक समूह र सामूहिक रूपमा मधेसी भनेर चिनिने तराईका धेरै भाषिक र सांस्कृतिक समूहलाई जनजाति समूह भन्न सकिन्छ कि सकिदैन भन्ने महत्वपूर्ण प्रश्नलाई बेवास्ता गरिएको छ । यसका अवधारणागत र राजनीतिक प्रभाव छन् ।

अवधारणागत रूपमा, आदिवासी समूह भनेको 'जनजाति समूह' अथवा अल्पसंख्यक जातिको बृहत्तर वर्गीकरण भित्रको विशेष समूह हो । सैद्धान्तिक रूपमा मुसलमान र मधेसीलाई माथि उल्लिखित परिभाषाअनुसार 'जनजाति समूह' भन्न नसकिएमा पनि कम्तिमा 'जनजाति'को वर्गीकरणभित्र राख्न सकिन्छ । अवधारणागत रूपमा 'जनजाति' र मधेसीबीच धेरै अन्तर छैन् । प्रभुत्वशाली पर्वते (खस) समूहसँगको सम्बन्धका आधारमा यी दुवैलाई अल्पसंख्यक जाति मान्न सकिन्छ । यसलाई स्वीकार गर्ने हो भने मान्यता, अधिकार, न्यायोचित प्रतिनिधित्व र स्वायत्तताका लागि भएको मधेसी आन्दोलनलाई जातीय-राजनीति, जातीय-राष्ट्रियता अथवा जातीयता भन्नुका सट्टा अहिले भनिए जस्तो 'क्षेत्रीयता' को संज्ञा दिनुको औचित्य छैन । यस्तो विचारलाई स्वीकार नगर्दा कस्तो राजनीतिक परिणाम आउँछ भन्ने कुरा मधेसको समस्याले प्रष्ट पारिसकेको छ ।

जातीय समूह र जातीयता जस्ता अवधारणाको परिभाषामा वादविवाद हुनसक्छ तर यी शब्द 'जनजाति समूह' र आन्दोलनलाई बुझाउन मात्र किन प्रयोग गरिएको हो र यी शब्दले पहाड तथा तराईका मुसलमान र मधेसीलाई किन बुझाउँदैन भन्ने कुराको औचित्य प्रस्ट्याउनु जरुरी हुन्छ । अथवा भविष्यमा बन्ने जातीय प्रभुत्व रहेको स्वायत्त प्रदेशमा बस्ने कुनै बेलाका प्रभुत्वशाली समूह (पहाडे बाहुन/क्षत्री) ले वा मधेस स्वायत्त प्रदेशमा बस्ने पहाडेले यस्तै आन्दोलन गरे भने त्यसलाई कसरी हेर्ने भन्ने प्रश्न पनि महत्वपूर्ण छ । •

# बहुलवाद

बन्दिता सिजापती

सामान्थ अर्थमा बहुलवाद भनेको विविधतालाई मान्यता दिनु हो र यसले साधारणतया सामाजिक सम्बन्धको यस्तो ढाँचालाई बुझाउँछ जहाँ अनेक थरीका समूहहरूको साझा संस्कृति र निश्चित संस्थाहरूउपर साझेदारी हुने गर्दछ। समाज विज्ञानको सन्दर्भमा बहुलवादका साधारणतया तीनवटा भेद छन् ः सांस्कृतिक बहुलवाद, संरचनागत बहुलवाद र राजनीतिक बहुलवाद। सांस्कृतिक बहुलवाद भन्नाले विविध जातीय, नश्लगत, धार्मिक, राष्ट्रिय, कविला अथवा/र भाषिक समूहलाई बुझाउँछ। आ-आफ्ना छुट्टाछुट्टै सांस्कृतिक पहिचान र सामाजिक सञ्जाल हुँदाहुँदै पनि त्यस्ता समूहहरू साझा राजनीतिक र आर्थिक प्रणालीमा बाँधिएका हुन्छन्। संरचनागत बहुलवाद त्यति बेला हुन्छ जति बेला आफ्नै सामाजिक संरचना र संस्था भएका समूहहरूले अरूका विशेषता पनि अँगालेका हुन्छन्। उदाहरणका लागि, उनीहरूले साझा सरकार र साझा कानुनलाई स्वीकार गरेका हुन्छन् तर उनीहरूको आफ्नै धार्मिक संस्थाहरू हुन सक्छन्, उनीहरू आफ्नै भाषा बोल्न सक्छन् अथवा उनीहरूले आफ्नै खालको शैक्षिक प्रणाली अपनाएका हुन सक्छन्। राजनीतिक बहुलवाद त्यस्तो अवस्थामा हुन्छ जति बेला समाजमा विभिन्न उद्देश्य र स्वार्थ बोकेका समूहहरू हुन्छन् तर कुनै एउटा समूहले अरू समूहमाथि पूर्णरूपमा प्रभुत्व जमाएको हुँदैन। राजनीतिक बहुलवादीहरूचाहिँ के कुरामा विश्वास गर्छन् भने ठूलो समाजमा राजनीतिक शक्ति एकअर्काको प्रतिस्पर्धामा रहेका आर्थिक, राजनीतिक स्वार्थ तथा विचार भएका विभिन्न समूहका बीचमा बाँडिएको हुन्छ। यस्तो समाज प्रजातान्त्रिक हुनाका लागि राजनीतिक दलबाहेक अन्य संघसंस्थाहरूको अस्तित्व हुनुपर्छ जसले गर्दा फरक-फरक खालका संघसंस्थाहरूका बीचमा शक्तिका लागि प्रतिस्पर्धा हुन्छ र ती संघसंस्थाहरूमार्फत उनीहरू आफ्ना चाहना अभिव्यक्त गर्न पाउँछन्।

कारियलले बहुलवादको राजनीतिक सिद्धान्तका अभिन्न अङ्गका रूपमा रहेका ६ वटा विशेषताहरूको उल्लेख गरेका छन्ः (१) व्यक्तिको चाहना पूरा गर्नाका लागि सरकारका सानासाना एकाइहरू हुनु आवश्यक छ, किनभने त्यस्ता एकाइहरू बढी 'प्रतिनिधिमूलक' हुन सक्छन्, (२) सेवाप्रदायक सार्वजनिक निकायहरू छरपस्ट भएका भौगोलिक रूपले ठूलो समाजमा सरकारी शक्ति अप्रतिनिधिमूलक हुन्छ। (३) समाजमा थरीथरीका स्वतन्त्र धार्मिक, सांस्कृतिक, शैक्षिक, पेशागत र आर्थिक सङ्घ र संस्थाहरू रहेका हुन्छन्। (४) यी निजी संस्थाहरू कुन अर्थमा स्वेच्छिक हुन्छन् भने मानिसहरू कुनै एउटा संस्थामा मात्रै पूर्ण रूपमा आबद्ध नभएर एकै समयमा धेरै संस्थाका सदस्य भएका हुन्छन्। (५) यी सबै सङ्घसंस्था एकापसमा स्वतन्त्र रूपले अन्तरक्रिया गर्छन् किनभने उनीहरूले सरकारी/सार्वजनिक नीतिहरूलाई स्वीकार गरेका हुन्छन् र (६) केही साझा विषयहरूप्रति यी सङ्घसंस्थाको सहमति लिएर मात्र सरकार कार्य सञ्चालन गर्न समर्थ हुन्छ। यस अर्थमा विविध समूह, दृष्टिकोण र आस्थाको महत्त्वको पक्षमा वकालत गर्दै बहुलवादीहरूले के भनेका छन् भने अनेकता भएको समाजमा सरकारको शक्तिको केन्द्रीकरण र सामाजिक सम्बन्धलाई टुक्र्याउँदै लैजाने प्रवृत्तिलाई नियन्त्रण गर्ने एउटा उपाय भनेको विभिन्न समूहमा शक्ति वितरण गर्नु हो। उनीहरूको भनाइमा शक्तिलाई वितरण गर्नाले बेग्लाबेग्लै उद्देश्य र स्वार्थ बोकेका समूहबीच प्रतिस्पर्धा हुने र उनीहरूले राजनैतिक सौदाबाजी गर्न सक्ने अवस्था सिर्जना हुन्छ जसले गर्दा कुनै एउटा समूहको साँघुरो स्वार्थले सरकारी/सार्वजनिक नीतिलाई प्रभावित पार्न सक्दैन।

अमेरिकाको अनुभवका आधारमा रबर्ट डाह्ल जस्ता बहुलवादीहरूले राज्यलाई 'निष्पक्ष निर्णायक'का रूपमा लिएका छन् जसले परस्परविरोधी दाबीमा कुन सही हो भन्ने मूल्याङ्कन गरेर केही दाबी पूरा गराउन र केही दाबी छोडाउन मध्यस्थता गर्छ। यहाँ के कुरा उल्लेख गर्नु जरुरी छ भने राजनीतिक बहुलवादीहरूले बहुलवाद भन्नाले जातीय अथवा नश्लका आधारमा भएका पृथकतालाई जनाउँदैन। उनीहरूको दृष्टिमा बहुलवाद भन्नाले मूलतः राजनीतिक क्षेत्रमा स्रोतसाधन र शक्तिका लागि आपसमा प्रतिस्पर्धा गरिरहेका राजनीतिक विचार र विशिष्ट स्वार्थ बोकेका समूहको विचारलाई

जनाउँछ। उदाहरणका लागि सार्वजनिक नीतिलाई आफ्नो पक्षमा बनाउन हानाथाप गरिरहेका वातावरणवादी समूह र उद्यमीलाई लिन सकिन्छ। वातावाणवादी समूह वातावरणसम्बन्धी कानुनलाई अझ बढी कडा बनाउन दबाब दिन्छन् भने उद्यमी समूहहरू त्यसलाई खुकुलो पार्नीतिर लागेका हुन्छन्।

बहुलवादी चिन्तनका गुदी विषयलाई धेरैले आलोचना गरेका छन्। फ्रयाङ्क, वालेर्स्टिन जस्ता मार्क्सवादीहरूले के कुरामा जोड दिएका छन् भने आन्तरिक वर्ग विभाजन र पुँजीवादी प्रणालीको 'केन्द्र' र 'मोफसल'का बीचमा रहेको असमान विनिमय यति बलियो अवस्थामा रहेको हुन्छ जसका कारण छुट्टाछुट्टै समूहहरूले समाजमा खासै प्रभाव पार्न सक्दैनन्। यसैगरी, नवमार्क्सवादी र सि. राइट मिल्स जस्ता सम्भ्रान्तवादी विचारकहरूले के तर्क गरेका छन् भने पुँजीवादी उच्चवर्गले आफ्नो स्वार्थ पूरा गराउन केही गर्नै पर्दैन, उदारवादी समाजका संघसंस्थाहरूबाटै उनीहरूको स्वार्थ पूरा भइराखेको हुन्छ, त्यसका साथै असन्तोष र विरोधका स्वरूपहरूलाई उनीहरूले पनि निस्तेज पारिराखेका हुन्छन्। बहुलवादका अन्य आलोचकहरूको के तर्क छ भने राज्यले केही बहुलवादीले सोचेजस्तो गरी समाजका विविध समूहका मागबमोजिम कदम चाल्दैन, राज्य त स्वायत्त रूपमा सामाजिक समूहका चाहनालाई ख्याल नगरीकन आफ्नै किसिमले चल्ने गर्दछ।

यी आलोचनाहरूलाई ख्याल राख्दै केही राजनीतिक बहुलवादीहरूले के विश्वास गरेका छन् भने प्रतिस्पर्धी अर्थतन्त्र भएका ठूला समाजमा राजनीतिक विचारको भिन्नतालाई पन्छाउन सकिँदैन। तर यी महत्त्वपूर्ण राजनीतिक भिन्नता वर्गसँग जोडिएका हुन्छन् भन्ने मार्क्सवादीहरूका तर्कलाई उनीहरू मान्दैनन्। उत्पादनका साधनलाई सार्वजनिक स्वामित्वमा राखेर राजनीतिक द्वन्द्वलाई घटाउन सकिन्छ भन्ने कुरामा पनि उनीहरू विश्वास गर्दैनन्। यस्तै गरी, राजनीतिक स्रोतसाधनको वितरणमा भएको असमानताले गर्दा केही सामाजिक समूह अरू समूहभन्दा बढी शक्तिशाली र प्रभावशाली हुने हुनाले त्यस कुरालाई स्वीकार गर्दै अरू बहुलवादीहरूले राजनीतिक असमानता घटाउन पुनःवितरणको नीति आवश्यक ठानेका छन् (डाह्ल १९९८)। त्यसैले राजनीतिक बहुलवादीहरूले के कुरामा जोड दिएका छन् भने ठूलो समाजको शासन प्रणाली प्रजातान्त्रिक हुनाका लागि यस्ता संस्थाहरू हुनैपर्छ जसमार्फत विविध स्वार्थ बोकेका समूहले आफ्ना विचार व्यक्त गर्न र शक्तिका लागि प्रतिस्पर्धा गर्न सक्छन्।

अमेरिकामा बहुलवादका बारेमा सन् १९६० को दशकमा धेरै कुरा लेखिएको भए पनि अधिकांश अवस्थामा बहुलवादी प्रस्तावनाहरू पूर्वी युरोपेली देश र सोभियत संघमा कम्युनिष्ट शासनको पतन भएपछि मात्र लोकप्रिय भए। शक्तिलाई विभिन्न समूहका बीचमा न्यायोचित तरिकाले वितरण गरिएको खण्डमा विभिन्न पृष्ठभूमि र स्वार्थ भएका विभिन्न समूह समाजमा झगडा नगरीकन बस्न कसरी सम्भव छ भन्ने व्याख्या बहुलवादले गर्न खोजेको छ। तर असमानतालाई जतिसुकै घटाए पनि बहुसंख्यक समूहभन्दा भिन्न विचार राख्ने समूहलाई कतिसम्म स्वायत्तता दिने भन्ने कुराको द्विविधा यथावत् छ। विभिन्न सामाजिक र राजनीतिक विश्लेषणले दुई खालका समाधान प्रस्ताव गरेका छन् : (क) कुनै निश्चित भौगोलिक क्षेत्रमा बस्ने मान्छे अर्को भौगोलिक क्षेत्रमा बस्ने मान्छेभन्दा उल्लेखनीय रूपमा भिन्न छन् भने संघीय स्वरूप अपनाउन सकिन्छ, (ख) लिजफर्टले अर्को अवधारणा सुझाएका छन्। यो अवधारणा बेल्जियम, नेदरल्यान्ड्स, स्वीट्जरल्यान्ड र अस्ट्रियाको जस्तो सहमतिमा आधारित वा समानुपातिक प्रजातन्त्रको अवधारणा हो जहाँ देशका प्रमुख सांस्कृतिक अथवा वैचारिक समूहका विशिष्ट वर्गको सहमतिका आधारमा राष्ट्रिय नीति बनाइन्छ।

**नेपालको सन्दर्भ**

नेपाललाई प्रायशः 'अल्पसंख्यकहरूको देश' भन्ने गरिन्छ जहाँको सबैभन्दा ठूलो जातीय समूह मानिएको छेत्रीको संख्या पनि कुल जनसंख्याको १६ प्रतिशत मात्रै छ। तर नेपालको सांस्कृतिक बहुलतालाई 'अन्तरसामुदायिक सद्भाव'को मिथकको सृजना गरेर दुई किसिमले अंकुश लगाइयो। पहिलो, संवत् १९१० मा लागू गरिएको नेपालको पहिलो मुलुकी ऐन थियो जसले नेपालका अनेकन् जातजातिलाई हिन्दू वर्णव्यवस्थाको सिद्धान्तअनुसार वर्गीकरण गर्‍यो। दोस्रो, पञ्चायतकाल (२०१७-२०४६) मा गरिएको राष्ट्र निर्माणको प्रयत्न थियो जति बेला राज्यले नेपाललाई अनेकतायुक्त देश भने पनि हिन्दू धर्म, हिन्दू राजा र नेपाली भाषालाई नेपाली राष्ट्रवादको 'प्रतीक' घोषणा गरेर सबै जातजातिलाई सम्मिलन गराउने र एक रूपमा ढाल्ने रणनीति अपनाइयो।

एकातिर, राष्ट्र निर्माणको त्यस अभियानले नेपालको सांस्कृतिक विविधतालाई होच्याउने काम गर्‍यो। अर्कातिर, देशमा विद्यमान संस्थागत र सङ्गठनात्मक बहुलतामाथि पनि रोक लगायो। लिम्बूहरूले अपनाउँदै आएका 'किपट' जस्ता जातीय भूमि व्यवस्थालाई मासेर देशभर एकै किसिमको भूमि व्यवस्था 'रैकर' प्रणाली अपनाइयो। यसैगरी, राजनीतिक क्षेत्रमा पञ्चायती व्यवस्थाले राजनीतिक दलहरूमाथि प्रतिबन्ध लगाएर सङ्गठित राजनीतिक गतिविधि र राजनीतिक विपक्षलाई निमिट्यान्न पारी राजनीतिक बहुलवादमाथि रोक लगाइयो।

नेपालको सन्दर्भमा चाखलाग्दो कुरा के छ भने बहुलवादी संस्था र सङ्गठनहरूमा रोक लगाउने कामका साथमा आदिवासी जनजाति, दलित र मधेसीलगायत मुलकका दुईतिहाइ नागरिकहरूलाई राष्ट्र निर्माणको अभियानबाट पाखा लगाइयो। परिणामस्वरूप, देशको जनसंख्यामा ३१ प्रतिशत स्थान मात्र ओगट्ने पहाडे हिन्दू उच्चजातका सम्भ्रान्तहरूले विधायिका, न्यायपालिका र संसद तथा उच्च प्रशासनिक ओहोदाको ७० प्रतिशत स्थान ओगट्ने स्थिति आयो। यसैगरी, प्रजातन्त्रको स्थापनापछि २०४७ सालमा निर्माण गरिएको संविधानले नेपाललाई 'बहुजातीय, बहुभाषिक' देश भनेर माने पनि सीमान्तीकृत समूहलाई भेदभाव गर्ने क्रम राज्यले जारी राख्यो। नेपाललाई हिन्दू अधिराज्य घोषणा गरियो, नेपालीलाई 'राष्ट्रभाषा' र सरकारी कामकाजको भाषा मानियो भने आदिवासीका भाषा र आदिवासी समूह तथा मधेसीको संस्कृतिप्रति राज्यबाट समान व्यवहार भएन। यसैगरी, जातीय दलहरूमाथि प्रतिबन्ध लगाइयो र अल्पसंख्यकका अधिकारलाई वास्ता गरिएन र तिनलाई संरक्षण गर्ने काम पनि भएन।

नेपालको सन्दर्भमा डिल्लीराम दाहालले तर्क गरेझैँ, "भाषा, धर्म, क्षेत्रीयता, अर्थतन्त्र र संस्कृतिका विषयमा भएका द्वन्द्वका सन्दर्भमा सांस्कृतिक पहिचानले राजनीतिक पहिचानको स्वरूप लिएको छ।" पञ्चायती व्यवस्थाको अन्त्य र २०४६ सालको जनआन्दोलनले नेपालका दुईवटा आधारभूत अन्यौललाई उजागर गऱ्यो– देशका सबै नागरिकलाई समान अधिकार र समान अवसर सुनिश्चित गर्नुका साथै सार्वजनिक जीवनका सबै पक्षमा आफ्नो सांस्कृतिक सम्पदा कायम राख्ने अल्पसंख्यकहरूको अधिकारको संरक्षण गर्नुपर्ने आवश्यकता। तर नेपालको राजनीतिक र सामाजिक प्रणालीमा विविध समूहलाई संलग्न गराएर राजनीतिक बहुलवादलाई प्रवर्द्धन गर्ने काममा प्रजातान्त्रिक कालमा थोरै मात्र उपलब्धि हासिल भयो। परिणामस्वरूप, अहिले नेपालले बृहत्तर समावेशीकरण सुनिश्चित गर्न सामाजिक, सांस्कृतिक र राजनीतिक अधिकारको माग गर्दै दलित, मधेसी र आदिवासी जनजातिले चलाएका आन्दोलनको मार खेपिरहेको छ।

समाजको विविधतालाई स्वीकार गर्नुका साथै पहिले सीमान्तीकृत समूहलाई राज्य प्रणालीमा व्यवस्थित ढङ्गले सामेल गराएर बहुलताको प्रवर्द्धन गर्नाका लागि सरकारले महिला र सीमान्तीकृत समुदायका लागि निजामती सेवामा आरक्षण, संविधानसभाको चुनावमा कोटा जस्ता विभिन्न उपाय अवलम्बन गर्ने कामको थालनी गरेको छ। यसबाहेक, संविधानसभाबाट नेपाललाई संघीय गणतन्त्र घोषणा गरिएबाट र समानुपातिक प्रतिनिधित्व हुने निर्वाचन प्रणाली अपनाएबाट नेपाललाई बढी समावेशी राज्य बनाउने सरकारको मनसाय रहेको देखिएको छ। तर, के कुरा पनि स्पष्ट छ भने २०६४ मा जनजाति र मधेसी समूहहरूसँग सम्झौता भए पनि यी उपायहरू नेपालका विविध सामाजिक, सांस्कृतिक, भाषिक र धार्मिक समूहका माग र गुनासा सम्बोधन गर्न खुला दिलबाट गरिएको प्रयास नभई उनीहरूलाई थामथुम पार्न चालिएका तात्कालिक कदम मात्र थिए। तराईमा फैलिएको हिंसा ठूलो साम्प्रदायिक हिंसामा परिणत हुने खतरा छ। नेपालको विविधताप्रति सरकार उदासीन रहनाको परिणाम हो यो। •

# संघीय राज्य/संघवाद

कृष्ण खनाल

### संघीय राज्य भनेको के हो ?

सामान्य अर्थमा संघ भनेको समान स्वार्थ र नियति बोकेका विभिन्न एकाईहरूको छाता संगठन भनेर बुझिन्छ। यो धेरै किसिमका हुन सक्छन्। मजदूर, उद्योगपति, व्यापारी, शिक्षक, विद्यार्थी, जाति/जनजातिलगायत सबै किसिमका पेसा, व्यवसाय, मत/मतावलम्बीहरूको आ-आफ्ना संघ वा महासंघ छन्। तर यहाँ चर्चा गर्न खोजिएको त्यस्तो खालको संघ होइन, राज्यको हो। यद्यपि संघीय मान्यता र सिद्धान्त त्यहाँ पनि हुन्छ। राजनीतिशास्त्रमा संघीयता वा संघवाद (Federalism) भन्ने शव्दावली धेरै पुरानो हो। संघीय राज्य अर्थात् राज्यहरूको संघ (Federation of States) भन्नाले हामी त्यस्तो देशलाई बुझ्दछौं जहाँ एउटै अन्तर्राष्ट्रिय सीमाक्षेत्रभित्र राजनीतिक शक्तिलाई दुई अलग तर स्वायत्त तहमा बाँडिएको हुन्छ र दुवैले त्यहाँका जनतामाथि प्रत्यक्ष रूपमा शासनाधिकार राख्दछन्। यसका बावजूद त्यसले आफूलाई एउटा सिङ्गो राज्यका रूपमा दावी गरेको हुन्छ र सो अनुसार अन्तर्राष्ट्रिय समुदायमा मान्यता पनि पाएको हुन्छ।

परम्परागत अर्थमा संघीय राज्य भनेको निश्चित भौगोलिक सीमा र क्षेत्रभित्रका जनसमुदायमा शासन संचालनका लागि करीव करीव स्वतन्त्र र समानान्तर हैसियतका द्वैध संरचनामा शक्ति र कार्यक्षेत्रको विभाजन गर्नु हो। यो विभाजन मुख्यतः केन्द्र र एकाईगरी दुई तहमा हुन्छ। केन्द्रलाई संघ र एकाइलाई राज्य, प्रान्त, प्रदेश वा अन्य उपयुक्त नामले संबोधन गरिन्छ। केन्द्रको कार्यक्षेत्र देशव्यापी रूपमा हुन्छ। केन्द्रले समग्ररुपमा त्यस देशलाई अन्तर्राष्ट्रिय तहमा प्रतिनिधित्व गर्दछ। तर प्रदेशहरूको कार्यक्षेत्र आ-आफ्नो प्रदेशका भू-भागमा मात्र सीमित हुन्छ। उनीहरूको स्पष्ट भौगोलिक सीमाना हुन्छ, स्वशासन हुन्छ, जसलाई संघ वा प्रदेश कसैले पनि एकपक्षीयरुपमा परिवर्तन गर्न पाउँदैन। यसैगरी उनीहरूको शक्ति, कामकर्तब्य र अधिकारलाई पनि संविधानले नै छुट्याइदिएको हुन्छ। त्यसलाई पनि एकपक्षीय रूपमा फेरबदल गर्न सकिन्न। तथापि संघीयराज्य भनेको एकाईगत स्वशासन मात्र होइन केन्द्र र प्रदेशबीच साझेदारीको शासन पद्धति पनि हो।

प्राचीन ग्रीसमा पनि बोइटिएन लीग, आचिएन लीग, लिसियन लीग जस्ता नगरराज्यहरूको संघ अस्तित्वमा रहेका उदाहरणहरू भेटिन्छन्। तर यो पद्धति र अभ्यासले पछिसम्म स्थीरता र निरन्तरता पाउन सकेन। तसर्थ आधुनिक अर्थमा संघीय राज्यको सिद्धान्त र पद्धतिको विकास संयुक्त राज्य अमेरिकाको निर्माणसंगै भएको हो। संयुक्त राज्य अमेरिका र स्वीजरल्याण्ड संघीय राज्य पद्धति अपनाउने सबैभन्दा पुराना मुलुकहरू हुन्।

संघीय राज्यसंरचनाले भौगोलिकरुपमा विस्तारित, भाषिक/साँस्कृति एवं जातिगतरुपमा भिन्न तर कतिपय ऐतिहासिक र वस्तुगत कारणले गर्दा समान नियति भएका जनसमुदायलाई साझा राष्ट्रिय राजनीतिक पहिचानसहितको शासनव्यवस्थामा बस्न उत्प्रेरित गर्छ र सहज बनाउँछ। यसबाट विविधताका बावजूद सबै समुदाय र समूहहरूमा राष्ट्रिय एकताको भावना अभिवृद्धि हुन्छ। आन्तरिकरुपमा बहुतहको अत्यधिक विविधता भएका देशहरू जस्तै भारत, स्वीट्जरल्याण्ड, दक्षिण अफ्रिका, आदि देशहरूमा संघीय पद्धतिले राष्ट्रिय एकतालाई फराकिलो तर सुदृढ बनाएको छ भन्न सकिन्छ। क्यानाडा जस्तो देश जहाँ अंग्रेजी र फ्रेञ्चगरी दुई भाषा र संस्कृतिको गहिरो विभाजन छ, त्यहाँ पनि संघीय शासन पद्धति नै यस्तो माध्यम हो जसले क्यानाडेली राष्ट्रिय एकतालाई जोगाएर राख्न सफल भएको छ।

### संघीय राज्यको सिद्धान्त र अभ्यास

विश्वमा संघीय राज्यहरू संख्याका हिसाबले कम छन्। संयुक्त राष्ट्रसंघको वर्तमान १९२ सदस्य राष्ट्रहरूमध्ये जम्माजम्मी २७ देशको शासन संरचनालाई संघीय भनेर बर्गीकरण गर्न सकिन्छ। तथापि अन्य कतिपय देशहरूमा विकसित हुन लागेको शासन संरचनालाई हेर्दा संघीय व्यवस्था भएका देशहरूको संख्या केही बढी पनि हुन सक्छ। यस बाहेक विश्वका अधिकांश देशहरूमा एकात्मक राज्यप्रणाली नै छ। तर देशका हिसाबले संख्यामा कम भए संघीय राज्यप्रणालीले विश्व जनसंख्याको ४० प्रतिशत भन्दा

बढी भाग प्रतिनिधित्व गर्दछ। यसको मुख्य कारण हो ठूला देशहरू जस्तै भारत, अमेरिका, अष्ट्रेलिया, रुस, दक्षिण अफ्रिका, जर्मनी, आदिमा संघीय प्रणाली छ।

संघीयराज्यको संरचना पनि सबै देशहरूमा समान खालको छैन। कहिं आन्तरिक स्वतन्त्रताको मात्रा अत्यधिक छ भने कहिं एक दमै कम छ। साथै कतिपय सन्दर्भमा केन्द्रले हस्तक्षेप पनि गर्न सक्छ। त्यस्तो मुलुकलाई अर्धसंघात्मक भन्ने पनि गरिन्छ। भारत, पाकिस्तान, मलेसिया, आदि देशहरू यही कोटीमा पर्दछन्। संघीय राज्यहरूमा समान्यतया संघ र संघीय प्रदेशको अलग अलग संविधान हुने गर्छ। संयुक्त राज्य अमेरिका, स्वीजरल्याण्ड, क्यानाडा, अस्ट्रिया, अस्ट्रेलिया, रुस, दक्षिण अफ्रिका, आदि देशहरूमा संघ र संघीय प्रदेशहरूका लागि बेग्लाबेग्लै संविधान छन्। तर भारत, पाकिस्तान, मलेसिया, स्पेन, बेल्जियम, लगायतका कतिपय देशहरूमा एकीकृत संविधानमा नै संघ र संघीय प्रदेशहरूको संरचना गरिएको छ।

संघीय राज्यप्रणाली भएका देशहरू भू-आकार, जनसंख्या, आर्थिक विकासलगायत कुनै पनि मापदण्डका हिसाबले समान छैनन्। समान्यतया ठूलो भू-भाग भएका अधिकाँश देशहरू रुस अस्ट्रेलिया, अमेरिका, भारत, ब्राजिलले संघीय प्रणाली अपनाएका छन् भने अर्कातर्फ विश्वकै सर्वाधिक साना मुलुकहरू सेन्ट किटस एण्ड नेभिस, माइक्रोनेसिया, कोमोरस जस्ता ससाना देशहरूले पनि संघीय राज्यप्रणाली अपनाएका छन्। सेन्ट किटस एण्ड नेभिस संघीय राज्यप्रणाली अपनाएको त्यस्तो देश हो जसको कूल क्षेत्रफल जम्मा २६१ वर्ग किलोमिटर मात्र छ र जनसंख्या मुस्किलले ४३ हजार पुग्छ। यसको विपरित विश्वमै सबभन्दा बढी जनसंख्या भएको भू-आकारमा पनि चौथो ठूलो देश मानिने चीनमा एकात्मक राज्यप्रणाली छ। एकात्मक प्रणाली भए तापनि चीन र बेलायतमा क्षेत्रीय र बहुतहमा राज्यसंरचनाको विस्तार भएको छ। यस्तै गरी विश्वका सबैभन्दा कम विकसित देश जस्तै इथोपियालगायत र सर्वाधिक विकसित स्वीजरल्याण्ड, संयुक्त राज्य अमेरिका जस्ता धनी र गरिव दुबै थरी देशहरूमा संघीय प्रणालीको अभ्यास भएको पाइन्छ। त्यसकारण संघीय राज्य भनेको सम्बन्धित देशको आवश्यकताको उपज हो, त्यसको आकार प्रकार वा आर्थिक अवस्थाको परिणाम होइन।

विश्वमा संघीय राज्यहरूको निर्माण दुई किसिमबाट भएको पाइन्छ। पहिलो, माथि भनिए झैं स्वतन्त्र राज्यहरूले आपसमा समझदारी, संझौता वा सन्धि गरेर संघको निर्माण गर्दछन्। यसलाई राज्यहरू सँगै आउने विधि पनि भनिन्छ। संयुक्त राज्य अमेरिका, स्वीट्जरल्याण्ड, अस्ट्रेलिया लगायत पुराना संघीय राज्यहरूको निर्माण यसैगरी भएको पाइन्छ। रुसी संघ पनि संगै आउने विधि अन्तर्गत निर्माण भएको मान्न सकिन्छ। खासगरेर जारशाहीको समाप्तिपछि रुसका बहुजातीय, बहुभाषिक एवं बहुसाँस्कृतिक समुदायहरूलाई सोभियत पद्धतिमा समाहित गर्न लेनिनले आत्मनिर्णयको अधिकारसहित राष्ट्रिय मुक्तिको सिद्धान्त प्रतिपादन गरेका थिए। लेनिनको नेतृत्वमा रुसमा कम्युनिस्ट शासन लागू भएपछि यसै सिद्धान्तका आधारमा १४ वटा संघीय गणराज्यसहित अहिलेका रुसी राज्यहरूको सोभियत संघ गठन भएको हो। जब सोभियत कम्युनिस्ट पार्टीको दवदवा र नियन्त्रण कमजोर भयो तब सन् १९९१ मा सोभियत संघ तासको घर जस्तै ढल्यो र यसका निर्मातृ १४ गणराज्यहरू अलग थलग भए। तथापि त्यसपछिको संबिधानले पनि वर्तमान रुसी संघलाई यसका निर्मातृ गणराज्य र प्रदेशहरूले आत्मनिर्णयको अधिकार अभ्यास गरेर निर्माण गरेको दाबी गरेको छ।

संघीय राज्य निमार्णको अर्को विधि भनेको पहिले एउटै एकाईकारुपमा शासित हुँदै आएको राज्यलाई विभिन्न उप-इकाईहरूमा विभाजन गरी अधिकारको वितरण गरिन्छ र शासनको नयाँ संरचना खडा गरिन्छ। भारत, बेल्जियम, स्पेन, अष्ट्रिया, आदि देशहरूको संघीय संरचना यस विधि अन्तर्गत भएको हो। खासगरेर जनजातीय, भाषिक, सांस्कृति एवं भौगालिक क्षेत्रीय विविधता व्यापक भएका देशहरूमा यस प्रकार संघीय संरचना निर्माण हुने क्रम अहिले पनि जारी छ। विविधता धेरै भएको राज्यलाई सँगै राख्ने वा थेग्ने उपयुक्त विधिकारुपमा यसलाई लिने गरिन्छ। विधि जुनसूकै भए पनि संघीय राज्यमा जानु पर्ने मुख्य आधार भनेको जातिगत, भाषिक एवं भौगोलिक विविधताबीच राज्यलाई विखण्डन हुनबाट जोगाउने एउटा महत्वपूर्ण लोकतान्त्रिक उपायकारुपमा संघीय राज्य संरचनालाई लिन सकिन्छ। तथापि विविध शासकिय एकाईको ऐतिहासिक सन्दर्भ र उपस्थिति भने संघीय राज्यमा प्रवेश गर्न सजिलो एवं टड्कारो आधार हो। एकात्मक राज्यलाई संघीयराज्यमा बदल्ने भनेको सबैभन्दा पहिले त्यहाँको भू-क्षेत्रलाई राजनीतिक खण्डीकरण गरेर स्वशासनका लागि संघीय प्रदेशहरूको निर्माण गर्ने हो। संघीय प्रदेशको भू-क्षेत्र निर्धारण गर्दा जनसमुदायको जातिगत, भाषिक एवं साँस्कृतिक सघनताले सर्वाधिक प्राथमिकता पाएको हुन्छ। यीनै प्रदेशहरूको उपल्लो राजनीतिक संरचनाको रुपमा संघ बन्दछ। संविधानलाई त्यस संघ अन्तर्गतका प्रदेश र जनताको आपसी संझौताको दस्तावेजकारुपमा लिइन्छ।

संघीय संरचनामा प्रवेश गरिसकेपछि यसका निर्मातृ एकाईहरूको विश्व समुदायमा अलग अस्तित्व रहँदैन। नयाँ बनेको केन्द्रीय

एकाइको नामबाटै उनीहरू पनि चिनिन्छ र विश्व समुदायमा त्यही पहिचानले मान्यता पाउँछ। जस्तो संयुक्त राज्य अमेरिका वा स्वीट्जरल्याण्ड भित्रका अन्य राज्य वा क्यान्टोनको, केही अपवाद बाहेक (जस्तो पूर्व सोभियत संघमा आवद्ध भएर पनि बेलारुस र युक्रेन संयुक्त राष्ट्रसंघको सदस्य थिए। त्यस्तै कतिपय अमेरिकी राज्य र क्यानाडेली प्रान्तहरूले अहिले पनि विश्वका अन्य देश/प्रदेश, सहरहरूसँग व्यापारिक एवं साँस्कृतिक सम्बन्ध राख्दै आएका छन्) उनीहरूको विश्व समुदायसँग स्वतन्त्र र प्रत्यक्ष सम्पर्क हुँदैन। यसरी संघ निर्माण गर्दा यसका निर्मातृ एकाइ अर्थात् राज्यहरूले आफ्नो स्वतन्त्रतालाई पुरै समर्पण गरेका हुन्नन्। खासगरेर बाहिरी पहिचान सामुहिक हुन्छ भने आन्तरिकरुपमा पुराना पहिचानलाई सुरक्षित राखिएको हुन्छ। सामान्यतया, साझा मुद्रा, प्रतिरक्षा र परराष्ट्र नीति केन्द्र अन्तर्गत पर्दछन्। बाँकी कुराहरूमा संविधानमा व्यवस्था भए अनुसार आफ्नो शासन व्यवस्था आफैं सञ्चालन गर्न संघीय प्रदेशहरू स्वतन्त्र रहन्छन्।

नेपाली समाज र राष्ट्रको निर्मातृ तत्व विविधतापूर्ण छ। अर्थात् यहाँका मानिसहरू जात/जाति, भाषा, धर्म, संस्कृति, आदिका हिसाबले फरक फरक समुदायका छन्। विविध जाति, भाषा, क्षेत्र र समुदायमा विस्तारित नेपाली जनताको राज्यसंरचनामा पहिचान र पुहँचको आकाँक्षा अहिले अत्यधिकरुपमा प्रकट भएको छ। लोकतन्त्रले यस चाहनालाई जायज मान्दछ र त्यसका लागि उपयुक्त राज्यसंरचनाको माग गर्दछ। नेपालका सन्दर्भमा यो चाहना कहिले भाषिक स्वतन्त्रता, कहिले जातीय आधारमा माथिल्लो सदनको गठन, कहिले समानुपातिक प्रतिनिधित्व र आरक्षण, आदि विभिन्नरुपमा २००७ सालदेखि नै प्रकट हुँदै आएको छ। नेपाली जनताको जातीय, भाषिक एवं साँस्कृतिक निकटता र पहिचानलाई समेट्ने गरी प्रदेशहरूको निर्माण र तदनुरुप स्वायत्त राजनीतिक संरचनाको गठन अबको आवश्यकता हो।

संघीयतामा जानु पर्ने दोस्रो कारण लोकतन्त्रको जनस्तरमा विस्तार र अभ्यासका लागि हो। संघीय राज्य पद्धतिमा लोकतन्त्रको अधिकतम अभ्यासको संभावना हुन्छ। केन्द्रीकृत राज्यसंरचना लोकतान्त्रिक बन्न सक्तैन। केन्द्रले गर्ने अलोकतान्त्रिक नियन्त्रण, निर्णय र हस्तक्षेपबाट मुक्तिका लागि बहुतहका राजनीतिक संरचनाहरू आवश्यक पर्छन्। बहुतहमा राज्यको लोकतान्त्रिक संरचना उपलब्ध हुने पद्धति संघीय प्रणाली नै हो। २०५९ जेठमा तत्कालीन प्रधानमन्त्री शेर बहादुर देउवाले प्रतिनिधिसभा विघटन गरेको लगत्तैपछि नेपालको राज्यसंरचना एकैपटक तलदेखि माथिसम्म प्रतिनिधिविहीन बन्न पुगेको थियो। यसैको पृष्ठभूमिमा शाही निरङ्कूशताको पुनरुत्थान भयो। यदि प्रादेसिक तहमापनि लोकतान्त्रिक संरचना भएको भए शायद् यस्तो अवस्थालाई रोक्न सकिन्थ्यो। संसद विघटन गरेर चुनावमा जाने प्रावधान त भोली पनि रहला। तर संघीय संरचना अपनाउने हो भने केन्द्रीय संसद विघटन हुँदैमा सिङ्गो मुलुक नै निर्वाचित प्रचिनिधिविहीन हुने अवस्था आउँदैन।

तेस्रो, सबै कुरा काठमाडौँमा नै केन्द्रीत हुँदा हाम्रो विकासप्रकृया मात्र असन्तुलित भएको होइन, त्यसले समग्र राजनीति र शासनव्यवस्थालाई पनि भ्रष्टाचारमुखी हुन सजिलो बनाएको छ। २००७ सालदेखि अहिलेसम्म नेपाली राजनीति र प्रशासनको केन्द्रीय तहमा पुगेका मानिसहरू एकाध अपवादलाई छाडेर सबैको पहिलो प्रथमिकता नै काठमाडौँमा घरजम गर्नेतर्फ केन्द्रित हुने गरेको छ। यसो हुनुमा वर्तमान राज्यसत्ताको स्वरुपले सिर्जना गरेको उनीहरूको बाध्यता पनि हो। व्यक्तित्व विकास र जीवनको अवसर एवं सुविधाहरू जस्तै राम्रो शिक्षा, स्वास्थ्य सुविधा, रोजगारी र व्यवसायका अवसर, आदि सबै काठमाडौंमा नै केन्द्रीत छन्। संघीय शासन प्रणालीले त्यस्तो सुविधा र अवसरलाई प्रादेसिक सहर र राजधानीहरूमा विस्तारित गर्ने अपेक्षा गरिन्छ। यसले सबैलाई काठमाडौं आउनु पर्ने बध्यता र चापलाई घटाउंछ।

संघीय राज्यसंरचनामा विकासका लागि आन्तरिक प्रतिस्पर्धाको वातावरण बन्ने अपेक्षा गर्न सकिन्छ। यसले आन्तरिक स्रोत साधनको खोजीका साथै त्यसको अधिकतम उपयोगको संभावनालाई बढाउन सक्छ। वास्तवमा हाम्रो गरिवी र अविकासको जड केन्द्र आश्रित प्रबृत्ति हो। विदेशी परमर्शमा काठमाडौंमा बन्ने योजनाले न विकास प्रक्रियालाई तिब्रता दिन सकेको छ, न जनतालाई न्यायपूर्ण प्रतिफल नै। आर्थिक दृष्टिकोणले संघीय प्रणाली बढी खर्चिलो मानिन्छ। दुई तहको राज्यप्रणाली संचालन गर्दा राजनीतिक र प्रशासनिक खर्च केही बढी हुनु स्वभाविकै हो। तर यसबाट मुलुकमा आर्थिक विकासको अवसर बढ्ने संभावना छ भने राजनीतिक र प्रशासनिक तहमा केही खर्च बढाउनु लगानीका हिसाबले पनि फायदाजनक नै कुरा हो। संघीय प्रदेशमा जाँदैमा विकासले गति पक्डिहाल्ने कुरा पनि होइन। संघीयताको औचित्य स्वायत्तता र स्वतन्त्रतामा हुन्छ। विकासका लागि यी दुवै कुरा अत्यावश्यक छन्। यसका लागि भोलि हामीले निर्माण गर्ने संघीय पद्धति र राजनीतिक संस्कार पनि उत्तिकै जिम्मेवार पक्ष हुने छन्।

## संघीय राज्यको सम्भावित स्वरूप

यो प्रश्न नेपालको भावी संघीय स्वरुपका सन्दर्भमा सबैभन्दा चुनौतीपूर्ण र संवेदनशील छ। नेपाललाई संघीय राज्यप्रणालीमा बदल्ने भनेको यही भू-भाग र जनसमुदायबाट संघीय प्रदेश निर्माण

गर्ने र त्यसको केन्द्रीय स्वरुप संघीय बनाउने भनेको हो । अमेरिका, स्वीट्जरल्याण्ड वा अस्ट्रेलिया जस्तो यहाँ पहिलेदेखि नै विद्यमान स्वशासित प्रदेश वा एकाईहरू कायम रहेको अवस्था छैन । त्यसैले हाम्रो सन्दर्भमा संघीय राज्य भनेको पृथक अस्तित्वमा रहेका राज्यहरू मिलेर संघको निमार्ण गर्ने होइन । २३८ वर्षभन्दा लामो समयदेखि कायम रहेको एकात्मक संरचनालाई विभिन्न स्वशासित राजनीतिक/प्रशासनिक एकाईमा विभाजन गरी त्यसको केन्द्रीय संघ बनाउने हो । तर यो बनाउने कसरी ? यो सर्वाधिक अहम् सवालका रूपमा उपस्थित छ ।

नेपालमा संघीय प्रदेश निर्माणको प्रारम्भिक आधारहरू निम्न हुन सक्छन् ।

१. राष्ट्रिय एकता
२. समान नागरिकता
३ जनसंख्याको जातीय, भाषिक एवं साँस्कृतिक सघनता
४. भू-क्षेत्रको निरन्तरता र सुगमता
५. प्राकृतिक स्रोत साधन र आर्थिक संभाव्यता
६. पारस्पारिक अन्तर्निभरता
७. राजनीतिक एवं प्रशासनिक संभाव्यता

जातीय आधारमा मात्र नेपालमा संघीय प्रदेशको रचना व्यावहारिक देखिन्न । ५९ जनजाति र करीव त्यतिनै संख्यामा वर्णव्यवस्थाभित्रका जातहरू प्रत्येकका लागि अलग अलग स्वशासित प्रदेश संभव छैन । केही प्रमुख ठूला जातीय समुदाय वा न्यूनतम समानता भएका जातिहरूको समूह ९ऋगिकतभच० का आधारमा प्रदेश निर्माण गर्ने एउटा विकल्प हुन सक्छ । तथापि अरू धेरै समुदायहरू यसबाट बाहिरिने संभावना रहि नै रहन्छ । त्यसकारण संघीय प्रदेशमा पनि बहुजाति, बहुभाषा र बहुसंस्कृतिको उपस्थिति कायम नै रहने देखिन्छ । यदि स्वायत्तता र संघीयताका बारेमा हाम्रो बुझाई जातीय मात्र हो भने राज्यको औचित्य रहन्न । यसको विघटन गरी जात/जातिको संघ महासंघमा आधारित शासन संरचनामा प्रवेश गर्नु पर्‍यो । अर्को कुरा अहिले नै नेपाल सबै कुराको पूर्ण तयारीको संघीय राज्य बन्छ भन्ने पनि जरुरी छैन । संघीयतामा प्रवेश गरेर आउने दिनहरूमा यसको विकास गर्नु जरुरी छ । अहिले बनाइने प्रदेशहरूको पुनर्गठन र पुनर्संरचनालाई खुला राख्नु पर्छ जसबाट भोलि परिवर्तन गर्न खोज्दा सहज होस् ।

नेपालमा संघीय प्रदेश बनाउँदा भाषा, संस्कृति र जातीयताको हिसाबले केही मिश्रितपनलाई नकार्न सकिन्न । मिश्रितपनले संघीय प्रदेशको राजनीतिलगायतका विषयहरूमा फेरि पनि केही जात/जाति, खासगरेर बाहुन क्षेत्री कै प्रभूत्व हावी हुने हो कि भन्ने आसंका रहन सक्छ । त्यस्तै मधेसमा पहाडेकै बर्चस्व कायम रहने आसंका मधेसी समुदायमा हुन सक्छ । तर यसको समाधान माओवादी वा अन्य केही संघ/संगठनहरूले भनेजस्तो राजनीतिमा जातीय अग्राधिकारको व्यवस्था गरेर पनि हुँदैन । यसले लोकलान्त्रिक मूल्यलाई खण्डित गर्दछ । यसको समाधान प्रतिनिधित्व र सत्तासाझेदारीका अन्य लोकतान्त्रिक विधिबाट खोज्नु पर्छ । यसका लागि 'जित्नेले सबै लिने' को सट्टा समानुपातिक प्रतिनिधित्व र सत्तासाझेदारीको शासन संरचना बनाउन सकिन्छ ।

केन्द्र र प्रदेशको अधिकार एवं कार्यक्षेत्रलाई पनि संविधानले प्रष्टसंग छुट्याइदिनु पर्छ । सामान्यतया केन्द्रमा रक्षा, परराष्ट्र सम्बन्ध र मुद्रा रहने भए पनि ठुला जलस्रोत, जल विद्युत, उर्जा, राजमार्ग लगायत कतिपय कुराहरू नेपालका सन्दर्भमा केन्द्रमा रहनु उचित हुन्छ । प्राकृतिक स्रोत, भन्सार, राजस्व, आयकरको वर्गीकरण गरी केन्द्र र प्रदेशका बीच कसरी बाडफाँड गर्ने कुरा पनि प्रष्ट हुनु जरुरी छ । संघयि संरचनामा प्रबेश गरेपछि नेपालको द्वन्द्व बढी प्राकृतिक स्रोतको बाडफाँडमा केन्द्रीत हुने स्वभाविक छ । तसर्थ संघीय संरचनाको निर्माण गर्दा यस कुरालाई पनि राम्ररी ध्यान दिनु आवश्यक हुन्छ ।

**संघीय राज्यसंरचनामा प्रवेश गर्ने कसरी ?**

संघीयराज्यसंरचनामा प्रवेश गर्नका लागि हामीले निश्चितरुपमा केही चरणहरू पार गर्नु जरुरी छ । सबैभन्दा पहिला त, अन्तरिम संविधानमा उल्लेख गरिएको राज्य पुनर्संरचना आयोग बन्नु पर्‍यो । यो आयोग साँच्चै विज्ञहरूको हुनु पर्छ । पार्टीगत प्रतिनिधित्व यसमा आवश्यक छैन । यसले नयाँ सर्वेक्षणसहित नेपालको जनसंख्या, भूगोल, जाति, भाषा, संस्कृति, अर्थ, प्राकृतिक स्रोतसाधन, ऐतिहासिक परंपरा र राजनीतिक आकाँक्षाहरू समेतको पृष्ठभूमि र संघीयताको विश्व अभ्यास र अनुभवसमेतलाई दृष्टिगतगरी नेपालका लागि उपयुक्त खाका, कार्यक्षेत्र र अधिकारसहित संघीय प्रदेशको सुझाव दिन सक्छ ।

दोस्रो चरण भनेको संविधानसभाको चुनाव हो । संविधानसभाको चुनावबाट राजनीतिक दलहरूले संघात्मक राज्यसंरचनाका पक्षमा जनताबाट प्रष्ट जनादेश लिनु जरुरी छ । संघीय राज्य अब कुनै एक वा दुई पार्टीको माग वा प्राथमिकताको विषय मात्र होइन । दीर्घकालीन राष्ट्रिय गन्तव्यकारुपमा यो आएको छ । त्यसकारण यसका बारेमा स्पष्ट राष्ट्रिय सहमति बन्नु जरुरी छ । संविधान निर्माणको प्रक्रिया र संघीय रुपान्तरण परस्पर जोडिएको कुरा हो । तेस्रो चरण भनेको संविधानबाटै प्रदेश र केन्द्रको कार्यक्षेत्र,

अधिकार र जिम्मेवारीको निरुपण एवं हस्तान्तरण गर्ने हो। चौथो चरण भनेको संघीय संरचनाको कार्यान्वयनका लागि कतिपय नयाँ कानूनको निर्माण र भैरहेकामा संशोधन आवश्यक हुन्छ। पाचौं चरणका रूपमा राजनीतिक प्रशासनिक संक्रमणकाल आउन सक्छ। किनकि, संघीय राज्यमा जानेवित्तकै रातारात संघीय प्रदेश राजनीतिक तथा प्रशासनिकरुपमा पूर्ण एकाई बन्न सक्तैन। संविधानको निर्माण र घोषणापछि पनि संविधानसभाले संघीय प्रदेशहरूमा निर्वाचन नभएसम्म केन्द्रीय व्यवस्थापिकाको रूपमा काम गर्नु जरुरी हुन्छ। त्यस पछि मात्र केन्द्रीय व्यवस्थापिकाको चुनाव गर्नु उचित हुन्छ।

### संघीयताका केही सम्भाव्य परिणतिहरू

संघीय संरचनामा प्रवेश गरेपछि नेपाली राजनीति र व्यवहारमा सकारात्मक र नकारात्मक दुवै किसिमका परिणामहरू आउने निश्चित छ। ती परिणामहरू सामान्यतया निम्न प्रकृतिको हुन सक्छ।

१. नेपाली राव्यसत्ताको आधारशीला क्षेत्रीयतहमा विस्तारित हुनेछ जसबाट प्रमुख जाति/जनजाति समूहहरूको चाहना र आकाँक्षा सम्बोधित हुनसक्छ।
२. नेपाली राष्ट्र र राज्यकाप्रति स्वामीत्व बोधको भावना बढ्न सक्छ।
३. विकास प्रक्रियाले तिब्रता पाउन सक्छ।
४. राष्ट्रिय स्तरका राजनीतिक दलहरूको भूमिका घट्न सक्छ र क्षेत्रीय दलहरूको भूमिका बढ्न सक्छ।
५. संघीय संरचनामा केन्द्र कमजोर नै रहन्छ भन्ने जरुरी छैन। राज्यको केन्द्रीय भूमिका केन्द्रले नै खेल्छ।
६. राजनीतिमा जातिवाद र क्षेत्रवाद हावी हुन सक्छ र समाजको तन्तु एवं सौहार्द्रतामाथि प्रतिकूल असर पर्न सक्छ।
७. नागरिकको अन्तरप्रादेसिक गतीशीलता प्रभावित हुन सक्छ।

अन्त्यमा, नेपालमा संघीय गणराज्यको आधार र संभावनाहरू मौजूद छन्। यसका धेरै सकारात्मक पक्षहरू पनि छन्। जनतामा लोकतन्त्रकाप्रति दह्रो आस्था र विश्वास पनि छ। तर संघीय राज्य नै सबै कुराको औषधि चाहीँ होइन। संघीयताको कार्यान्वयनका लागि राजनीतिक नेतृत्व तहमा लोकतान्त्रिक मूल्य पद्धतिप्रति गहीरो आस्था आवश्यक पर्छ। तदनुरुप राजनीतिक संस्कार पनि यसले खोज्दछ। नेपालमा लोकतन्त्रका बारेमा पार्टीहरू कै बीचमा सैद्धान्तिक मतभेद छ। साम्यवादी दार्सनिक आग्रह र अभिमूख अत्यधिक छ। संघीयतामा प्रवेश गर्नका लागि सबैभन्दा ठूलो भर र विश्वास राजनीतिक नेतृत्वप्रति हुन्छ। संघीयतामा प्रवेशसँगै राजनीतिक नेतृत्वमा पनि परिवर्तन अपेक्षित छ। संघीयताले बहुतहको राजनीतिक नेतृत्व संरचना पनि तयार गर्दछ। यो एउटा भरलाग्दो संभावना पनि हो। •

### सन्दर्भसामग्री

*नेपाली*

आचार्य, नरहरि र कृष्ण खनाल। वि.सं. २०६३। *राज्यको पुनर्संरचना*। काठमाडौंः लोकतान्त्रिक गणराज्य नेपालका लागि काङ्ग्रेस अभियान।
कँडेल, पुष्पराज। वि.सं. २०६३। *राज्यको पुनःसंरचना – अर्थराजनीतिक सन्दर्भ र संघीयताको प्रश्न*। काठमाडौं, एसिया पब्लिकेसन्स्।
खनाल, कृष्ण। वि.सं. २०६१। *राज्यको पुनर्संरचना - एक प्रस्ताव*। ललितपुरः नेपाल समसमयिक अध्ययन केन्द्र।
न्यौपाने, गाविन्द। सन् २०००। *नेपालको जातीय प्रश्न - सामाजिक बनोट र साझेदारीको प्रश्न*। काठमाडौंः सेन्टर फर डेभलोपमेन्ट।
पोखरेल, शंकर। वि.सं. २०६३। *संविधानसभा, राज्यको पुनर्संरचना र समावेशी लोकतन्त्र*। काठमाडौँः नेपाल ट्रेड युनियन महासंघ।
तामाङ, सीताराम। वि.सं. २०६३। *नेपालको सन्दर्भमा राज्यको पुनर्संरचना*। काठमाडौंः समानता प्रकाशन।

*अंग्रेजी*

Bachler, Gunther. 1997. *Federalisn Against Ethnicity*. Zurich: Verlag Ruegger.
Dikshit, Ramesh Dutta. 1975. *The Political Geography of Federalism – An inquiry into Origin and Stability*. New Delhi: The Macmillan Co. India.
Duchacek, Ivo D. 1970. *Comparative Federalism - The Territorial Dimension of Politics*. New York: Holt, Rinehart and Winston, Inc.
Khanal, Krishna P. 2003. "Ethnicity and Autonomy – Federal agenda for remaking the constitution", A paper presented at a seminar on the 'Agenda of Transformation Inclusion in Nepali Democracy' organized by Social Science Baha. Kathmandu April 24-26.
Lawoti, Mahendra, *Towards a Democratic Nepal*, Kathmandu: Madala Book Point.
Linder, Wolf. 1998. *Swiss Democracy Possible Solutions to Conflict in Multicultural Societies*, *second edition*. New York: Palgrave Macmillan.

# सैन्यवाद

ध्रुवकुमार

सैन्यवाद भनेको शासकले राज्यसँग राख्ने सम्बन्धको वैचारिक पक्ष हो जहाँ नागरिक शासनभन्दा सैनिकको संस्थागत सर्वोच्चता कायम रहेको हुन्छ। सामान्यतः यसलाई सेना र युद्ध संचालन सम्बन्धी काम, परम्परा र विचारहरूको सामूहिक स्वरुप भन्ने बुझिन्छ। सैन्यवाद ऐतिहासिक रुपमा राज्यमा सेनाको भूमिका र काम, राज्य विस्तार, राज्यको सिमा सुरक्षा र राज्यको भूभागको सुरक्षासँग जोडिएको हुन्छ।

सैन्यवादलाई धेरै किसिमले व्याख्या गरिएको छ। मार्क्सवादी विद्वानहरूले सैन्यवादलाई विशेषरुपमा पुँजीवादको विकाससँग जोडेर हेर्ने गरेका छन्। रोसा लक्जेमवर्गको दृष्टिमा सैन्यवाद शक्तिका लागि साधन जम्मा गर्ने पुँजीवादसँग जोडिएको आधारभुत कुरा हो  र सैन्यवादको बलमा साम्राज्यवाद मार्फत पुँजीवादको विस्तार हुन्छ। पुँजीवादको उच्चतम चरणमा सैन्यवादले शासक वर्गको विस्तारवादी स्वार्थको रक्षा गर्ने हुनाले लेनिनको सिद्धान्तबमोजिम सैनिक बलमा पुँजीको संग्रह र शक्ति प्राप्त गर्नु साम्राज्यवादको अभीष्ट हो। तर रोजा लक्जेमवर्गले सैन्यवाद कार्यात्मक पक्ष पुँजीवादको आर्थिक आधारसित घनिष्ठ रूपमा जोडिएको हुन्छ भनेकी छन्। अधिनस्थ देशहरूबाट पुँजी र श्रम संग्रह गर्नका लागि विस्तारवादी नीतिको एक अङ्गका रुपमा सैन्यवादको प्रयोग गरिन्छ।

सैन्यवादका सन्दर्भमा पुँजीका बारेमा लक्जेमवर्गको मान्यता निर्विवाद छैन तापनि समकालीन साम्राज्यवादसित जोडिएको आर्थिक स्वार्थ भने विवादरहित विषय हो। अर्कातिर एन्टोनियो ग्राम्सीले वैचारिक प्रभुत्वलाई शक्तिको निर्धारक तत्व र सैन्यवादलाई एक विचारधाराका रुपमा प्रस्तुत गरेका छन्। पुँजीवादको प्रादुर्भाव हुनुअघि नै सैन्यवादको जन्म भएको तथ्य बिर्सेर माार्क्सवादी विद्वानहरू पुँजीवादी सैन्यवादको खोइरो खन्ने गर्छन्।  सैन्यवाद मध्यकाल र सामन्ती कालका शासक वर्गको शक्ति र अधिकारको प्रमुख आधारशीलाका रुपमा रहेको थियो। सोभियत संघको स्थापना भएपछि पुँजीवादको विकल्पको रुपमा देखिएको साम्यवादले समेत सैन्यवादलाई त्याग्न सकेन। त्यसको सट्टा साम्यवादी सैनिक रणनीतिले पुँजीवादी सैन्यवादसँगको आधारभूत शक्ति सन्तुलनका लागि सैन्य शक्ति आवश्यक भएको धारणाको विकास गऱ्यो। सोभियत नेताहरूले शक्ति सन्तुलनको यस नीतिलाई पुँजीवादी प्रतिद्वन्दीलाई हराउनका लागि धेरै देशहरूलाई सैन्य सामग्री आपूर्तिसमेत गरे। उनीहरू सोभियत संघको नयाँ सामरिक शक्ति (आणविक हतियारसमेतको) का कारण वास्तविक सैनिक शक्तिको प्रयोगबिना नै आफ्नो प्रभाव विस्तार गर्ने अवसर मिलेको छ भन्नेमा विश्वस्त थिए।

पुँजीवाद भन्दा पहिले नै सैन्यवाद आउँछ भन्ने कुराको उदाहरणका रुपमा नेपाल रहेको छ। नेपालको सैन्यवाद एकिकृत नेपाल बनाउनका लागि गोरखालीहरूले गरेको टुक्रे राज्यहरू जित्ने अभियानको सांस्कृतिक अवशेष हो। 'राष्ट्रिय एकिकरण'का लागि सैनिक शक्तिको योगदान अत्यावश्यक रहेकाले त्यतिबेला वार्ता र संभाइबुझाइ भन्दा आक्रमण र विजयलाई बढी महत्व दिइएको थियो। नेपाल राज्यको निर्माणमा सैन्य शक्तिको हात रहेको भए पनि नेपालमा सेना र सैन्यवादलाई क्रूर शक्ति, सार्वजनिक मान्यताहरूको बर्खिलाप गर्ने उल्लङ्घनकर्ता र नागरिक प्रशासनमा गैरकानुनी हस्तक्षेप गर्ने हस्तक्षेपकारीका रुपमा हेर्ने गरिन्छ। सैनिक सेवा, खासगरी अधिकृत तहको सेवामा लामो समयदेखि अभिजात वर्गको एकाधिकार रहिआएको छ। सन् १९५१ सम्म नेपालमा शासन गर्ने उच्च शासक वर्गले सैनिक पेशालाई उनीहरूको जन्मसिद्ध अधिकार मान्दै आएका थिए। एक सय चार बर्षे राणा शासनकालमा सैनिक पेशा राजनैतिक सफलता प्राप्त गर्ने छोटो बाटो थियो। त्यतिवेला चारजना राणा कमान्डिङ जर्नेलहरूमध्ये एकजना प्रधानमन्त्री हुने गर्थे। सन् १९५१ सम्म योग्य व्यक्ति सत्तामा पुग्ने भएकोले शासकहरूले सैन्यवादलाई शक्ति, सम्पत्ति र शासनसत्ता प्राप्त गर्ने सुरक्षित साधन ठान्नु स्वाभाविक थियो। राणा शासन 'राजनीतिमा हस्तक्षेप गर्ने नियोजित उद्देश्य' राखेर 'नियोजित सैन्यवाद' को आधारमा स्थापना भएकाले राणा परिवारका मानिसले मात्रै सेनाका जर्नेल पद पाउन सक्थे।

सन् १९५० पछि नेपालमा सेना राजतन्त्रको निजी अङ्गका रुपमा रह्यो । सेनाको परमाधिपति र राज्यको कार्यकारी प्रमुख भएकोले राजाले सैनिक बलको परिचालन गर्ने धम्की दिने र सेना परिचालन गर्ने अधिकार प्राप्त गरेका थिए । यसले सैन्यवादलाई संस्थागत जग प्रदान गरेको थियो । सेना प्रयोगको धम्की वा सैनिक शक्तिको प्रयोग स्वेच्छाचारी साथै दमनकारी हुने भएकाले प्रजातान्त्रिक मूल्य विपरीत रहेको छ । नेपालको सन्दर्भमा शान्ति सुव्यवस्था र स्थिरताको नाममा प्रजातान्त्रिक मूल्यहरूलाई दमन गर्नु सैन्यवादको सबैभन्दा गम्भिर परिणाम हो ।

सैन्यवाद भनेको यस्तो अवस्था हो जहाँ 'राजनैतिक मुद्दाको समाधानका लागि सेनाको प्रयोग वा सेना प्रयोग हुने खतरा रहेको हुन्छ । लरेन्स राडवेका अनुसार सैन्यवादले हिंसाको उपयोग गर्ने कामको प्रसंशा गर्छ र सैनिक संस्थापनाको गुणगान गर्छ । यसले एक नीतिगत परिवर्तन र शक्तिको सम्बन्धलाई प्रभावित गर्छ । तर स्टानिस्लाभ आन्द्रेस्कीले समाजशास्त्रीय शब्दावलीका रुपमा सैन्यवादको प्रयोग विविध अर्थमा हुने भएकोले यसलाई सही ढंगले बुझ्नु र अध्ययन गर्नुपर्छ भनेका छन् । सैन्यवाद सम्बन्धमा तीनवटा महत्वपूर्ण व्याख्या रहेका छन् । पहिलो, सैन्यवादलाई सामान्यतया लडाकूपन वा युद्ध गर्न तत्पर आक्रामक भावना हो । दोस्रो, सैन्यवादको अर्थ राज्यमा सेनाको अग्रस्थान रहनु हो । तेस्रो, सैन्यवाद भनेको सामाजिक जीवनमा सेनाको व्यापक नियन्त्रण हुने र सिङ्गो समाज सेनाको इच्छा र आवश्यकताअनुरुप नतमस्तक रहनुपर्ने अवस्था हो ।

अर्कातिर मारेक थिले सैन्यवाद रहने विभिन्न अवस्थाको पहिचान गरेका छन् । यसमा अधिनायकवादी शासनदेखि लिएर प्रत्यक्ष सैनिक शासन अनि हरेक कुरामा सैनिकको प्रभाव भएको नागरिक शासनसम्म पर्दछन् । थिले सैन्यवादको हद र क्षेत्र निर्धारण गर्ने तीनवटा आधारभूत अवस्थाको पहिचान गरेका छन् । पहिलो, 'संरचना र प्रणालीगत विशेषता' हो, यो राज्यमा सेनाको हैसियतसित सम्बन्धित छ । दोस्रो, 'विचार तत्व' हो । यसले राष्टियता र अन्धराष्ट्रवाद जस्ता विचारमा सैनिक सोचाइलाई परिभाषित गर्छ । यसले राज्य निर्माणमा सेनाको सांगठनिक योगदानलाई बढाइँचढाइँ गर्छ अनि सेनालाई राज्य बचाउने संस्थाका रुपमा मान्छ । तेस्रो सूचक, सशस्त्र बलसम्बन्धी राज्यको नीतिसँग सम्बन्धित छ । यसमा सशस्त्र बललाई विशेष व्यवहार गर्ने, सैन्य खर्च बढाउने र आन्तरिक तथा बाह्य मामिलामा नीतिगत औजारका रुपमा सैन्य शक्तिलाई उपयोग गर्ने चाहना पर्दछन् ।

सेनाले थिचोमिचो गर्न सक्ने राज्यको चरम शक्तिको प्रतिबिम्ब प्रस्तुत गर्दछ । अर्कातिर, सैन्यवाद यस्तो सोचाइ हो जसले आफनो अभीष्ट पूरा गर्नका लागि सैन्य शक्तिको उपयोग गर्छ । कुनै कुनै अवस्थामा सैन्यवाद आवश्यक हुन्छ र बिग्रेको अवस्थालाई पूर्ववत अवस्थामा फर्काउन यो उपयोगी हुन्छ । राडवेले तीनवटा अवस्थामा सैनिक हस्तक्षेप बढ्ने कुरा बताएका छन् ः (क) समाजमा अशान्ति फैलिएर अराजकताको अवस्था सिर्जना भएका अवस्थामा, (ख) सामाजिक विभाजन बढेर विद्रोह, क्रान्ति वा आतंकवाद फलिएको अवस्थामा र (ग) सत्तारुढ उच्च वर्गमा सहमति टुट्न गई उनीहरूको झगडा बढेर एउटा समूहले सैनिकको सहायता लिने अवस्था आएमा । परम्परागत शक्तिको वैधानिकताप्रति चुनौती आएको र नयाँ नागरिक शासनको पकड भइनसकेको अवस्थामा पनि सेनाको प्राधान्य बढ्न सक्छ ।

सैन्यवादको अवधारणा सैनिक नेतृत्व वा त्यसका अधिकृतहरूमा मात्र सीमित छैन । दक्षिण एसियाको सन्दर्भमा यहाँका केही राजनीतिज्ञ, राजनीतिक दल वा समूहको सोचाइमा सैन्यवादले जरो गाडेको छ । भारतमा राष्टिय स्वयंसेवक संघ, शिव सेना, बजरंग दल, माओवादी, नक्सलवादी र बबर खाल्सा जस्ता सङ्गठनहरू सैन्यवादी सोचाइ र बनावट भएका केही उदाहरण हुन् । श्रीलंकाको तमिल मुक्ति मोर्चा लिट्टे, बाङ्लादेशको जमायत ए इस्लामी र नेपालको नेकपा (माओवादी) ले सैन्यवादलाई आफ्नो विचारधाराका रुपमा वकालत गर्ने गरेका छन् । उनीहरूले सैन्य संरचनाको संगठन बनाएका छन् र आफ्ना कार्यकर्तालाई सैनिक तालिम दिएका छन् ।

अन्तरिम संविधान २००७ ले सरकारलाई शक्तिशाली बनाएको भए पनि गठबन्धन सरकारमा सामेल राजनीतिक दलहरू चाकरी-चाप्लुसीको रोगबाट पीडित छन् । उनीहरू राम्रो शासनसत्ता चलाउनमा भन्दा प्रजातन्त्रको फल चाख्नमा बढी रुचि राख्छन् । कमजोर र जाँगरहीन बनेको सरकारलाई आफूले भनेका कुरा लाद्न सकिन्छ र आफ्नो स्वार्थ पूरा गर्न सकिन्छ भन्ने लागेको छ । यस्तो अवस्थाले नेपालमा सैन्यवादलाई बढावा दिएको छ ।

स्याम्यूल फाइनरले भने जस्तै सरकारले सेनाका माग पूरा नगरेमा उसले सबै भन्दा पहिले सरकारलाई असहयोग गर्ने धम्की दिन्छ । सशस्त्र बलमाथि सरकारको निर्भरता बढ्दै जाँदा सेनाले ह्याकुलाले मिच्ने तरिका हो यो । सेना माओवादीको राजनीतिक र सुरक्षा अवज्ञका साथै तराईमा भएको हिंसात्मक विद्रोहका विरुद्ध कांग्रेसले नेतृत्व गरेको अन्तरिम सरकारले उपयोग गर्न सक्ने अस्त्रका रुपमा रहेको थियो । फाइनरले भनेका थिए, "वास्तवमा सशस्त्र बलले सरकारमाथि आफ्नो कुरा लादेर वा सरकारमा रहेका व्यक्ति फेरेर पर्दा पछाडिबाट राज गर्न थाल्छ ।" नेपालका तत्कालीन प्रधानमन्त्री र सेनाका उच्च पदाधिकारी बीच भएको तलको

वार्तालापले सैन्यवादका बारेमा बुझ्न मद्दत गर्दछ। यो वार्तालाप नेपाली छापाहरूमा प्रकाशित भएको थियो। यो वार्तालापले नेपालमा अहिले पनि सेना कति सर्वव्यापी छ भन्ने कुरा देखाउँछ।

प्रधानमन्त्रीको सरकारी निवास, बालुवाटार रायमाझी आयोगले सुरक्षा निकायका प्रमुखहरूलाई निलम्बन गर्न सिफारिस गरेको भोलिपल्ट १३ ताः मे २००६ का दिन प्रधानसेनापति प्यारजंग थापाले सेनाका अन्य सात उच्चपदस्थ अधिकारीका साथमा प्रधानमन्त्रीलाई भेटेर नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र गुप्तचर विभागका प्रमुखलाई निलम्बन गरेकोमा असन्तुष्टि ब्यक्त गरे। उनले प्रधानमन्त्रीलाई भने, "तपाईँ राजनीतिज्ञ हुनुहुन्छ। त्यसैले सुरक्षा बललाई राजनीतिक आँखाले हेर्नुहुन्छ। तर सुरक्षा बलले राजनीति गर्दैन ... हामी सुरक्षा निकायका अधिकृत र सिपाहीलाई कारबाही गर्ने तपाईँको नीतिसँग सहमत छैनौँ। मन्त्रिपरिषदले सुरक्षा निकायलाई विश्वासमा नगरे त्यसको परिणाम नराम्रो हुनसक्छ। यसका बारेमा तपाईँले गम्भीरतापूर्वक विचार गर्नुपर्छ।"

प्रधानसेनापतिका साथमा गएका लेफिटनेन्ट जनरल रुक्मांगद कटुवाल (हालका प्रधानसेनापति) त्यस बेला भने, "तपाईँले तीनजना सुरक्षा प्रमुखलाई निलम्बन गर्नुभयो। तर प्रधानसेनापति थापालाई किन निलम्बन गर्नुभएन ? म यसको जवाफ नखोजौँला तर जनताले अवश्य पनि सोध्नेछन्... तपाईलाई थाहा भएकै हो हामीकहाँ सेना, सशस्त्र बल, नेपाल प्रहरी र अनुसन्धान विभागसमेत रहेको संयुक्त सुरक्षा कमाण्ड थियो।

प्रधान सेनापति थापाले थपे, "हामी राजनीतिमुक्त संस्थालाई राजनीतिमा मुछिँदैछ। प्रधानसेनापतिका हैसियतमा म भन्छु, 'शाही नेपाली सेना देशको सबै भन्दा पुरानो संस्था हो। यसको चेन अफ कमान्ड बदल्ने अहिलेको कदम एकदमै गलत छ।"

त्यसपछि जेनरल कटुवालले थपे, "सुरक्षा फौज चेन अफ कमान्डका आधारमा चल्छ। यस्तो चेन अफ कमाण्ड अहिलेसम्म बलियो छ र भविष्यमा पनि रहनेछ। केही मानिसहरू यसलाई तोड्न चाहे जस्तो देखिन्छ। उनीहरूले शाही नेपाली सेनाको चरित्र बुझेका छैनन्।"

सेनाका उच्चपदस्थ अधिकारीले यस्ता शब्द र भावना दिएको यस्तो प्रत्यक्ष चेतावनीको जवाफमादोस्रो जनआन्दोलनको तागतबाट स्थापित सबै भन्दा शक्तिशाली प्रधानमन्त्री कोइरालाले ब्यंगपूर्ण उत्तर दिँदै भनेका थिए, "मैले प्रधानसेनापतिले भनेको कुरा बुझें। यस्तो हुनेछैन् भन्ने कुरामा तपाईँ ढुक्क हुनुभए हुन्छ। संक्रमणकालमा यस्ता समस्या देखा पर्छन्। यस्ता समस्यालाई समाधान गर्नुपर्छ। यस मामलामा हामी तपाईँलाई मद्दत गर्छौं।" प्रधानसेनापतिले यस्तो सल्लाह दिएपछि बैठक समाप्त भयो, "जनताले शान्ति ल्याउनका लागि आन्दोलन गरेका हुन्। संविधानसभाले नयाँ संविधान बनाउनुभन्दा अघि नै देशलाई विभाजन गर्ने कुरा गर्नु हुँदैन। जनताले आफूले चाहे जस्तो संविधान बनाउने छन्। यस्तो गर्ने अधिकार उनीहरूलाई मात्र छ। आन्दोलनले तपाईँलाई शान्ति स्थापना गर्ने अधिकार मात्र दिएको छ। तपाईँ त्यही अनुसार काम गर्नुपर्छ।"[१] •

१ लुकीछिपी बाहिर आएको सो वार्ताको पूर्ण विवरणका लागि २९ मे २००६ को *साँघु* साप्ताहिक र त्यसको अंग्रेजी अनुवादका लागि २ देखि ८ जुन २००६ को *नेपाली टाइम्स,* 'PM Meets COAS' हेर्नुहोला।

# प्रजातन्त्र/लोकतन्त्र

हरि शर्मा

प्रजातन्त्र भन्ने अवधारणा मात्र होइन शब्दसमेत विवादित छ। प्रजातन्त्र वा लोकतन्त्र भनेर आजभोलि प्रचलनमा रहेको विषय वा अवधारणा अङ्ग्रेजी शब्द 'डेमोक्रेसी' ले परिभाषित गरेअनुसार बुझ्ने गरिन्छ। विगत पाँच सय वर्षको पूँजीवादी विकास तथा उपनिवेशवादको अनुभवका कारण पश्चिमी समाजबाट उब्जेका हरेक जसो अवधारणा र विषयहरूले हामीहरूलाई प्रभाव पारेका छन्।

'डेमोक्रेसी' शब्द ग्रीक उत्पत्तिको शब्द हो। यसको अर्थ 'डेभोस' अर्थात् नागरिक वा जनता र 'क्रेसी' अर्थात् शासन हुन्छ। डेमोक्रेसीको नेपालीमा अनुवाद गर्दा प्रजातन्त्र भन्ने गरियो। पश्चिमी प्रयोग र अनुभवको कारणले प्रजातन्त्र शब्द र अवधारणाले केही निश्चित मूल्य र मान्यता बोकेको छ।

नेपाली सन्दर्भमा पनि प्रजातन्त्रलाई पश्चिमी परिवेशमा जसरी बुझ्न खोजिएको त्यसरी नै बुझ्ने प्रयास भएको छ। तथापि यसले आफ्नो स्थानिय बुझाइ र सन्दर्भलाई पनि बोकेको छ। समय र परिस्थिति अनुसार प्रजातन्त्रको बुझाइमा बदलाव आएको देखिन्छ। वि.सं. १९९७ देखि सुरु भएको प्रजातान्त्रिक आन्दोलन र हालका दिनमा आएर लोकतान्त्रिक आन्दोलनमा परिवर्तन भएको छ। यसको बुझाइ र अर्थमा परिवर्तन गर्न खोजिएको छ, विशेष गरि २०६२-६३ को जनआन्दोलन पश्चात।

पश्चिमी मुलुकहरूको सन्दर्भमा पनि प्रजातन्त्रको स्पष्ट बुझाइका बारेमा मतऐक्यता छैन। विभिन्न राजनैतिक दर्शन, समाज विज्ञानका विभिन्न विधाहरू, हरेक मूलुक र समाजको आआफ्नो अनुभव आदि सबैले प्रजातन्त्रलाई आफ्नै किसिमले बुझ्ने र प्रयोग गर्न खोजेको पाइन्छ।

**प्रजातन्त्रको विवादित विगत**

प्रजातन्त्रको आजको बुझाइ सबैलाई समेट्ने व्यवस्थाको रुप बुझिन्छ। जब प्रजातन्त्रको चर्चा र अभ्यास ग्रीक नगर राज्यहरूमा ईसापूर्व करिब ४५० वर्षअघि भयो, यसले निकै साँघुरो दायरा बोकेको थियो। प्लाटो, एरिस्टोटलले प्रजातन्त्रलाई बुद्धि र सम्पत्ति नभएका आम नगरबासीहरूको शासन व्यवस्था भन्दै 'भीडतन्त्र' को नामाकरण समेत गरे। १९ औँ शताब्तिसम्ममा पनि प्रजातन्त्रलाई आजभन्दा भिन्न तरिकाबाट बुझ्ने गरिन्थ्यो - 'भीडतन्त्र' कै अर्थमा त्यसलाई हेरिन्थ्यो। तर आज परिस्थिति बदलिएको छ। सबैले आफूलाई प्रजातन्त्रवादी भन्न रुचाउँछन्। उदारवादी, पूरातनवादी, समाजवादी, साम्यवादी, अराजकतावादी आदि भिन्न भिन्न राजनैतिक विचार बोक्नेहरू यहाँसम्मकि फासीवादीहरू समेत आफूलाई प्रजातन्त्रवादी भन्न रुचाउँछन् र आफ्ना अनेक दलिलहरू प्रस्तुत गर्दछन्। सन् १९९१ म वर्लिन पर्खालको ढलेपछि र शितयुद्धको अन्त्य भएपछि त प्रजातन्त्रले झनै बलियो मान्यता र आधार प्राप्त गर्‍यो।

**प्रजातन्त्रको परिभाषा र विभिन्न बुझाइ**

प्रजातन्त्र वा डेमोक्रेसी शब्दको सुरुको प्रयोगबारे माथि नै चर्चा गरियो। सुरुको प्रयोगबाट आजसम्म आइपुग्दा यस शब्दलाई धैरैले धैरै किसिमले प्रयोग गरेका र बुझेका छन्। यसको वहुचर्चित परिभाषा १६ औं अमेरिकी राष्ट्रपति अब्राहम लिंकनको भनाईबाट लिन सकिन्छ, 'प्रजातन्त्र जनताका लागि जनताद्वारा, जनताको व्यवस्था हो।' प्रजातन्त्रको यो परिभाषाबाट र अन्य परिभाषाहरूबाट जनता नै प्रजातन्त्रको मूल आधार हो भन्ने बुझिन्छ।

प्रजातन्त्रका विभिन्न अर्थ र बुझाइ रहेका छ, ती यसप्रकार छन् :

- एउटा यस्तो शासनव्यवस्था जहाँ गरीब, निमुखा र वञ्चित जनसमूहले शासन गर्दछ।
- प्रजातन्त्र यस्तो शासनप्रणाली हो जहाँ जनताले आफूलाई प्रत्यक्ष र निरन्तर रुपमा व्यवस्थित गर्दछ।
- सामाजिक असमानताको अन्त्यका लागि श्रोत र साधनको सही वितरण तथा कल्याणकारी आधार भएको व्यवस्था हो।
- बहुमतका आधारमा शासन गरिने प्रणाली हो।
- अल्पसंख्यकको अधिकार र स्वार्थको रक्षाका लागि वहुमत वा बहुसंख्यकमाथि निगरानी र नियन्त्रण गर्न सक्ने व्यवस्था हो।

- सार्वजनिक पदहरू निम्ति, प्रतिस्पर्धात्मक प्रक्रियाबाट सार्वजनिक वा जनमतको (Popular vote) को माध्यमबाट निर्क्यौल गर्ने पद्धति हो।

उल्लेखित बुँदाहरूलाई विचार गर्ने हो भने प्रजातन्त्रको हरेक चर्चा, छलफल र अध्ययनको केन्द्रमा 'जनता' नै रहेको पाइन्छ। प्रजातन्त्रको चरित्रबारेका वहसहरू पनि 'जनता' कै वरिपरि घुमिरहेका छन्। यस वहसको केन्द्रमा ३ मुख्य मुद्दा वा प्रश्नहरू छन्। पहिलो, जनता भनेको को हो ? जनताको स्वरुप के हो ? तसर्थ जनताको नामबाट निस्तृत हुने राजनैतिक शक्तिको प्रयोग र वाँडफाँड कसरी हुन्छ ? दोस्रो, जनताले आफूलाई कसरी शासन गर्दछ ? के शक्ति प्रयोग सरकारका नाममा राजनीतिक दलमार्फत हुन्छ ? अर्थात् कसले जनतालाई प्रतिनिधित्व गर्दछ या जनता स्वयं शासनमा कसरी सहभागी हुन्छ ? तेस्रो, प्रजातन्त्रको सीमा के हो ? जनशासनको नाममा के सम्भव छ के सम्भव छैन ?

उपरोक्त तीन प्रमुख मुद्दाहरूको सेरोफेरोमा नै प्रजातन्त्रका विभिन्न मोडलहरूको चर्चा गरिएको छ। हरेक मोडेलले आ-आफ्ना तर्कहरू प्रस्तुत गर्दछन्। प्रजातन्त्रका विभिन्न मोडेलहरूमध्ये केहीको तर्क यसप्रकार छ ः

### परम्परागत मोडल (Classical Democracy)

यो मान्यता र आधार भनेको सबै बराबर हुने आम स्वशासनको व्यवस्था हो। जनताको प्रत्यक्ष शासनको व्यवस्था भएको प्रजातन्त्रलाई परम्परागत प्रजातन्त्र भनिन्छ। ग्रीक नगर राज्यहरूको प्रजातन्त्र यस मोडलभित्र पर्दछ।

### संरक्षित प्रजातन्त्र (Protective Democracy)

सत्रौं र अठारौं शताब्दिमा आइपुग्दा ग्रीसमा सुरु भएको प्रत्यक्ष प्रजातन्त्र वा परम्परागत ढाँचाको प्रजातन्त्रमा धेरै परिवर्तन आइसकेको थियो। सरकार र शासकहरूबाट कसरी आम जनताको स्वतन्त्रतालाई जोगाउन सकिन्छ भन्ने चिन्ता बढी थियो। सार्वजनिक राजनीतिक जीवनमा आम जनता कसरी सहभागि हुने र सरकारको विभिन्न शासकीय बन्धनबाट जनता कसरी उम्कने भन्ने विषय प्रजातन्त्रको मूल चर्चा थियो। तसर्थ त्यसबेला शासन पद्धतिमा जनताको स्वायत्तता कसरी जोगाउने भनेर व्यक्तिगत स्वतन्त्रता र क्षमताको चर्चा बढी हुने गर्थ्यो। संरक्षित प्रजातन्त्रको आधार भनेको व्यक्तिवाद र उदारवाद हो। आजको उदारवादी चिन्तनको आधार पनि यही नै हो।

### सामूहिक वा सामाजिक सम्बन्धको मोडलमा आधारित प्रजातन्त्र (Social Contract Model)

अघिल्ला प्रजातान्त्रिक सिद्धान्तहरू व्यक्तिगत स्वतन्त्रता र सरोकारलाई रक्षा गर्नु पर्दछ भन्ने मान्यतामा आधारित थिए भने दार्शनिक रुसोको चिन्तनमा आधारित नयाँ मोडलको प्रजातन्त्रले व्यक्तिको विकासका साथसाथै व्यक्ति र समुदायको अन्तरसम्बन्धलाई बढी जोड दिएको थियो। यस्तो प्रजातन्त्रको मान्यतामा व्यक्तिगत स्वार्थभन्दा सामुहिक स्वार्थ बलियो हुन्छ। त्यसै अनुरुप सामुहिक तथा सामुदायिक हितमा नै सबैको कल्याण हुन्छ भन्ने आधारमा आम शासनका संरचनाहरू खडा गरिए। सामुहिक इच्छा (General Will) का आधारमा शासन सम्भव छ भन्ने मान्यता स्थापित भयो। यस मोडलले समानताको सिद्धान्तलाई स्थापित गऱ्यो। किनभने, सामुहिक इच्छा तब सम्भव छ जब व्यक्तिगत र स्वार्थी इच्छा निश्तेज हुन्छ। सामुहिक इच्छाको उद्भवको आधार नै समानता हो। सामुहिक इच्छामा आधारित प्रजातन्त्रले आमजनताको सहभागिता बढायो।

### जनताको प्रजातन्त्र वा जनतन्त्र (People's Democracy)

जनताको प्रजातन्त्र भन्नाले विशेषतः मार्क्सवादी चिन्तनले जन्माएका विभिन्न मोडलहरू बुझिन्छ। राजनैतिक शासनको चरित्र वर्गीय हुन्छ भन्ने मान्यताको आधारमा यो मोडल तयार गरिएको हुन्छ। वहुसंख्यक जनता श्रमिक र सर्वहारा भएकाले प्रजातन्त्रको आधार भनेको नै श्रमिक र विपन्न वर्ग हो। तसर्थ यस्तो प्रजातन्त्रमा राजनैतिक आधारमा जनताले आफ्नो शासन चलाउँछन् भन्ने गरिन्छ। वर्ग संघर्षको आधारमा जनताको प्रजातन्त्र अडेको हुन्छ, आर्थिक शोषणको मुक्तिबाट नै सच्चा प्रजातन्त्र सम्भव हुन्छ भन्ने मान्यता नै यस मोडेलको मूख्य आधार हो।

### व्यवहारमा प्रजातन्त्र

माथि चर्चा गरिएको केही मोडेलहरूको ऐतिहासिकता र अनुभवका आधारमा वर्तमान अवस्थामा प्रजातन्त्र भन्नाले सामान्य अर्थमा बुझिने उदार प्रजातन्त्रलाई बुझ्ने गरिएको छ। यसको मुख्य चरित्र भनेको अप्रत्यक्ष वा प्रतिनिधिमूलक ढाँचा हो जो नियमित निर्वाचन वा चुनावमा अडेको हुन्छ। यो दलिय प्रतिस्पर्धा र मतदाताको चयनको कसिमा उत्रेको हुन्छ। उदार प्रजातन्त्रले राज्य र नागरिक समाजको फरकलाई पनि स्विकारेको हुन्छ। राज्य र नागरिक समाजको बीचको फरकको आधारमा नै विभिन्न समुदाय, समूहहरूको स्वायत्तता निर्माण भएको हुन्छ र त्यसै गरी व्यक्तिगत वा निजी सम्पत्ति पनि। •

### सन्दर्भसामग्रीहरू

1. Dahl, R. 1989. *Democracy and it Critics*. Yale University Press.
2. Held, D. 1996. *Models of Democracy (2nd ed)*. Oxford Polity Press.

# राजतन्त्र

सुधीन्द्र शर्मा

राजतन्त्र यस्तो किसिमको शासन व्यवस्था हो जसमा सार्वभौमसत्ता एक जना व्यक्तिमा निहित हुन्छ। त्यस्तो व्यक्तिले आफूमा दैवीशक्ति भएको दाबी गरेर वा वंशपरम्पराका आधारमा सामान्यतया आजन्म शासन गर्छ। तर राजतन्त्र शब्दले आफ्नो मौलिक अर्थ गुमाइसकेको छ। आजभोलि वंशानुगत राजाले शासन गरेको राज्यलाई बुझाउनका लागि यस शब्दको उपयोग गरिन्छ। यसले निर्वाचित राष्ट्रपतिले शासन गर्ने गणतन्त्रात्मक पद्धतिको ठीक उल्टो शासन प्रणालीलाई जनाउँछ। यी दुईवटा प्रणालीबीचको अन्तर के हो भने एउटामा राज्यप्रमुख जन्मका आधारमा तोकिन्छ भने अर्कोमा निर्वाचनका आधारमा।

राजतन्त्रको प्रारम्भ र विकास भएका ठाउँमध्येका इजिप्ट र चीनमा प्राचीनकालमा शासकलाई दैवी अवतार मानिन्थ्यो। ती देशमा शासक राजा र मुख्य पुरोहित दुवै हुने गर्थे। यसले राजामा दैवीशक्ति हुन्छ भन्ने मान्यतालाई अझ बढाएको थियो। राजा-पुरोहितको शासन ठूलो भूभागमा फैलँदै जाँदा कर्मचारीतन्त्रको विकास भयो। कुनै समयमा यस्तो खालको शासन व्यवस्था सबै खाले संस्कृति भएका समुदायहरूमा समेत फैलिएको थियो।

प्राचीन ग्रीसमा, 'दैवी' वंशजका प्रमुखले सैन्य नेता, मुख्य पुरोहित र न्यायाधीशसमेतको मुख्य भूमिका निर्वाह गर्ने गर्थे। एथेन्समा प्रजातन्त्रलाई हुर्काउन खोजिएको थियो। तर म्यासेडोनियाका शासक अलेकजेन्डरको हकडकले त्यसो हुन पाएन। उनले ठूलो साम्राज्य स्थापित गरे जुन चाँडै नै विभिन्न वंशमा टुक्रियो। हेलेनिस्टिक युगमा रोमको आक्रमण हुनुअघि ग्रीस, पश्चिम एसिया यिनै वंशका अधीनमा थिए।

प्राचीन रोममा राजतन्त्र विरोधी भावना व्याप्त थियो। आम मानिसको भारदारी सभाका रूपमा रहेको सिनेटमार्फत प्राचीन रोममा गणतन्त्रवादलाई सुदृढ बनाउन खोजियो। तर महत्त्वाकांक्षी सिजरले सिनेटलाई बारम्बार दबाए।

युरोपमा इसाईहरूको पकड मजबुत हुँदै जाँदा राजाले गर्दै आएको पुरोहित कार्य क्याथोलिक चर्चले गर्न थाल्यो। राजतन्त्र ईश्वरको आधुनिक हात बन्न पुग्यो। पृथ्वीमा ईश्वरका मुख्य प्रतिनिधिको स्थान चर्चका प्रमुख अर्थात् पोपले ओगटे।

सन् ८०० मा राजा सार्लमेनलाई पोपले श्रीपेच लगाइदिएको घटना युरोपेली राजतन्त्रको इतिहासमा एउटा महत्त्वपूर्ण घटना मानिन्छ। यसले पवित्र रोमन साम्राज्य र जर्मनिक राजतन्त्रको लोकमान्यताका दुईवटा परम्परा एकाकार भएको सङ्केत गर्दछ। मध्ययुगीन युरोपको राजतन्त्रको स्वरूप निर्धारणमा यस कार्यले निर्णायक भूमिका खेल्यो। राजाले सार्वभौम अधिकार लिनका लागि चर्चबाट अभिषेक प्राप्त गर्नु अनिवार्य हुन गयो।

मध्ययुगको अधिकांश अवधिमा र आधुनिक युगको सुरुसम्म पनि युरोपमा आफ्नै खालको स्वायत्तता भएका तीनवटा निकायहरू अस्तित्वमा थिए– ती थिए भारदारी सभा, पादरी सभा र राजतन्त्र। स्केन्डेनेभिया र बेलायत जस्ता भारदारी सभा बलियो भएका देशमा यसले पादरी सभा र राजा दुवैका अधिकारमा अंकुश लगायो। सोह्रौं शताब्दीमा फ्रान्समा भारदारी सभा कमजोर भयो, धार्मिक शक्ति राजाको शासनसँग नजिकियो र राजतन्त्र निरंकुश बन्यो। राजा लुई सोह्रौंको 'म नै राज्य हुँ' भन्ने भनाइले राजतन्त्रको निरकुंशतालाई झल्काउँछ। राजामा असिमित शक्ति निहित हुन्छ भन्ने विचारलाई यस भनाइले दर्शाउँछ।

सत्रौं र अठारौं शताब्दीमा पश्चिमी युरोपमा क्रमिक रूपमा राजतन्त्रको पतन हुन थाल्यो। बेलायतमा भएको सन् १६८८ को क्रान्तिले संसदको सर्वोच्चता कायम गऱ्यो भने सन् १७८९ को फ्रान्सेली क्रान्तिले राजतन्त्रको अन्त्य गरी गणतन्त्र स्थापना गऱ्यो। उन्नाइसौं र बीसौं शताब्दीमा संसद शक्तिशाली बन्दै जाँदा राजाको शक्ति घट्दै गयो।

अति धेरै शक्तिको उपभोग गरिरहेका राजाहरूले पहिलो विश्वयुद्धपछि ठूलो विनाश भोग्नुपऱ्यो। युद्धमा हार खानुपरेको दोष उनीहरूमाथि लाग्यो र उनीहरूको पतन भयो। यसरी पहिलो विश्वयुद्धको शिकार हुनेहरूमा रसिया, जर्मनी र अस्ट्रिया-हङ्गेरीका राजतन्त्र पर्दछन्।

अब एसियाको कुरा । उपनिवेशवादी अतिक्रमणले गर्दा चीन विभिन्न टुक्रामा बाँडिएको थियो र चिनियाँ साम्राज्य कमजोर भएको थियो । उन्नाइसौँ शताब्दीदेखि नै चिनियाँ सम्राटको शक्ति घट्दै गएको थियो । सन् १९१२ मा मञ्चु राजवंशको पतनपछि चीनमा राजतन्त्र औपचारिक रूपमा समाप्त भयो ।

जापानको हकमा, दोस्रो विश्वयुद्धमा जापान हारेपछि सम्राटलाई दैवीशक्ति मान्ने सिद्धान्त त्यागियो र सन् १९४७ को संविधानअनुसार सम्राटलाई 'राज्य र जनताको एकताको प्रतीक' मान्न थालियो ।

थाइल्यान्ड, मलेसिया, कम्बोडिया र ब्रुनाई जस्ता दक्षिणपूर्वी एसियाका देशमा राजतन्त्र कायम छन् । बाँकी देश गणतन्त्रात्मक छन् । उन्नाइसौँ शताब्दीमा युरोपेली उपनिवेशवादी शक्तिले इन्डोनेसियाको जाभा अधिराज्य, पगानको बर्मेली राजतन्त्र र भियतनामी राजतन्त्र समाप्त पाऱ्यो । जनआन्दोलनको मागका अगाडि झुकेर लुवाङ प्रबाङको लाओली राजतन्त्र जस्ता केही राजतन्त्रको अन्त्य भयो । थाइल्यान्ड जस्ता अहिलेसम्म पनि राजतन्त्र जीवित रहेका देशहरूमा चाहिँ त्यहाँ भएका जनआन्दोलनले गर्दा निरकुंश राजतन्त्र संवैधानिक राजतन्त्रमा परिणत भयो । हालसम्म पनि बाँचेका दक्षिणपूर्वी एसियाका केही अधिराज्यहरू पहिले युरोपली उपनिवेशवादी शक्ति र पछि स्वदेशी शक्तिका सामु सम्झौता गरेर टिकेका छन् ।

दक्षिण एसियाको हकमा चाहिँ मध्ययुगमा धेरै विशेषगरी गङ्गा मैदानका हिन्दू अधिराज्यहरू मुसलमानी आक्रमणबाट पराजित भए । पछि इस्ट इन्डिया कम्पनीको प्रभुत्व जमेपछि धेरै हिन्दू राज्यहरू या त ब्रिटिस भारतमा गाभियो या त उनीहरूलाई सीमित अधिकार दिएर ब्रिटिस शासनअन्तर्गत राखियो । 'रियासत' मानिने यी राज्यहरू सन् १९४७ मा भारत स्वाधीन भएपछि भारतीय संघमा विलीन भए ।

केलाई हिन्दू राजतन्त्र भन्ने विषयमा मतभिन्नता छ । हिन्दू राजतन्त्रका सम्बन्धमा नैतिक मार्ग वा धर्मका आधारमा धार्मिक ग्रन्थहरूमा उल्लेख भएका विभिन्न दृष्टिकोणबाट के देखिन्छ भने जनताको सुरक्षा गर्नका लागि राजा आवश्यक हुन्छ । परम्परागत हिन्दू समाजमा धर्मको प्रवर्द्धन गर्नु, मठमन्दिर बनाउनु, पुरोहितहरूको जीवनयापनका लागि दान दिनु, सिद्धान्त र सामाजिक चालचलन कायम राख्ने विषयमा धार्मिक नियम पालना गराउनु राजाको कर्तव्य मानिन्थ्यो । मध्ययुगीन हिन्दू राज्यहरू सङ्कीर्ण मतका थिएनन् । विभिन्न मत र विभिन्न धर्म पनि राज्यबाट संरक्षित थिए ।

भारतको राजतन्त्र र इजिप्ट तथा चीनका राजतन्त्रका बीचमा ठूलो भिन्नता छ । परापूर्वकालदेखि नै ब्राह्मणले धार्मिक अथवा पुरोहित्याइँको काम आफ्नो हातमा लिएकाले एकै समयमा एक व्यक्ति मूल पुरोहित र शासक दुवै हुन पाउने अवस्था भएन । ऊ शासक मात्र भयो । हिन्दूशास्त्रमा 'पारलौकिक शक्ति र 'लौकिक शक्ति'का बीचमा अन्तर छ । जात विभाजन पारलौकिक शक्तिको परिणाम मानिन्छ । जसरी युरोपमा राजाले सार्वभौम अधिकार ग्रहण गर्नका लागि चर्चको दैवीशक्तिबाट अभिषेक लिनैपर्थ्यो त्यसैगरी हिन्दू समाजको क्षत्रीय राजाले पनि सार्वभौम अधिकार लिनका लागि ब्राह्मणबाट अभिषेक लिनुपर्थ्यो ।

राजासँग जोडिएको सबैभन्दा महत्त्वपूर्ण विधिविधान राज्याभिषेक हो । यस विधिविधानले सामान्य क्षत्रीयलाई राजामा रूपान्तरण गर्छ । राज्यभिषेकले गद्दीआरोहण गर्ने व्यक्तिलाई सार्वभौम अधिकारसम्पन्न गराउँछ । यस विधिविधानले हिन्दू राजाको परम्परागत साथै राजनीतिक सार्वभौमसत्तामा जोड दिन्छ ।

मुगल साम्राज्यको विखण्डन पछि र इष्ट इन्डिया कम्पनीले शक्ति हातमा लिनुअघि भारतमा तीन किसिमका राज्य थिए : प्राचीन राज्य (राजपुतानाका राजपूत जस्ता), मुगलका उत्तराधिकारी (अवध, बङ्गाल र हैदरावादका निजाम जस्ता) र लडाकू राज्य । केन्द्रीय सत्ता कमजोर हुँदै जाँदा लडाकू समूहहरूले जनतालाई सैनिक सुरक्षा प्रदान गर्दै राजनीतिक सत्ता स्थापित गरेर यस्ता लडाकू राज्य स्थापना गरेका थिए । यस्ता राज्यका निर्माताहरू सैन्य उद्यमी थिए जसले लडेबापत पदवी, मान र सार्वभौमसत्ताका अन्य प्रतीक पाउँथे । लडाइँ जितेपछि उनीहरू हिन्दू मठमन्दिर, अरू सम्प्रदाय र ब्राह्मणहरूलाई जग्गा दान दिएर आफूले शासन गर्ने वैधानिकता प्राप्त गर्थे ।

आधुनिक नेपालको उत्पत्तिको इतिहास गोरखाका राजा पृथ्वीनारायण शाहसम्म पुग्छ जसले सन् १७६९ मा काठमाडौँका मल्ल राजाहरूलाई पराजित गरी आफ्नो प्रभुत्व विस्तार गरे । अठारौँ शताब्दीको अन्त्यसम्ममा गोरखाका शाहवंश राजाहरूले आक्रमण, विवाह र कूटनीतिका माध्यमबाट विभिन्न भुरेटाकुरे राज्य विलय गरी आज नेपाल भनेर चिनिने देशको स्थापना गरे । उस बेलाको भारतको केन्द्रीय शक्ति कमजोर भएकाले यो अभियान सफल भएको थियो । प्रारम्भिक कालको नेपाल वास्तवमा गोरखाली साम्राज्य थियो र त्यो एक खालको लडाकू राज्य हो । लडाकू राज्यका अरू उदाहरणमा मराठा र शिख साम्राज्य पर्दछन् ।

आजको आधुनिक विश्वमा नर्वे, स्वीडेन, डेनमार्क, बेल्जियम र बेलायत जस्ता देशमा संवैधानिक राजतन्त्र अस्तित्वमा छ । संवैधानिक राजारानीले कुनै पनि किसिमको राजनीतिक शक्ति उपयोग गर्दैनन् । उनीहरूको काम प्रतीकात्मक र विधि पुऱ्याउने

खालको मात्र हुन्छ। उनीहरूले परम्परा, संस्कार र राष्ट्रको एकतालाई प्रतिबिम्बित गर्छन्। सरकारप्रमुखका रूपमा प्रधानमन्त्रीले वास्तविक राजनीतिक अधिकार उपयोग गर्दछन्।

आजभोलि विश्वका थोरै देशका राजाले मात्र राज्यप्रमुख र सरकारप्रमुख दुवैको भूमिका खेल्छन्। यस्ता देशहरू मूलतः पश्चिम एसियामा अवस्थित छन्। भुटान र ब्रुनाई पनि यस्ता देशमा पर्दछन्।

नेपालमा संवत् २०५८ जेठको दरबार हत्याकाण्डपछि राजसंस्थाको प्रतिष्ठामा ठूलो धक्का पुग्यो। राजा ज्ञानेन्द्रले २०६१ माघमा कार्यकारी अधिकार लिएपछि त संसदीय दलहरूसमेत राजाबाट टाढिए र माओवादीको गणतान्त्रिक धारलाई समर्थन गर्न पुगे। निर्वाचित संविधानसभाले २०६५ जेठमा नेपालबाट राजतन्त्रको औपचारिक रूपमा अन्त्य गऱ्यो र नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्र घोषणा गऱ्यो।

सामान्यतया, राजतन्त्रको अन्त्य हुँदा या त राजा र राजपरिवारको हत्या भएको छ वा उनीहरू निर्वासित भएका छन्। यस मामिलामा नेपालको उदाहरण अनौठो छ, किनभने यहाँका अन्तिम राजा स्वदेशमै सामान्य नागरिकका रूपमा जीवनयापन गरिरहेका छन्। •

# मानवअधिकार

गोपाल सिवाकोटी 'चिन्तन'

'मानवअधिकार' भन्नाले सबै मानिसलाई मानवोचित सम्मान र समानताका साथ बाँच्न पाउने अधिकारलाई जनाउँछ। यस शब्दावलीलाई प्रचलनमा ल्याउने र अन्तर्राष्ट्रिय कानुनमा संस्थागत गर्ने कार्य सन् १९४५ मा संयुक्त राष्ट्रसंघको बडापत्र र त्यसको लगत्तै १० डिसेम्बर १९४८ को मानवअधिकारसम्बन्धी प्रथम घोषणापत्रमार्फत राष्ट्रसंघले गरे पनि यससम्बन्धी अवधारणा भने विभिन्न रुप र अर्थमा परम्परागत, सामुदायिक र राष्ट्रिय कानुनमा विश्वका थुप्रै देशहरूमा प्रयोग हुँदै आएका थिए। तथापि मानवअधिकारको विश्वव्यापी प्रयोग र सबै मुलुकहरूमा समान रुपले लागू हुने कानुनी लिखतका रुपमा र त्यसको अभ्याससम्बन्धी सुस्पष्ट आधुनिक विचार प्रदान गर्ने श्रेयचाहिँ अठारौँ शताब्दीको अन्त्यतिर भएको फ्रान्सेली क्रान्तिलाई जान्छ। फ्रान्सेली क्रान्तिले स्वतन्त्रता, समानता र भ्रातृत्वको सिद्धान्तका असली उन्नायक नागरिक नै हो भन्ने दर्शनलाई युरोपका विभिन्न भागहरूहमा फैलायो। हाल प्रचलनमा रहेको मानवअधिकारको अभ्यास सिद्धान्ततः स्वतन्त्रता र कानुनका दृष्टिमा सबै समान हुने सिद्धान्तमा आधारित छ।

मानवअधिकारसम्बन्धी चिन्तनको आधारभूत मान्यता के हो भने सबै मानिस जन्मैदेखि स्वतन्त्र हुन्छन् र कानुनका दृष्टिमा समान हुन्छन्। तसर्थ कुनै पनि व्यक्तिलाई लिङ्ग, जाति, वर्ण, धर्म, भाषा, उत्पत्ति, राष्ट्रियता अथवा राजनैतिक, सामाजिक वा आर्थिक हैसियत आदिका कारण कुनै पनि प्रकारको विभेद गर्न पाइँदैन। यस परिभाषालाई संयुक्त राष्ट्रसंघको बडापत्र र मानवअधिकारको विश्वव्यापी घोषणापत्रको प्रस्तावनामा स्पष्टसँग परिभाषित र उल्लेख गरिएको छ। मानवअधिकारको विश्वव्यापी घोषणापत्र यस्तो पहिलो अन्तर्राष्ट्रिय कानुनी दस्तावेज हो जसले मुख्यतः आर्थिक, सामाजिक, सांस्कृतिक र नागरिक तथा राजनैतिक अधिकार आदि समेट्ने मानवअधिकारको क्षेत्रलाई अझ परिस्कृत र परिमार्जित गरेको छ। यी अधिकारहरूलाई सन् १९६६ को आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि र नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि र त्यसपछि संयुक्त राष्ट्रसंघ अन्तर्गतका थुप्रै थप ऐच्छिक महासन्धिपत्र, प्रस्ताव र कार्यक्रमहरूले कानुनी मान्यता प्रदान गरेका छन्।

मानवअधिकारलाई थप कानुनी बल प्रदान गर्ने अन्य दस्तावेजहरूमा दासत्व, जातिभेद, महिला, बालबालिका र यातनासँग सम्बन्धित महासन्धिहरू हुन्, जुन विगत ६ दशकभित्र तयार भएका हुन्। तथापि यी दस्तावेजहरूले मूलतः मानवअधिकारको क्षेत्र र परिभाषालाई समूह वा समुदायको अधिकारप्रति भन्दा पनि व्यक्तिको अधिकारप्रति केन्द्रित गरेका छन्। सन् १९८६ मा विकाससम्बन्धी घोषणापत्र जस्ता कानुनी दस्तावेजहरूको निर्माण भए तापनि जनताका सामूहिक वा समूहका अधिकारहरूलाई बाध्यकारी अन्तर्राष्ट्रिय कानुन बनाउने प्रयासलाई शक्तिशाली पश्चिमी मुलुकका सरकारहरूले तुहाउने काम गरे। यो काम खासगरी अमेरिका, अष्ट्रेलिया, इजरायल र अन्य थुप्रै ल्याटिन अमेरिकी राष्ट्रहरूले गरे जो जातीय नरसंहार वा दासत्वमा टिकेका थिए वा एउटा समूहलाई पूर्णरुपमा दबाएर स्थापित भएका थिए। यस्ता राष्ट्रहरूले ऐतिहासिक रूपमा गरिएका गल्तीबापत हुन सक्ने दण्डलाई छल्नका लागि यस्तो काम गरेका थिए। विश्वका थुप्रै शक्तिशाली र विकसित देशहरूमा जातीय समूहहरूलाई सुनियोजित ढङ्गले भेदभाव गर्ने र पाखा लगाउने काम भएका छन्। यिनै व्यावहारिक कारणहरूले गर्दा पनि समूहका अधिकारलाई मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय कानुनमा समावेश गर्न बाँकी नै छ।

संयुक्त राज्य अमेरिका, बेलायत, जापान जस्ता पश्चिमी पुँजीवादी मूल्य प्रणालीका अगुवा देशहरूले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार एवं शान्ति र विकाससम्बन्धी अधिकारलाई मान्यता दिने र तिनको परिपालना गर्न अस्वीकार गर्दै आएका छन्। किनभने यसबाट विश्वबजारलाई विस्तार गरेर त्यसमाथि पूर्ण आधिपत्य जगाउने उनीहरूको अभीष्ट कुण्ठित हुन जान्छ।

अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी बहस राजनीतिक दर्शन र आस्थासँग जोडिएको छ भन्ने कुरा क्युबा र भेनेजुएला जस्ता आफूलाई आमूल परिवर्तनकारी समाजवादी विचारद्वारा प्रेरित बताउने सरकारहरूका दृष्टिकोणका कारण पनि अरू ज्यादा स्पष्ट भएको छ। यी देशहरूले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार र विकासका अधिकारहलाई प्राथमिकता दिएका छन्। पश्चिमी देशहरूको उपनिवेशबाट मुक्त भएका वा नयाँ राजनैतिक लोकतन्त्रका रुपमा उदाउँदै गरेका देशहरू जस्तै भारत, दक्षिण अफ्रिका तथा नेपालले भने आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार र नागरिक तथा राजनैतिक अधिकारलाई समान मान्यता र आदरप्रदान गर्दै मध्यममार्गी बाटो अवलम्बन गरेका छन्। तथापि हालका दिनहरूमा मानवअधिकारको वैचारिक परिभाषाका आधारमा र कार्यान्वन पक्षका आधारमा देशहरूको वर्गीकरण गर्न एकदमै कठिन छ किनभने सबै देशहरू आर्थिक भूमण्डलीकरण तथा बजारमुखी सांस्कृतिक एकरुपीकरणका मूल्य र मान्यताका आधारमा रहन र जिउन बाध्य पारिएको छ। यस्तो अवस्थामा मानवअधिकारका स्थापित मूल्य र मान्यताहरूलाई स्वतन्त्र व्यापारका पक्षधरहरूका सामु समर्पण गर्ने क्रम बढ्दो रहेको छ।

शासन शैलीमा आएको परिवर्तनका साथसाथै कानुनी रुपमा मौलिक अधिकारको नेपाली अवधारणामा पनि परिवर्तन आएको छ। मानवअधिकारसम्बन्धी अवधारणा पहिलो पटक नेपालको पहिलो संविधान (जसलाई वैधानिक कानुन २००४ भनिन्छ) मा समावेश गरिएपछि सुरु भएको हो। यद्यपि संवत् २००७, २०१५, २०१७ र २०४७ का नेपालको संविधानमा नेपाली नागरिकहरूका मानवअधिकारहरू क्रमशः थपिंदै गएको पाइन्छ तर तिनको परिभाषा संकुचित तरिकाले गरिएको थियो र ती व्यक्तिका अधिकारसित सम्बन्धित रहेका थिए। नेपालको अन्तरिम संविधान २०६४मा आएर मात्र केही आर्थिक,सामाजिक तथा सांस्कृतिक अधिकारहरूलाई स्वीकारेर मौलिक अधिकारका रुपमा तिनलाई सामेल गरिएको छ। तिनीहरूमा शिक्षा, स्वास्थ्य सेवा र रोजगार तथा खाद्यसम्बन्धी हकहरू रहेका छन्।

यसका अलावा सन् १९९० पछि मानवअधिकारसम्बन्धी थुप्रै अन्तर्राष्ट्रिय कानुनहरूमा नेपाल पक्ष भएर हस्ताक्षर गरिसकेकोले मानवअधिकारको परिभाषा र यसको क्षेत्रका बारेमा नयाँ आयाम थपिएको छ। राजनैतिक तथा नागरिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि (जसमा २ ऐच्छिक सन्धिपत्र व्यक्तिगत उजुरीको प्रावधान र मृत्युदण्ड उन्मूलनका कुरासँग सम्बन्धित) र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अभिसन्धिका साथै महिला, बालबालिका र यातना उन्मूलनसम्बन्धी सन्धिहरूले सन् १९९० पछिको नेपाल मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय कानुनहरूलाई आफ्नो मुलुकको सर्वोच्च कानुनको रुपमा स्वीकार गर्ने देशहरूको सूचीमा नेपाल एसियामै माथिल्लो स्थानमा आउँछ। आफ्नो देशको कानुनमा यी अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी कानुनी प्रावधानहरूलाई सामेल गर्ने र कार्यान्वयन गर्ने मामिलामा भने नेपालको गति सुस्त देखिन्छ। थुप्रै सार्वजनिक चासोका विषयमा र व्यक्तिले सर्वोच्च अदालतमा दायर भएका मुद्दामा मानवअधिकारवादीहरू तथा पीडित पक्षले यी कानुनका आधारमा सफलता हासिल गरिसकेका छन्। तथापि नेपाल यी अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी कानुनलाई पूर्णरुपमा पालन गरी ऐनकानुनमा रहेका विभेदकारी बुँदाहरूलाई संशोधन गर्छ वा गर्दैन भन्ने कुरामा भने आज पनि प्रश्न उठिरहेकै छ।

मानवअधिकारलाई परिभाषित गर्ने, यसको क्षेत्रलाई संकुचन गर्ने वा विस्तृत गर्ने कुरामा वैचारिक भिन्नता रहेका छन्। पश्चिमी ढाँचाको नवउदारवादी विचारधाराले मौलिक अधिकारमा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूलाई सामेल गर्ने कुरामा विरोध गर्दछ। यसको विपरीत माकर्सवादी तथा वामपन्थी मत राख्नेहरूले सम्भव भएसम्म आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूलाई सामेल गराउनुपर्छ भन्दछन्।

अहिले हामीले सामाना गरिरहेको मुख्य कमजोरी मानवअधिकारको वैचारिक, राजनैतिक तथा आर्थिक सन्दर्भको बारेमा हाम्रो बुझाइ नै हो। हामीले विगतमा अनुभव गरेको कुरा हो कि शासकवर्ग वा शक्तिमा रहेकाहरूका लागि मानवअधिकार शासन उदार छ भन्ने देखाउन प्रयोग गरिने शाब्दिक विज्ञापनको वस्तु मात्र बन्यो तर वास्तवमा उनीहरूको चरित्र सामाजिक तथा आर्थिक रूपमा शोषणमूलक रह्यो।

नेपालमा मानवअधिकार पनि हरेक व्यक्तिले रट लगाउने शब्द मात्र भएको छ जसरी पचासौं वर्षदेखि प्रजातन्त्रको बारेमा सबैले रट लगाइरहेका छन् तर प्रजातन्त्रको कुनै सङ्केतसम्म पनि देखा परेको छैन। छ दशकअघिबाटै आधारभूत मानवअधिकारका कुराहरूलाई समेटेर स्थायी संविधान लेख्ने कोसिस भए तापनि अहिलेसम्म त्यो पूर्ण रूपमा सफल हुन सकेको छैन। मानवअधिकारलाई परिभाषित गर्ने कार्यमा राजनीतिक दलहरू र बौद्धिक जमातमा समेत स्पष्टता र दृष्टिकोणको अभाव छ।

अरू पनि थुप्रै गलत धारणाहरू छन् जसलाई निर्मूल गर्नु आवश्यक छ। केही यस्ता मानिसहरू पनि छन् जो मानवअधिकार विकसित देशहरूमा मात्र प्राप्त हुन सक्छ तसर्थ नेपालजस्तो गरिब देशमा भने यसको उल्लंघन उचित नै छ भन्ने गर्छन्। वास्तविकता के हो भने गरिब देशहरूजस्तै विकसित

देशहरूमा पनि मानवअधिकार उल्लंघनका घटनाहरू हुन्छन् तसर्थ अविकसित देश भएका कारण मानवअधिकारको न्यून परिपालनलाई सही साबित गर्न सकिदैन। 'आतंकविरुद्ध युद्धको' नेतृत्व गरिरहेका अमेरिका र र बेलायत जस्ता देशहरूले आफ्नो अनुकूल राजनैतिक विचार नबोक्ने व्यक्तिहरूमाथि आतंक, यातना र हत्या जस्ता कार्य गर्न छुट दिइरहेका छन्। ऐतिहासिक रुपमा उनीहरूको रेकर्ड प्रशंसा गर्नलायक छैन। अमेरिकाले आफ्नै आदिवासी समुदायहरू तथा अफ्रिकी मूलका अमेरिकी नागरिकहरूमाथि खुलेआम भेदभाव गरिरहेको छ। त्यस्तै गरी बेलायतले पनि अफ्रिकी मूलका र एसियाली मूलका बेलायती नागरिकहरूमाथि भेदभाव गरिरहेको छ।

विभिन्न देशहरूका सन्दर्भममा मानवअधिकारको क्षेत्रलाई परिभाषित गर्ने क्रममा समेत गलत धारणा विद्यमान छन्। उदाहरणका लागि आत्मनिर्णयको अधिकारलाई लिन सकिन्छ। नेपालमा यस अधिकारको अवधारणा र प्रकृतिका बारेको बुझाइ गलत छ वा गलत अर्थ लगाइएको छ। यो अधिकार व्यक्ति वा जनसमुदायले राजनैतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको क्षेत्रमा निर्णय गर्न पाउने अधिकार हो। देशलाई विभाजन गर्ने वा नयाँ राज्य स्थापना गर्ने वा नेपालबाट अलग भूभाग खडा गर्ने अधिकार भने होइन। विद्यमान अन्तर्राष्ट्रिय कानुन र अन्तर्राष्ट्रिय मानवअधिकार कानुनले अलगिनु वा विखण्डनलाई होइन बरु बिनाभेदभाव सबैका लागि समान अवसर र समान अधिकारको प्राप्तिलाई आत्मनिर्णयको अधिकारका रूपमा लिएको छ। उपनिवेशहरूले मात्र छुट्टिने वा मिस्सिने अधिकार पाउँछन्। अथवा जातीय संहार, विदेशी मास्ने अभियान तथा आममानिसहरूको पलायनका कारण मानवअधिकारको गम्भीर उल्लंघनको अवस्था भएमा मात्र छुट्टिन र विखण्डनको अनुमति प्राप्त हुन्छ।

मानवअधिकार वैचारिक रुपमा असम्बन्धित धारणा होइन। वर्तमान अन्तर्राष्ट्रिय कानुनले दोस्रो विश्वयुद्धको समाप्तिपछिको शक्तिसन्तुलनको सम्झौतालाई प्रतिबिम्बित गर्दछ। सोभियत संघ र पूर्वीय गुटको अवसानपछिको अहिलेको अन्तर्राष्ट्रिय अभ्यास भनेको विश्वको एकपक्षीय शक्ति सन्तुलनको अवस्थालाई इङ्गित गर्छ। यसर्थ यो भन्न सकिन्छ कि मानवअधिकार या त व्यक्तिगत पुँजीवादी प्रकारको वा सामूहिक समाजवादी प्रकारको हुन्छ। दुवैले प्राथमिकताका आधारमा फरक-फरक अधिकारहरूलाई महत्व दिएका छन्। हामीकहाँ कस्तो खालको मानवअधिकारको अभाव छ, कस्तो मानवअधिकारको जगेर्ना गर्नुपर्छ भन्ने कुराको निर्णय गर्ने काम नेपाली जनता र संविधानसभामा चुनिएर गएका प्रतिनिधिहरूले निर्णय गर्नुपर्ने बेला आएको छ। •

# समावेशीकरण र असमावेशीकरण

राजेन्द्र प्रधान

युरोपमा सन् १९८० को दशकमा उत्पन्न सामाजिक र आर्थिक सङ्कट तथा कल्याणकारी राज्यको असफलताले सामाजिक विखण्डन ल्याउने डर भएपछि 'सामाजिक असमावेशीकरण' र 'सामाजिक समावेशीकरण' जस्ता शब्दावलीको प्रयोग थालिएको हो। सुरुमा रोजगारीमा आधारित सामाजिक सुरक्षा प्रणालीले समेट्न नसकेका मानसिक र शारीरिक रूपमा अपाङ्ग, वृद्धवृद्धा, एकल आमा र असामाजिक व्यक्तिहरूलाई जनाउन फ्रान्समा 'सामाजिक असमावेशीकरण' भन्ने शब्दावलीको उपयोग गरिएको थियो। पछि गएर यसले अरू कोटिका मानिसलाई पनि समेट्न थाल्यो र सामाजिक सहभागिता तथा नागरिक अधिकारजस्ता विषयहरू पनि यससित सम्बन्धित बन्न पुगे।

हाल आएर, गरिबी र सुविधाबाट वञ्चित गर्नुलाई मात्र होइन सामाजिक, सांस्कृतिक र राजनीतिक भेदभावका भिन्न-भिन्न स्वरूप र प्रक्रिया बुझाउनका लागि सामाजिक असमावेशीकरण र समावेशीकरण जस्ता शब्दावली प्रयोग गरिन्छ। यो उपेक्षित मानिसको ठूलो समूहसँग सम्बन्धित छ। तर पनि यी शब्दावलीको अर्थका बारेमा मतैक्य छैन, किनभने समाजशास्त्रीय दृष्टिकोण, सैद्धान्तिक र विधागत दृष्टिकोण (सन्दर्भ), राजनीतिक विचारधारा र राष्ट्रिय छलफलमा यी शब्दावलीलाई भिन्ना-भिन्नै रूपमा लिने गरिएको छ। यी शब्दावलीबाट गरिबी, भेदभाव, सीमान्तीकरण जस्ता अवधारणालाई अझ स्पष्ट पार्न सघाउ पुग्छ कि पुग्दैन, यी शब्दावली नेपाल, भारत, पेरु आदि जस्ता भिन्न आर्थिक, राजनीतिक र सामाजिक अवस्था रहेका दक्षिणी गोलार्द्धका देशहरूका लागि सान्दर्भिक छन् छैनन् र यी अवधारणालाई कसरी बुझ्ने र उपयोग गर्ने भन्ने विषयमा वादविवाद छ।

सामाजिक असमावेशीकरणलाई व्याख्या गर्ने तीन समाजशास्त्रीय दृष्टिकोण छन् : १. सोलिडारिटी दृष्टिकोण, २. स्पेसलाइजेसन दृष्टिकोण र ३. मोनोपोली दृष्टिकोण। इमिल दुर्खिमबाट प्रभावित र फ्रान्समा बढी चल्तीमा रहेको सोलिडारिटी दृष्टिकोणअनुसार व्यक्ति वा समूह र समाजका सामाजिक सम्बन्धका बीचमा आएको फाटो नै असमावेशीकरण हो। यो आर्थिकभन्दा पनि बढी सांस्कृतिक र नैतिक कुरा हो। असमावेशीकरणको विपरीत अवस्था सम्मिलन हो जुन प्रभुत्वशाली संस्कृतिमा मिसिएर प्राप्त गर्न सकिन्छ। स्पेसलाइजेसन दृष्टिकोण बेलायती-अमेरिकी उदारवादी परम्परामा आधारित छ। यस दृष्टिकोणले के मान्यता राखेको छ भने एउटा सामाजिक क्षेत्र वा खण्डमा रहेको अनि एउटा पेशा गर्ने मानिस अर्को सामाजिक क्षेत्र वा पेशामा जान सक्छ र जान सक्नुपर्छ। असमावेशीकरण गर्नु भनेको कसैलाई कुनै कुरासम्म पूर्ण रूपमा पहुँच नदिन वा अर्को समूहसँगको अन्तरक्रियामा भाग लिन नदिनका लागि गरिने विभाजन हो। म्याक्स वेभरबाट प्रभावित मोनोपोली दृष्टिकोणका अनुसार सामाजिक वर्गीकरण जबर्जस्ती लादिएको हुन्छ, यस्तो वर्गीकरण तहगत शक्ति सम्बन्धहरूमार्फत लादने गरिन्छ। एउटा समूहले एकाधिकार जमाएको परिणामस्वरूप असमावेशीकरणको अवस्था सिर्जना हुन्छ जसले आफूभन्दा बाहिरकालाई मूल्यवान् संसाधनको उपयोग गर्न दिँदैन। सामाजिक प्रजातान्त्रिक नागरिकतामार्फत यस्तो अवस्थामा सुधार ल्याउन सकिन्छ।

**सामाजिक असमावेशीकरणका विशेषता**

सामाजिक असमावेशीकरणका तीनवटा विशेषता छन् : पहिलो, सामाजिक असमावेशीकरण भनेको सामाजिक सम्मिलनको उल्टो अवस्था हो अर्थात् समाजमा पूर्ण रूपमा भाग लिन असमर्थ हुनु हो। दोस्रो, यो बहुआयामिक प्रकृतिको छ किनभने यसले आर्थिक, सामाजिक र राजनीतिक क्षेत्रमा भएका असमावेशीकरणलाई बुझाउँछ र यसले सांस्कृतिक र सामाजिक पहिचान समेतलाई समेट्छ। तेस्रो, यस्तो अवस्था जहाँ मानिसलाई खास प्रक्रिया र संयन्त्रद्वारा समावेश हुन दिइँदैन। यसमा संस्थागत वा प्रणालीगत कुरामा जोड दिइएको हुन्छ। उदाहरणका लागि जातिप्रथालाई लिन सकिन्छ।

**सामाजिक असमावेशीकरणको परिभाषा**

सामाजिक असमावेशीकरणका धेरैजसो परिभाषाले सामाजिक जीवनमा सहभागिता अथवा नागरिक अधिकारमा जोड दिएका छन् । युरोपेली फाउन्डेसनले सामाजिक असमावेशीकरणलाई यसरी परिभाषित गरेको छ– “यस्तो प्रक्रिया जसमार्फत व्यक्ति वा समुदाय आफू बसेको समाजका सबै क्षेत्रमा सहभागी हुनबाट पूर्ण वा आंशिक रूपमा वञ्चित गरिएका हुन्छन् ।” यस परिभाषाले सहभागितामा जोड दिएको छ । गोर र फिगुइरेडोले नागरिक अधिकारमा जोड दिँदै सामाजिक असमावेशीकरण भनेको ‘व्यक्ति र समुदायलाई कुनै वस्तु, सेवा, गतिविधि र स्रोतसाधनसम्म पहुँच (जुन उनीहरूका मौलिक अधिकार हुन्) नदिने स्थायी प्रकृतिको सामाजिक सम्बन्ध’ हो भनेका छन् ।

आयरिस यङ जस्ता राजनीतिशास्त्रीहरूले राजनीतिक असमावेशीकरण अर्थात् छलफल र निर्णय प्रक्रियामा भाग लिने अवसरबाट वञ्चित हुनु अनि साम्राज्यवादी शैलीको विवादमा भाग लिनुपर्ने अवस्थालाई असमावेशीकरणको सबैभन्दा मुख्य किसिम मानेका छन् । यङको के तर्क छ भने असमावेशीकरणको अवधारणालाई युरोपमा जस्तै शोषण, जातिभेद, बेरोजगारी जस्ता सबै किसिमका सामाजिक द्वन्द्व र अन्याय बुझाउनका लागि उपयोग गर्ने हो भने यस शब्दले वास्तविक अर्थ गुमाउँछ । उनको तर्क छ– यस्ता खालका अन्याय र असमानताले राजनीतिक असमावेशीकरण बढाउँछन् तर यिनीहरू सही अर्थमा असमावेशीकरण होइनन् ।

धेरै बहुसंस्कृतिवादीहरू विशेषगरी अमेरिकाका बहुसंस्कृतिवादीहरू आर्थिक वा राजनैतिक असमावेशीकरणभन्दा ज्ञान, विद्वतवृत्ति र कलाका क्षेत्रमा भएका सांस्कृतिक असमावेशीकरणमा बढी जोड दिन्छन् । उनीहरूका तर्कअनुसार ज्ञान, मूल्य-मान्यता र संस्कृति भनेको के हो भन्ने कुरा प्रभुत्वशाली समूह (उदाहरणका लागि, अमेरिकाको प्रसङ्गमा गोराहरू) ले परिभाषित गर्छ र ज्ञान वा सत्य (स्कूल र कलेजमा पढाइने किताब) माथि नियन्त्रण गर्छ । देशको इतिहास र संस्कृतिमा अरू समुदाय (जस्तै– काला र हिस्पानिक) को योगदानलाई अस्वीकार गरिन्छ वा ओझेलमा पारिन्छ ।

न्यान्सी फ्रेजरको तर्कमा विभेदका आर्थिक र सांस्कृतिक स्वरूपका बीचमा प्रथमतः फरक छुट्याउनुपर्छ । सांस्कृतिक विभेदमा प्रभुत्वशाली समुदायले कमजोर समुदायको पहिचान मेटाइदिन्छ, आफ्ना मूल्य-मान्यता लाद्न खोज्छ अथवा केही समुदायका मानिसलाई सधैँभरि अपमान गर्छ र उसको खिल्ली उडाउँछ जसले गर्दा पहिचानको राजनीति जन्मन्छ र आफू अरूभन्दा फरक हौँ भन्ने भावना जाग्छ (नेवार र थकाली समुदायमा भएजस्तो) । अर्कातिर आर्थिक असमावेशीकरणका कारण स्रोतसाधनको पुनर्वितरणको विषय राजनीतिक मुद्दा बन्न जान्छ (उदाहरणका लागि, गरिब बाहुनछेत्री) । सांस्कृतिक र आर्थिक दुवै खाले विभेद मिसिनाले उत्पन्न अन्यायको अवस्था पनि हुन्छ । नेपालको सन्दर्भमा दलित, जनजाति र मुस्लिम यस्तो मिश्रित विभेदको अवस्था भोगिरहेका छन् । त्यसैले उनीहरू पहिचानका साथासथै स्रोतको पुनर्वितरणका लागि लडिरहेछन् ।

**असमावेशीकरण र समावेशीकरणका प्रकार**

सामाजिक असमावेशीकरण र समावेशीकरणका विभिन्न प्रकार हुन्छन् । अमर्त्य सेनले असमावेशीकरणलाई सक्रिय र निष्क्रिय भनी दुई भागमा बाँडेका छन् । सक्रिय असमावेशीकरण योजनाबद्ध नीति अथवा कानुनको परिणाम हो । जस्तै– बसाइँ सरेर आएका वा बाहिरबाट लखेटिएर आएका शरणार्थीलाई राजनीतिक मान्यता वा नागरिकता नदिनु जसले गर्दा उनीहरू नागरिकले पाउने धेरै सुविधाबाट वञ्चित हुन्छन् । निष्क्रिय असमावेशीकरण सामाजिक प्रक्रियाको उपज हो जहाँ कसैलाई जानीजानी असमावेशीकरण गर्ने प्रयास गरिएको हुँदैन । उदाहरूणका लागि मन्द व्यवस्थाले सिर्जना गरेको गरिबी । यो योजनाबद्ध ढङ्गले बनाइएको नीति अथवा कानुनको परिणाम होइन ।

आइरिस यङले प्रत्यक्ष र अप्रत्यक्ष राजनीतिक असमावेशीकरणबीचको फरक छुट्याएको पाइन्छ । प्रत्यक्ष असमावेशीकरणमा आर्थिक र सामाजिक रूपले शक्तिशाली समुदायले सार्वजनिक छलफल र निर्णय गर्ने निकायसम्मको पहुँचमा नियन्त्रण गरेर (निमुखा) व्यक्ति तथा समुदायलाई छलफल र निर्णय प्रक्रियाबाट वञ्चित गराउँछ । अप्रत्यक्ष असमावेशीकरणमा छलफल र निर्णय प्रक्रियामा उनीहरूको ‘पहुँच’ त हुन्छ तर उनीहरूको ‘आवाज’ झिनो हुन्छ वा निर्णय प्रक्रियालाई प्रभावित पार्ने उनीहरूको क्षमता कम हुन्छ किनभने शक्तिशाली समुदायले उनीहरूको विचारलाई मान्यता दिँदैनन् वा त्यत्तिकै उडाइदिन्छन् ।

ज्याक्सनले के तर्क गरेका छन् भने व्यक्ति वा समुदाय कुनै एक क्षेत्रमा उपेक्षित भएका बेला अर्को क्षेत्रमा समाविष्ट भएको हुन पनि सक्छ । उदाहरणका लागि, नेपालमा पहाडे दलित राजनीतिक र आर्थिक क्षेत्रमा बहिष्कृत छन्, तर भाषा (नेपाली) का क्षेत्रमा उनीहरू समाविष्ट छन् ।

सबै किसिमका समावेशीकरण फाइदाजनक नहुन सक्छन् । समावेशीकरणको त्यस्तो ढाँचा पनि छ जो असमावेशीकरणभन्दा खराब हुन्छ भन्ने कुरा पनि ख्याल राख्नुपर्छ । विकास र लैङ्गिक विषयमा सुरुका छलफलमा महिलाहरू विकास र रोजगारीमा

उपेक्षित छन् भनिएको थिएन। तर उनीहरूलाई जुन तरिकाले समावेश गरिएको थियो त्यो तरिका गलत थियो। एउटै खालको कामका लागि उनीहरूलाई पुरुषलाई भन्दा कम तलब दिइनु अथवा उनीहरूलाई नर्सिङ र सेक्रेटरी जस्ता 'महिलाले गर्ने' भनी छुट्याइएका काम मात्र दिनु त्यसका उदाहरण हुन्। नेपाली समाजमा जनजाति समुदायलाई जातीय वर्गीकरणमा बाहुन र छेत्रीभन्दा तल राख्नु पनि यस्तै खालको असमावेशी कार्य हो।

राजनीतिक समावेशीकरण भन्नाले असमानतामूलक संरचना नफेरिकनै असमावेशीकरणको सिकार भएका समूहलाई समावेश गर्नु भन्ने अर्थ पनि लाग्न सक्छ। युरोपमा समावेशीकरणलाई बढावा दिनुको उद्देश्य सामाजिक सद्भाव बढाउनु थियो। यो भनेको समाजमा 'नमिल्ने' समूहलाई मिल्ने बनाउनु थियो, मूल्य-मान्यता र संस्थाहरूलाई बदल्नु थिएन। यस्तो अवस्थामा केही समुदायले आफूले स्वीकार नगरेको आदर्श/मान्यता भएको समाज वा शासनमा समाविष्ट हुनुका सट्टामा उपेक्षित हुन चाहनु अनौठो कुरा होइन। उनीहरू बरु बाहिरियाको हैसियत राख्न रुचाउँछन्। किनभने यसो गर्दा उनीहरूले आफ्नो आदर्श/मान्यता र प्राथमिकता निर्धारण गर्न पाउँछन्। यसरी उपेक्षित भएकाहरू केन्द्रको प्रभुत्ववादी सोचाइलाई चुनौती दिने काममा अरूभन्दा बढी सक्षम हुन सक्छन्।

समावेशीकरणले असमावेशीकरणतिर लैजान सक्छ भन्ने कुरा पनि हामीले सोच्नुपर्छ। उदाहरणका लागि, आफैँ सामाजिक रूपले असमावेशीकरणको मारमा परेका समुदायले आफूभन्दा कमजोर समुदायलाई छुट्याएर वा अलग पारेर आफूले चाहिँ समावेशीकरणको अवस्था हासिल गरेको ठान्न सक्छ। यो कुरा नेपालका जनजाति भनिने समूहले दलितप्रति भेदभाव र माथिल्लो जातका महिलाले तल्लो जातका महिलालाई भेदभाव गर्दै आएको परम्परामा देख्न सकिन्छ।

सामाजिक असमावेशीकरण र समावेशीकरणसम्बन्धी चिन्तनले असमावेशीकरण र समावेशीकरणका प्रक्रिया र संयन्त्रका बारेमा ध्यान दिएका छैनन्। ऐन, कानुन र संस्थाले असमावेशीकरणको सन्दर्भ, ढाँचा तथा औचित्य प्रदान गरेका हुन्छन् तर ती आफैँमा असमावेशीकरण नहुन सक्छन्। असमावेशीकरणको मारमा परेका समुदायले पनि त्यस्तो अवस्थालाई निष्क्रिय भएर स्वीकारेका हुँदैनन्। उनीहरूले विभिन्न तरिकाले यसको विरोध गरेका हुन सक्छन्– अर्को ठाउँमा बसाइँ सर्ने अथवा हिंसात्मक संघर्ष गर्ने काम त्यस्ता खालका विरोधमा पर्न सक्छन्।

नेपालमा 'समावेशीकरण' र 'असमावेशीकरण' जस्ता शब्दावलीलाई माथि छलफल गरिएजस्तो अवधारणागत अर्थमा नभई सामान्य अर्थमा चलाउने गरिन्छ। नेपालमा हाल प्रचलित 'समावेशीकरण' र 'समावेशी लोकतन्त्र' जस्ता शब्दावलीहरू विगत केही वर्षदेखि चल्तीमा आएका हुन्। यी शब्दावलीहरू मूल रूपमा राजनीतिक र राज्यका अङ्गहरू

(संसद, निजामती सेवा र न्यायपालिका) मा भएका असमावेशीकरण बुझाउन उपयोग गरिन्छ। शिक्षा, साक्षरता दर, स्वास्थ्य र आयका क्षेत्रमा भएका असमावेशीकरण बुझाउन यिनको प्रयोग अलि कम मात्रामा गरिन्छ। सांस्कृतिक असमावेशीकरण (भाषा, 'संस्कृति' र धर्म) अनि जनजाति र मधेसीको पहिचान र मान्यताको राजनीतिका सन्दर्भमा पनि छलफल हुने गरेको छ। •

# बहुसंस्कृतिवाद

बन्दिता सिजापती

सन् १९७० र १९८० को दशकमा सीमान्तकृत समूहहरूको इतिहास, उनीहरूका उपलब्धि र कार्यलाई स्कूले शिक्षाको पाठ्यक्रममा राख्ने वा नराख्ने भन्ने विषयमा भएका छलफलका कारण अनि 'राजनीतिक रुपले उपयुक्त' वा सम्मानजनक भाषाको प्रयोगलाई संस्थागत गर्ने कलेज आन्दोलनमार्फत 'बहुसंस्कृतिवाद' शब्दावली प्रचलित भयो। अन्तर्राष्ट्रिय बसाइँसराइ, जनसांख्यिक परिवर्तन, आर्थिक एकीकरण अथवा आत्मनिर्णयको अधिकार (विशेष गरी आदिवासीहरूका अधिकार) जस्ता विषयले ल्याएको परिवर्तनले गर्दा यस अवधारणाले आप्रवासी र आदिवासी जाति तथा प्रभुत्वशाली संस्कृतिबीचको सम्बन्ध जस्ता विषयलाई टुङ्गो लगाउन कोसिस गरिरहेका अस्ट्रेलिया तथा क्यानाडा जस्ता मुलुकहरूमा बहुसंस्कृतिवादको अवधारणाले कानुनी संरचनामा संस्थागत मान्यता पायो।

मोटामोटी तवरमा बहुसंस्कृतिवाद भन्नाले कुनै समाज, समुदाय वा राज्यमा रहेका विभिन्न सांस्कृतिक वा जातिगत समूहहरूबीच 'सौहाद्रपूर्ण सहअस्तित्व' कायम रहनु भन्ने जनाउँछ। बहुसंस्कृतिवाद र बहुलवादलाई एकअर्काको पूरकका रूपमा प्रयोग गर्ने चलन भए पनि 'बहुलवाद' वा 'बहुलवादी समाज' को अवधारणाभन्दा 'बहुसंस्कृतिवाद' को अवधारणालाई अलिक विशिष्ट रूपमा प्रयोग गर्ने गरिन्छ। किनभने बहुसंस्कृतिवादले बृहत् कुरा समेट्छ। यद्यपि बहुलवादी शासकीय अवधारणाको विकास गर्ने प्रयासलाई बहुसांस्कृतिक भनेर चिनिएको समाजमा विशेष महत्त्व दिइएको पाइन्छ। खासगरी, 'बहुसंस्कृतिवाद' को अवधारणासँग सम्बन्धित छलफलमा सांस्कृतिक भिन्नता र प्रभुत्वशाली संस्कृतिलाई प्रमुख समस्याका रूपमा लिने गरिन्छ। यसको ठीक उल्टो, बहुलवादबारेको छलफल एकल राजनीतिक व्यवस्थामा विभिन्न सांस्कृतिक समूहहरूबीच शक्तिको बाँडफाँड कसरी गर्न सकिन्छ, उनीहरूको सामाजिक सम्मिलन कसरी गर्न सकिन्छ र उनीहरूलाई शासकीय परिधिभित्र कसरी ल्याउन सकिन्छ भन्ने विषयमा केन्द्रित रहेको हुन्छ।

क्यासमोरले भनेजस्तै 'बहुसंस्कृतिवाद' शब्दावलीको खास अर्थ वैचारिक तहमा, छलफलको तहमा र नीति वा व्यवहारको तीन तहमा बुझ्न जरुरी छ। वैचारिक तहमा बहुसंस्कृतिवाद भन्नाले समाजमा रहेको जातीय, धार्मिक, सांस्कृतिक र भाषिक विविधतालाई स्वीकार्नु भन्ने बुझिन्छ। छलफलको तहमा बहुसंस्कृतिवाद भन्नाले क्यानाडेलीहरूले भन्ने गरेजस्तो विविध रङ मिलेर बनेको चित्रझैं बेग्लाबेग्लै समूहहरू मिलेर बन्ने एक ढिको बुझिन्छ। अमेरिकीहरूले भने यसलाई 'सलादको भाँडो' भन्न थालेका छन् जहाँ सबै चीजको स्वतन्त्र अस्तित्व हुन्छ। यो अवधारणा पहिले भन्ने गरेजस्तो 'मेल्टिङ पट' (सबै चीज घुलमिल भएर आफ्नो अस्तित्व गुमाएको अवस्था) को अवधारणाभन्दा फरक छ। मेल्टिङ पटको अवधारणाअनुरूप अल्पसंख्यक जातिहरू प्रभुत्वशाली संस्कृतिमा मिसिएर आफ्नो अस्तित्व गुमाउँछन्। नीतिगत तहमा, बहुसंस्कृतिवादले विभिन्न समूहबीच या त सामञ्जस्यलाई बढावा दिन्छ या राज्य र जातीय अल्पसंख्यकबीचको सम्बन्धलाई परिभाषित गर्छ। उदाहरणका लागि, शिक्षा क्षेत्रमा बहुसांस्कृतिक शिक्षालाई प्रोत्साहन दिनुको अर्थ विभिन्न सांस्कृतिक तथा धार्मिक समूहहरूसँग सम्बन्धित सामग्रीहरूलाई पाठ्यक्रममा समावेश गरेर विभिन्न संस्कृतिका बारेमा चेतना वृद्धि गर्नु र भिन्नाभिन्नै पृष्ठभूमि भएका विद्यार्थीहरूबीच सकारात्मक सम्बन्ध स्थापित गर्नु हो।

बहुसंस्कृतिवादका समर्थकहरू साधारणतया यसलाई मानवअधिकार वा समूहका अधिकारको विषय ठान्छन्। उनीहरू विभिन्नताप्रति सहिष्णु भएर मात्र पुग्दैन, भिन्नतालाई सकारात्मक कुरा ठानेर त्यसलाई उच्च महत्त्व दिनुपर्छ भन्छन्। उदाहरणका लागि, दुईवटा कारणले गर्दा सामाजिक विभिन्नता राजनीतिक सम्पदा हुन् भन्ने तर्क आइरिस यङको छ। पहिलो, यसले राजनीतिक छलफलका सहभागीहरूलाई आत्मसम्मान जस्ता कुरा गर्नुको सट्टा न्यायका लागि आवाज उठाउन प्रेरित गर्छ। दोस्रो, यसले आफ्नो समाजबारेको ज्ञानलाई अधिकतम पार्न प्रजातान्त्रिक

समाजलाई सघाउँछ जसले उनीहरूलाई 'न्यायपूर्ण र बुद्धिमतापूर्ण' निर्णय लिन सहयोग गर्छ ।

अर्कोतिर यसका आलोचकहरूको के विचार छ भने बहुसंस्कृतिवादको अवधारणाले सामाजिक विभाजन ल्याउँछ र यसले राज्यको एकता एवं सामाजिक तथा राजनीतिक सहिष्णुतालाई खतरामा पार्न सक्छ । समाजलाई विभिन्न जातीय गुटहरूमा विभाजन गर्न सक्छ जसलाई बाल्कनीकरण (बाल्कान जस्तो बनाउने) भनिन्छ । उदाहरणका लागि, एल्स्थटेनले के तर्क गरेका छन् भने जातीय वैभिन्य प्रजातन्त्रलाई कमजोर बनाउने कारणमध्ये एक हो किनभने यस्ता जन्मसिद्ध जातीय चरित्रले मानिसलाई प्रजातान्त्रिक संवाद वा छलफलको कुनै गुञ्जायस नराखीकन उनीहरूलाई 'आफ्नो पहिचानको दलदलमा' फसाइराख्छ । अन्तमा यस 'सांस्कृतिक लडाइँ' वा राजनीतिक सङ्घर्षमा एउटा समूहले हार्छ र अर्को समूहले जित्छ ।

अरूहरूको तर्क छ बहुसंस्कृतिवादसम्बन्धी छलफलले सीमान्तकृत समूहहरूलाई अवसर उपलब्ध गराउनुको सट्टा उनीहरूलाई 'सांस्कृतिक वा सामाजिक अलगाव' को स्थितिमा जाकिदिन्छ । यसले गर्दा सीमान्तकृत समूहलाई सामाजिक मूलधारमा समाहित गराउनुपर्ने आवश्यकता नै ओझेलमा पर्छ । अमेरिकी नीति निर्माण तहमा द्रुतगतिमा बढ्दो बहुसंस्कृतिवादको छलफललाई आर्थर स्लेसिङ्गरले आफ्नो पुस्तक द डिसयुनाइटिङ अफ अमेरिकाः रिफ्लेक्सन्स् अन अ मल्टिकल्चरल सोसाइटी नामक पुस्तकमा के तर्क गरेका छन् भने बहुसंस्कृतिवादको अभ्यासले विभिन्नताको प्रशंसा गर्छ र सम्मिलनलाई परित्याग गर्छ जसले समाजको एकतालाई (यस मामिलामा अमेरिकी समाजको एकता) सङ्कटमा पार्छ किनभने बहुसंस्कृतिवादका समर्थकहरूमा 'जातिकेन्द्रित अलगाववादी' प्रवृत्ति रहेको हुन्छ ।

कसैकसैले के आरोप लगाएका छन् भने बहुसंस्कृतिवादलाई प्रोत्साहित गर्दा र सबै संस्कृतिलाई समान महत्त्व प्रदान गर्दा उनीहरूका कतिपय अनुचित रीतिरिवाजलाई समेत वास्ता गरिँदैन । जस्तो कतिपय समूहको संस्कृतिमा लैङ्गिक विभेद अन्तरनिहित हुन्छ । उदाहरणका लागि, महिलावादी राजनीतिक सिद्धान्तकार सुजन ओकिनको तर्क छ– 'बहुसंस्कृतिवाद' र सांस्कृतिक बहुलताको संरक्षण गर्ने चाहनाले थुप्रै परम्परागत अल्पसंख्यक संस्कृतिमा रहेका लैङ्गिक विभेदको परम्परालाई निरन्तरता दिन्छ र यो 'संस्कृति' संसारभर भएका महिला अधिकार आन्दोलनले प्राप्त गरेको उपलब्धिलाई कमजोर पार्ने बहाना बन्न सक्छ । योर्गेन हावरमास जस्ता स्वतन्त्रतावादीहरूको तर्क छ– अल्पसंख्यक जातिको संस्कृतिको सुरक्षा र संरक्षण गर्ने नीति तथा उद्देश्यहरू र उनीहरूका परम्परा, मूल्य-मान्यताहरूलाई निरन्तरता दिने काम उदारवादी र संवैधानिक प्रजातन्त्रका उद्देश्य विपरीत छन् किनभने यसबाट आफ्नो परम्परागत सांस्कृतिक पहिचानलाई समयानुकूल सुधार गर्ने वा परित्याग गर्ने व्यक्तिको अधिकार कुण्ठित हुन्छ ।

बहुसंस्कृतिवादसम्बन्धी विषय, खासगरी संवैधानिक प्रजातन्त्र र विविध सांस्कृतिक पहिचानलाई दिइने मान्यता आजभोलि संसारभरिका बहुजातीय देशहरूमा बहसको केन्द्र बनेको छ । एमी गुटमनको तर्क छ– उदारवादी प्रजातन्त्रमा 'सबै नागरिक समान छन्' भन्ने मान्यताले दुई प्रकारको सम्मान खोज्छ : (१) व्यक्ति जुनसुकै जाति, वर्ण वा लिङ्गका भए पनि उसको अलग पहिचानको सम्मान र (२) पछाडि परेका समूहका मानिसहरूका क्रियाकलाप, चालचलन, मूल्य-मान्यता, अभ्यास र दृष्टिकोणको सम्मान । संवैधानिक प्रजातन्त्रमा यी कुरा स्वीकार गरिएपछि बहुसंस्कृतिवादको मुख्य चुनौती भनेको अल्पसंख्यकको अधिकार मानवअधिकारको सिद्धान्तसँग नबाझियोस् र व्यक्तिगत स्वतन्त्रता, प्रजातन्त्र तथा सामाजिक न्यायका सिद्धान्तले अल्पसंख्यकको अधिकारको सीमालाई सङ्कुचित नगरिदिओस् भनी सुनिश्चित गर्नु हो । विल किम्लिकाले अल्पसंख्यक जातीय अधिकारहरूलाई तीन किसिमले मान्यता दिन सकिने कुरा व्यक्त गरेका छन् जसबाट आफ्नो जातिलाई नै सर्वश्रेष्ठ ठान्ने, जातिभेद, रङ्गभेद र धार्मिक तथा राष्ट्रिय कट्टरता जस्ता दुर्गुणबाट बच्न सकिन्छ ।

क) स्वशासनको अधिकार । स्वशासनको अधिकार भन्नाले राष्ट्रिय अल्पसंख्यकलाई उनीहरूको संस्कृति र रीतिलाई पूर्ण तथा स्वतन्त्र रूपमा विकास गर्न पाउने गरी प्रत्यायोजन गरेको राजनीतिक स्वशासन वा प्रादेशिक नियन्त्रणको अधिकारलाई बुझाउँछ । स्वशासनको यस्तो अधिकारमा एक किसिमको

संघीयता (प्रायःजसो जातीय संघीयता) वा कहिलेकाहीँ अपवादका रूपमा अलग हुन पाउने अधिकारसमेत पर्दछन् । बहुसांस्कृतिक प्रणालीमा अल्पसंख्यकका अधिकारहरूलाई सुरक्षित गर्नका लागि संघीय प्रणाली केन्द्रीय सरकार र क्षेत्रीय प्रशासनिक एकाइहरूबीच अधिकारको बाँडफाँड गरिएको जातिगत आधारमा निर्माण गर्न सकिन्छ । क्यानाडाको क्युवेक प्रान्त यसको एउटा उदाहरण हो जहाँ ८० प्रतिशत फ्रेन्चभाषीहरू छन् र त्यहाँको शिक्षा, भाषा, संस्कृति आदि विषयमा फ्रेन्चभाषीहरूको नियन्त्रण रहेको छ ।

ख) बहुजातीय अधिकार । बहुजातीय अधिकारहरूमा एउटा निश्चित जाति वा धार्मिक समूहसँग सम्बन्धित कुनै रीति तथा परम्परालाई आर्थिक सहयोग र कानुनी संरक्षण प्रदान गरिन्छ । जातीय तथा धार्मिक अल्पसंख्यकलाई यस्तो अधिकार प्रदान गरि

नुको अभिप्राय उनीहरूको पृथक् सांस्कृतिक परम्पराप्रति उनीहरूले गर्व महसुस गर्न सक्ने वातावरण तयार पार्नु र उनीहरूको संस्कृति तथा धर्मलाई प्रभुत्वशाली समुदायको राजनीतिक तथा आर्थिक प्रचलनको ओझेलमा पर्नबाट बचाउनु हो। बहुजातीय अधिकारको लक्ष्य अन्तत्वोगत्वा अल्पसंख्यक समूहहरूलाई बृहत् समाजमा सम्मिलन हुन प्रोत्साहित गर्नु हो, अल्पसंख्यकको स्वशासनलाई बढावा दिनु होइन। स्वशासनसम्बन्धी अधिकार तथा बहुजातीय अधिकारबीचको मुख्य फरक यही हो।

ग) विशेष प्रतिनिधित्वको अधिकार। राजनीतिक प्रक्रियाले जनसंख्याको विविधतालाई प्रतिनिधित्व र प्रतिबिम्बित गर्न नसकेको अवस्थामा विशेष प्रतिनिधित्वको व्यवस्था गरिएको हुन्छ। विशेष प्रतिनिधित्वको अधिकारअन्तर्गत राष्ट्रका महत्त्वपूर्ण निकायहरूमा सकारात्मक विभेदको नीति अवलम्बन गरिएको हुन्छ अथवा खास जाति वा राष्ट्रिय समूहरूका लागि कोटा वा आरक्षण लागू गरिएको हुन्छ। सीमान्तकृत वा पछाडि परेका समूहहरूलाई व्यवस्थापिकामा निश्चित सिटको आरक्षण गरेर विशेष प्रतिनिधित्वको अधिकार प्रदान गर्न सकिन्छ।

**नेपालको सन्दर्भमा बहुसंस्कृतिवाद**

एक सयभन्दा बढी सामाजिक समूहको बासस्थान रहेको नेपाललाई विभिन्न जातजातिको 'सांस्कृतिक फूलबारी' का रूपमा वर्णन गरिन्छ। तथापि राजेन्द्र प्रधान र आभा श्रेष्ठले उल्लेख गरेजस्तै देशको सांस्कृतिक तथा भाषिक विविधतालाई राज्यले राष्ट्र निर्माण लगायत राष्ट्रको विकास र आधुनिकीरणकका लागि अवरोधका रूपमा लियो। परिणामस्वरूप, पञ्चायती कालको अन्त्यसम्म नेपाली राज्य तथा नेपालका शासक वर्गले नेपालको जनसांख्यिक विविधतालाई बेवास्ता गरेर पर्वते संस्कृति तथा पर्वते भाषाको एकल आधिपत्यलाई नियोजित रूपमा लाद्न कोसिस गरे।

२०४६ सालमा प्रजातन्त्रको आगमनसँगै एकात्मक राज्य प्रणाली र नागरिकहरूबीचको सम्बन्धमा महत्त्वपूर्ण परिवर्तन आयो। त्यसमध्ये एउटा परिवर्तन हो– नेपाललाई बहुजातीय तथा बहुभाषिक हिन्दू राष्ट्रका रूपमा सरकारी स्तरमा मान्यता प्रदान गर्नु। तर नेपाललाई हिन्दू राष्ट्रका रूपमा राखिराखेबाट नेपालको विविधतालाई कम महत्त्व दिइएको प्रस्ट थियो। २०६२/६३ को दोस्रो जनआन्दोलनभन्दा अघि बहुसंस्कृति र अल्पसंख्यकका अधिकार तथा सीमान्तकृत समूहहरू जस्तै महिला, मधेसी, जनजाति र दलितका मागहरूका बारेमा सार्थक छलफल हुन नसकेकोमा शङ्का छैन।

यी परिवर्तनसँगै नेपालले बहुसांस्कृतिक जनताका भाषा, शिक्षा, राज्यको संरचना, राज्यका विभिन्न निकायहरूमा प्रतिनिधित्व र नागरिकता आदिसँग सम्बन्धित महत्त्वपूर्ण तर विवादास्पद प्रश्नहरूलाई झेल्न परेको छ। नेपालले हालसम्ममा विशेष प्रतिनिधित्वको अधिकारलाई मान्यता प्रदान गरेर (उदाहरणका लागि, संविधानसभाको चुनाव र सरकारी सेवामा मधेसी, जनजाति, महिला आदिलाई आरक्षणको व्यवस्था) सकारात्मक पाइला चालिसकेको छ। यसअघिको पहाडे हिन्दू चाडहरूमा मात्र सार्वजनिक बिदा दिने परम्परालाई त्यागेर विभिन्न सांस्कृतिक पर्वमा बिदा दिने निर्णयलाई राज्यले अँगालेको विषयलाई बहुसांस्कृतिक नीतिको अर्को उदाहरणका रूपमा लिन सकिन्छ।

अर्कातिर, स्वशासनसम्बन्धी अधिकार र बहुजातीय अधिकार स्थापित गर्ने सम्बन्धमा आन्दोलनरत समूहहरूले मागेका कुराहरूप्रति सहमति जनाउने काम मात्र भएको छ। यसले गर्दा सामाजिक रूपमा अरू बढी विभाजन ल्याउने र सामाजिक तथा राजनीतिक सद्भावलाई खलबल्याउने प्रवृत्ति बढेको छ जसका कारण राज्यमा रहेका विभिन्न जाति-उपजातिहरूबीचमा द्वन्द्व बढ्न सक्नेछ। थारूलाई मधेसीका रूपमा राख्ने सरकारी अध्यादेशको थारू समुदायद्वारा गरिएको कडा विरोधलाई यसको नवीनतम उदाहरणका रूपमा लिन सकिन्छ। •

# सर्वसत्तावाद

ध्रुवकुमार

'सर्वसत्तावाद' भन्नाले यस्तो अवस्था भन्ने बुझिन्छ जतिबेलामा राज्यका सबै कामकारबाही र अङ्गहरूमा कुनै एक व्यक्ति वा पार्टीको पूर्ण नियन्त्रण रहेको हुन्छ। राज्यले आधुनिक प्रविधिको उपयोगमा एकाधिकार मार्फत आफनो पहुँच बढाएर यस्तो नियन्त्रण कायम गरेको हुन्छ। यो राज्यले लगातार आफनो उपस्थिति कायम राख्ने र आफना जनताको सामाजिक-सांस्कृतिक, आर्थिक तथा राजनीतिक जस्ता हरेक मामलामा प्रभाव जमाउने अत्यावश्क तरिका हो। अर्का शब्दमा भन्दा, सर्वसत्तावादमा जनताका सामाजिक-सांस्कृतिक, शैक्षिक, आर्थिक र राजनैतिक गतिविधिमा राज्यको पूर्ण नियन्त्रण हुन्छ। यसो गर्नका लागि राज्यलाई प्रहरीराज्यमा बदलिएको हुन्छ, जसले आफनो कामकारबाहीका लागि उपलब्ध भएसम्म सबै आधुनिक साधन उपयोग गर्छ। सर्वसत्तावादको अवधारणाको उदय आधुनिक विज्ञान र प्रविधिको विकाससँगै भएको हो। औद्योगिकीरण भएका युरोपका विभिन्न देशमा यसलाई प्रणालीका रुपमा ब्यबहारमा लागू गरियो। यसै कारणले हुनुपर्छ सर्वसत्तावादलाई विसौँ शताब्दिको विशेषता ठानिएको छ। यस प्रणालीले संगठित हिंसाको उपयोग गर्ने र नियन्त्रणलाई कडाइका साथ लागू गर्ने मामलामा निरंकुशतावाद, अधिनायकवाद र पूर्वीय तानाशाहवाद जस्ता यस अघिका सबै खालका शासनलाई उछिनेको छ।

स्ट्यामरका अनुसार, सर्वसत्तावादको अवधारणामा "समग्र सामाजिक संरचना र यसलाई रुपान्तरण गर्नका निम्ति अपनाइने उपाय, केन्द्रीय रुपमा निर्देशित अर्थतन्त्रका साथै आफनो शासनलाई उचित ठान्ने र कायम राख्ने खालका राजनीतिक विचारधारा र न्यायप्रणाली विकासित गरिएका हुन्छन्।" छोटकरीमा भन्दा, हामी यस्तो अवस्थालाई मात्र सर्वसत्तावादी भन्न सक्छौँ जहाँ केन्द्रमुखी आन्दोलन भएको हुन्छ जसको नेतृत्व सैनिकराजनीतिक अल्पसङ्ख्यकले शक्तिले गरेको हुन्छ। उसले आफूमा एकाधिकार रहेको शक्तिका आधारमा, तानाशाही राज्यको सहयोग लिएर शक्तिका विभिन्न उपाय अपनाएको हुन्छ जसले समाजका सबै क्षेत्रमा नियन्त्रण जमाएको हुन्छ।"[१] अर्कातिर, स्क्रुटनले के भनेका छन् भने "सर्वसत्तावाद हिंसक हुनैपर्छ भन्ने छैन्" तर यो अन्यायी भने हुन्छ। "किनभने यस प्रणालीमा मानिसका नैसर्गिक अधिकारमा राज्यको हस्तक्षेप हुन्छ र माथिबाट नियन्त्रित नभएका सबै खालका सामाजिक वनावटको उन्मूलन गरिएको हुन्छ।"[२] शब्दकोशले भने सर्वसत्तावादको अर्थ यस्तो लगाएको छ- एउटा यस्तो शासनप्रणाली जहाँ एउटा मात्र दलले शक्तिको एकलौटी उपयोग गर्छ र नागरिकमाथि उसको पूर्ण नियन्त्रण हुन्छ।[३]

यस्तो शासनप्रणालीमा शक्ति र नियन्त्रण कसरी हासिल गरिन्छ र कायम राखिन्छ ? मानिसको सोचाइ समेत नियन्त्रण गर्ने प्रक्रियाको विकास गर्न र त्यसलाई निरन्तरता दिनका लागि सर्वसत्तावादको अवधारणा र समाज/राज्यमा भएका प्राविधिक विकासलाई मिश्रण गरिएको हुन्छ। हिटलरको जर्मनी र स्टालिनको रसियालाई सर्वसत्तावादको उदाहरणका रुपमा लिइन्छ। यस बाहेक माओका बेलाको चीनलाई मात्र होइन १९८९ को तियान्मेन हत्याकाण्ड ताकाको देङसियाओ पिङको चीनलाई पनि सर्वसत्तावादको उदाहरणका रुपमा लिइन्छ। सर्वसत्तावाद भिन्न मत राख्नेहरूप्रति स्वभावैले असहिष्णु हुने हुनाले, यस्तो प्रणालीमा राज्यले भनेका कुरामा पूर्ण रुपमा आज्ञाकार हुनुपर्ने हुनाले र एकजना व्यक्ति वा दलको नेतृत्वलाई चुनौति नदिइयोस भन्ने ठानिनाले सर्वसत्तावादी शासन प्राविधिक विकास गर्न नसकेका निरकुंश र एकाधीनवादी सत्ता भन्दा बढी डरलाग्दो हुन्छ। समाजवैज्ञानिकहरूले अधिनायकवादी, फासीवादी, साम्यवादी र नाजीवादी सम्बन्धी परिभाषा सम्बन्धमा वादविवाद गरेर तिनका बीचको अन्तर

1 Otto Stammer, 'Dictatorship,' in David L. Sills, ed., International Encyclopaedia of the Social Sciences, vols. 3&4, New York: The Macmillan Company & The Free Press, 1968: 165.
2 Roger Scruton, A Dictionary of Political Thought, London: Pan Books/ Macmillan Press, 1982.
3 Oxford Advanced Learner's Dictionary (Seventh Edition), Oxford: Oxford University Press, 2005.

देखाएका छन् । तरपनि सर्वसत्तावादका बारेमा आरेन्ड्टले १९५० को दशकमा लेखेको कुरा अहिले पनि सही छ । फ्रेडेरिक र ब्रेजेनेस्कीले सर्वसत्तावादका ६ वटा अनिवार्य विशेषता रहेको बताएका छन् : (क) एउटै मात्र दल, (ख) सरकारी विचारधारा, (ग) अर्थतन्त्रमा दलको नियन्त्रण, (घ) आमसञ्चार, (ङ) प्रभावकारी सशस्त्र युद्ध साधन, र (च) आतङ्ककारी शैलीको प्रहरी नियन्त्रण । सोभियत सत्ता विशेषगरी स्टालिनका पालाको यस्तो सत्ता हो जसले आतङ्क, परीक्षण ...... र गुप्तचर प्रहरीको उपयोग गरेर अत्याचार गरेको थियो ।

यसको ठीक विपरीत यस्ता देशहरू पनि छन् जसले औद्योगिक रुपमा थोरै मात्र प्रगति गरेका छन् र प्राविधिक रुपमा कमजोर छन् तैपनि दमन गर्ने मामलामा उत्तिकै अगाडि छन् । कम विकसित विश्वमा एउटा दलको नियन्त्रणमा रहेका राज्य पनि छन् जसले मानिसको विचारधारा नियन्त्रण गर्ने उपाय अपनाएर मानिसमा आफनो दलको विचारधारा लादेका छन् । धाकधम्की र कारबाहीको माध्यम अपनाएर दल र जनताका बीचमा सम्बन्ध कायम गर्न उनीहरू धेरै हदसम्म सक्षम भएका पनि छन् । नियन्त्रका लागि प्रविधिको ठूलो भूमिका छ । आफनो विचार फैलाउने र मानिसको दिमाग भुट्ने साधानका रुपमा सञ्चारमाध्यमको प्रविधिका साथै युद्धप्रविधि र पहुँचको उपयोग गर्नमा दक्ष नहुने हो भने सर्वसत्तावादको अस्तित्व रहँदैन ।

साम्यवाद, फासीवाद र नाजिवादलाई सर्वसत्तावादी प्रणालीका तीनवटा मुख्य शासनसत्ताका रुपमा लिइएको छ । यस्ता शासनप्रणालीमा अरू शासन प्रणालीमा नपाइने निम्न कुराहरू समान रुपमा पाइन्छन् : १) औद्योगिकीकरण, जातीय प्रभुत्व वा सर्वहाराको एकता जस्ता एकमात्र लक्ष्यप्रतिको प्रतिवद्धता, २) अनौपचारिक गुटवन्दी र झगडाबाट उत्पन्न अस्थायित्व र अनिश्चितता, ३) राज्यका दमनकारी अङ्ग मार्फत ठूलो मात्रामा संस्थागत हिंसाको उपयोग, ४) व्यक्ति तथा संगठनका विरुद्ध मुद्दा चलाएर, उनीहरूमाथि दमन गरेर, संगठन बनाएर उनीहरूलाई राज्यको उद्देश्य स्वीकार गर्न बाध्य पार्नु, (५) कुनै एउटा लक्ष्यमा लागेको सार्वजनिक संगठनमा भाग लिन सबैलाई बाध्य बनाउनु र (६) मानिसलाई सर्वसत्तावादी प्रणालीको जस्तो बनाउने अभियानलाई ब्यापक बनाउनु ।[४] उदाहरणका लागि सोभियत मान्छे जस्तो बनाउनु ।

तर माथिका विशेषताहरू सर्वसत्तावादी शासनमा मात्र पाइने विशेषता होइनन् । प्रजातान्त्रिक सरकारले पनि आमसञ्चार र परिचयात्मक अनुसन्धान प्रकाशन मार्फत प्रचार अभियान चलाएका हुन्छन् । यस्ता राज्यहरूले कुनै कुरामा अति कडा अभियान चालेका हुन्छन् । उदाहरणका लागि शीतयुद्धका बेलामा चलाइएको कम्युनिष्ट विरोधी प्रचार । अफगानस्तान र इराक जस्ता देशमा हिंसात्मक तरिकाले चलाइएका 'प्रजातान्त्रिक परियोजना' असफल भए पनि 'फ्रि तिब्बत' अभियानमा सहभागी जुटाउने क्रम अहिले पनि जारी छ ।

नाजीवाद र साम्यवादलाई सर्वसत्तावाद भएको आरोप लगाइए पनि प्रजातान्त्रिक शासनसत्तामा पनि सर्वसत्तावादका केही गुणहरू रहेका हुन्छन् किनभने पूर्ण नियन्त्रण कायम गर्नु मानवीय मनोविज्ञान हो । तर बहुलवादी हुनाले प्रजातान्त्रिक शासनमा आत्मसंयम पनि अपनाइन्छ । प्रजातान्त्रिक ब्यवस्थामा कार्यकारीका आदेशका भरमा भएका निर्णयहरू सधैँभरि कार्यान्वयन हुँदैनन् । यसरी प्रजातान्त्रिक ब्यवस्थामा शक्तिको एकाधिकार सिमित पारिएको हुन्छ । प्रजातान्त्रले शक्तिलाई केन्द्रीकरण गर्ने प्रक्रियामा पनि सीमा लगाएको हुन्छ । यो कुरा राज्यको चरित्र कस्तो छ अर्थात ऊ अधिनायकवादी हो कि, निरकुंश हो कि, सर्वसत्तावादी हो कि वा प्रजातान्त्रिक हो भन्ने कुराको महत्वपूर्ण आधार हो ।

युरोपमा सर्वसत्तावादको उदय हुनका कारणहरूका बारेमा धेरै अडकल काटिएका छन् । बिसौँ शताब्दिको सुरुमा प्रजातान्त्रिक होला भनि ठानिएको शासन सैनिक भद्रगोलमा फेरिएपछि भएको राष्ट्रिय अपमान र आम मानिसमा उत्पन्न निराशा ती मध्ये एक हो । युरोपको अनुभवलाई सर्वसत्तावादका बारेमा बुझ्ने गाइडका रुपमा लिने हो भने हरेक अधिनायकवादी शासनको ब्यवहार फरक फरक हुन्छ । आफना विपक्षीलाई खत्तम गर्न, मार्न, सफाया गर्न गुप्तचर प्रहरी, भिजिलान्ते र हत्याराहरूलाई औपचारिक वा अनौपचारिक कुनै किसिमले उपयोग गर्ने चलन दक्षिण एसियामा पनि छ । तर दक्षिण एसियाका कुनै पनि शासनप्रणालीलाई सर्वसत्तावादी भन्न मिल्दैन ।

अवधारणाको तहमा सर्वसत्तावादलाई बुझ्ने विषयमा मतमतान्तर छ । सर्वसत्तावाद भनेको के हो भन्ने कुरा समाजविज्ञानका क्षेत्रको कहिल्यै नटुंगिने बहस हो । तरपनि, हरेक सामाजिक सम्बन्धमा राज्यको हस्तक्षेप हुनु र राज्यको सर्वोच्चता रहनु यस शासनब्यवस्थाको सबै भन्दा महत्वपूर्ण विशेषता हो ।

---

4 Herbert J. Spiro, " Totalitarianism", in David L. Sills, ed., International Encyclopaedia of the Social Sciences, vols. 16, New York: The Macmillan Company & The Free Press, 1968: 112.

# फासीवाद

ध्रुवकुमार

सामाजिक र राजनीतिक अवधारणाका रूपमा फासीवादले नकारात्मक भाव दिन्छ। यो शब्दावलीलाई कुनै व्यक्तिको बानीबेहोरा र विशेषता बुझाउन र कुनै राज्यको सामाजिक-राजनीतिक प्रक्रियाका बारेमा बताउनका लागि उपयोग गरिन्छ। कुनै व्यक्तिका बारेमा यो शब्द उपयोग गरियो भने त्यसले सामान्यतया त्यो व्यक्ति अनुदार मिजास भएको, असहिष्णु र अरूलाई दबाउने बानी भएको भन्ने बुझिन्छ। 'फासीवादी' एउटा यस्तो बर्ग हो जसलाई त्यस्तो विशेषता वा ब्यबहार भएको कुनै व्यक्ति अथवा राज्य भनेर बुझाउन उपयोग गरिन्छ जो व्यक्तिवादी, उद्दारवादी, पूँजीवादी र मार्क्सवादी होइन। थियोडोर अडोर्नोले कोरेको फासीवादीको चित्र चित्ताकर्षक तर अनादरार्थी छ। उनका अनुसार, त्यो व्यक्ति फासीवादी हो जो जातिवादी छ र जसले ब्यबहारमा जातिकेन्द्रित विचारधारा स्वीकारेको हुन्छ, त्यसैले उसको स्वभाव सर्वसत्तावादी हुन्छ र ऊ आफनो पहिचान र समाजमा उसको अवस्थाप्रति होसियार हुन्छ।[१] उदाहरणका लागि, भारतको गुजरातका मुख्यमन्त्री नरेन्द्र मोदी भारतको हालसालैको इतिहासमा देखिएका फासीवादी चरित्रका प्रतिमूर्ति हुन्।

अवधारणा र विचारधाराका रूपमा पनि फासीवाद मानिसको मानसिक प्रवृत्तिसँग सम्बन्धित छ। यो एउटा यस्तो अवस्था हो जुन अवस्था स्थापित शासन व्यवस्था र सुरक्षा (शारीरिक र भौतिक दुवै किसिमको) कायम गरेर एकजना मानिसको आर्थिक, सामाजिक र मनोवैज्ञानिक सन्काहापनको सन्तुष्टि लिने चाहनाले गर्दा उत्पन्न हुन्छ। फासीवादी शासनब्यवस्था भन्नाले मुख्यतया इटलियन र जर्मन राजनीतिसँग जोडिएको भएपनि बृहत्तर सन्दर्भमा, जर्मनी, जापान र इटली जस्ता देशमा गरिएको प्रजातान्त्रिक व्यवस्थाको परीक्षण असफल भएपछि फासीवादको उदय भएको हो। प्रजातन्त्र विना फासीवादको जन्म हुन असम्भव छ भन्ने विशवास गरिन्छ किनभने जर्मनीको वेमर गणतन्त्र, गोलिटी अर्न्तगतको इटाली र १९२० को दशकको जपानको जस्तो अस्थिर र कमजोर प्रजातान्त्रिक व्यवस्थाको असफलताको प्रतिक्रिया स्वरूप फासीवादको उदय भएको हो। ती देशमा अस्थिर र कमजोर प्रजातान्त्रिक व्यवस्थाले अनुदारवादलाई लोकप्रिय बनायो र फासीवादलाई सामाजिक आन्दोलनको गति दियो।

फासीवादलाई बुझाउने अंग्रेजी शब्दावली 'फासिज्म' ल्याटिन शब्द फासेस, अर्थात टाउको माथि पारिएको बन्चरोमा बेरिएका रडको मुठोबाट आएको हो। यसलाई सरकारको शक्तिको प्रतिकका रूपमा लिइन्छ। यसले राजनीतिक नेतृत्व (बन्चराको टाउको) को नेतृत्वमा सामाजिक एकता (मुठो) लाई जनाउँछ। पहिले, पहिले फासेस शब्दले कुनै व्यक्ति अथवा प्रणालीको निर्विवाद शक्तिलाई जनाउँथ्यो। फासीवादी राज्य एकल संगठनवादी (कर्पोरेटिस्ट) राज्य हो जहाँ राज्य भन्दा बाहेकका स्वायत्त संगठनलाई चल्न दिइँदैन अथवा त्यस्ता संगठनलाई दमन गरेर राज्यलाई सामाजिक संगठनको एकमात्र प्रतिनिधि बनाइन्छ। जव कुनै राज्य कुनै ' चमत्कारी' नेता जसलाई जनताले राष्ट्रिय एकताको प्रतीकका रूपमा लिन्छन्, नेपालका राजालाई भगवान विष्णुको अवतार माने जस्तै गरी, को नेतृत्वमा हुन्छ त्यसले मानिसका हरेक सामाजिक सम्बन्धलाई नियन्त्रण गर्न खोज्छ। राजतन्त्रलाई फासीवादी भन्न मिल्दैन। तैपनि राजतन्त्रवादीहरू जातिवाद अथवा कुनै एउटा संस्था सर्वोच्च भएको दावी गर्ने विचारधारामा अत्यधिक भर पर्छन्, शासन व्यवस्थाका विरोधीहरूलाई दमन गर्न सेना र प्रहरीको व्यापक उपयोग गर्छन्। अवधारणाका रूपमा फासीवाद 'एउटा अति दक्षिणपन्थी राजनीतिक प्रणाली अथवा प्रवृत्ति हो जसले बलियो केन्द्रिकृत सरकारको पक्षपोषण गर्छ र विपक्षीलाई दमन गर्छ।[२]

फासीवादको के विशेषता छ भने यसले दक्षिणपन्थी राज चलाउँछ जहाँ सरकारको केन्द्रिकृत संरचना हुन्छ, सरकार फरक

1 Theodor W. Adorno, Else Frenkel-Brunswik et al, The Authoritarian Personality, New York: Harper and Row, 1950.

2 Oxford Advanced Learner 's Dictionary (Seventh Edition), Oxford: Oxford University Press, 2005.

राजनीतिक मत र विपक्षीप्रति असहिष्णु हुन्छ, राजनैतिक वाद/व्यक्ति प्रति अन्धभक्ति प्रकट गरिन्छ र कतै कतै सरकार यहुदी र अरब जातिका मानिसलाई देखि नसहने हुन्छ। धेरै विद्वानहरूले फासीवादलाई दक्षिणपन्थी राजनीतिक प्रणालीका रूपमा लिने विचारलाई चुनौति दिएका छन्। फासीवादले वामपन्थी राजनीतिक प्रणालीसँग गहिरो नाता जोडेको कुरा तत्कालीन सोभियत सङ्घले पुष्टि गरेको छ। यसले फासीवाद दक्षिणपन्थी राजनीतिक विचारसँग मात्र जोडिएको हुन्छ भन्ने विचारलाई गलत सावित गरिदिएको छ। विद्वानहरूले के तर्क गरेका छन् भने, यद्यपि यो तर्क विवादास्पद छ, फासीवाद, नाजीवाद र साम्यवादका केही अन्तरनिहित साझा विशेषता छन्- मान्छे मार्ने र आफना नागरिकमाथि अत्याचार गर्ने। अर्को प्रमुख विशेषता के हो भने फासीवादी र कम्युनिष्टका बीचमा के कुरामा समानता छ भने उनीहरू नागरिकलाई राज्यका शत्रुका रूपमा बर्गीकरण गरेर उनीहरूलाई गैरमानव बनाउँछन् र धेरै मानिसलाई मार्छन्। विद्वानहरूको फरक दृष्टिकोण भए पनि, सामान्यतया के कुरा मतैक्य छ भने फासीवाद (नाजीवाद समेत) र साम्यवाद हान्ह आर्नेड्टले सन् १९५० को दशकमा सङ्केत गरेका विसौं शताब्दिका सर्वसत्तावादी शासनका दुई मुख्य भेद हुन्।[३]

सामाजिक आन्दोलनका रूपमा फासीवादको सुरुवात मुसोलिनीले गरेका हुन् जुन आन्दोलनले गर्दा उनी इटालीमा १९२२ मा सत्तामा पुगे। यो आन्दोलन उद्दारवादको विरोधी र साम्यवादको शत्रुका रूपमा रहेको थियो। फासीवादी आन्दोलनको कम्युनिष्ट र उद्दारवाद विरोधी अडानले गर्दा उद्दारवादी र वामपन्थी दुवैलाई फासीवादको विरोधमा एकजुट बनायो। जनतालाई परिचालन गरेर र उद्दारवाद र कम्युनिष्ट विरोधी विचारधाराप्रति जनताको समर्थन जुटाएर फासीवाद उल्लेखनीय रूपमा मौलायो। यो आन्दोलनलाई राज्यमा फैलिएको आलस्य, विनाशोन्मुखता र शक्तिहीनतालाई परास्त गर्दै राज्यमा पुर्नजागरण ल्याउने र राज्यका लागि त्याग गर्ने आन्दोलनका रूपमा प्रस्तुत गरियो। फासीवादीले राज्यलाई सामाजिक र व्यक्तिगत जीवनको सामूहिक प्रतिक हो भन्ने कुरामा जोड दिन्छन्। रोगर स्क्रुनले भनेका छन्- फासीवादीहरू 'गणतन्त्रवादी होइनन, समाजवादी होइनन, प्रजातन्त्रवादी होइनन, पुरातनवादी वा राष्ट्रवादी होइनन्। उनीहरू सबै नकारात्मकता र सकारात्मकताका संस्लेषण हुन्।' उनले भनेका छन्, 'विद्वानका दृष्टिकोणबाट हेर्दा फासीवाद फरक विचारहरूको सम्मिश्रण हो, प्रायसः गलत बुझाइ, प्रायसः लहडी। यो फरक विचारका रूपमा भन्दा एउटा यस्तो राजनीति विशेषताका रूपमा बढी प्रख्यात छ जहाँ थरिथरिका विद्वानका विचार एकाकार भएका छन्।'[४]

सामाजिक आन्दोलनका रूपमा फासीवाद राम्रो उद्देश्यका साथ सुरु भएको आन्दोलन कसरी नराम्रो ब्यवहारमा बदलिन्छ भन्ने कुराको उदाहरण हो। फासीवाद इटलीमा संसदीय प्रणालीमा संकट आएपछि फलामे डण्डीका भरमा शासन गरेका कारणले मात्रै होइन दोस्रो विश्वयुद्धताका नाजी जर्मनीको साथी भएका कारणले पनि बदनाम भयो र यसलाई अन्तरराष्ट्रिय रूपमा निन्दा गरियो। दोस्रो विश्वयुद्धमा मित्रशक्ति विजयी भएपछि फासीवाद र नाजीवाद विश्व राजनीतिबाट लोप भए पनि विचार अथवा राजीतिक व्यवहारका रूपमा फासीवाद बारम्बार दोहोरिइरहने विशेषता भएको छ। उदाहरणका लागि सेप्टेम्बर ११ को आक्रमणपछि अमेरिकी राष्ट्रपति जर्ज बुशले आफनो भाषणमा 'आतङ्क विरुद्धको युद्ध' घोषणा गरे र 'आफना पक्षमा' नलाग्ने संसारका सबै मानिस ' आतङ्कवादीका पक्षमा' लागेको ठहरिने घोषणा गरे। यसलाई फासीवादको अनुहार भनी यूरोपमा खिल्ली उडाइयो। यसरी फासीवाद विभिन्न ढाँचा र नैतिक स्वरूपमा पाइन्छ। तिनमा १९२० को दशकको स्पेनको प्राइमो डे रिभेराको तुलनात्मक रूपमा अलि बढी सभ्य विचारधारादेखि इटलीको फासीवादको पहिलो दसकको क्रुरता र बहुलवादको समिश्रण, सोभियत संघको स्टालीनवादी छटनी र कत्लेआम हुँदै बल्कानको बर्बरता र प्रचलित सबै वादलाई बहिस्कार गर्ने नाजीवादी कुप्रथादेखि राष्ट्रपति बुशले चाहे जस्तै निरकुंश राज्य पर्दछन्।

इतिहासले के देखाएको छ भने इटली, जर्मनी र विशेषगरी जापानमा प्रजातन्त्रको असफलता नै फासीवाद उदय हुने प्रमुख कारण हो।[५] श्रमजीवी आम जनताका प्रजातान्त्रिक आकांक्षा पूरा भएनन भने समाज फासीवादी बन्छ। जुनसुकै राजनीतिक व्यवस्थामा पनि हतोत्साह बढ्दै जाँदा र स्थापित राजनीतिक शक्तिसँग आम जनताको मोह भङ्ग हुँदा फासीवादी आन्दोलनले उर्जा प्राप्त गर्छ। नेपालमा दोस्रो जनआन्दोलनको सफलता पछि आम मानिसका चाहना पूरा नहुँदा यसले आम मानिसमा असन्तुष्टि बढाएको छ। सरकारले रायमाझी आयोगले कारबाहीका लागि सिफारिस गरेका कसैलाई पनि कारबाही गरेन। भ्रष्टाचारका मामलामा पनि सरकारले आँखा चिम्लिएको छ। भ्रष्टाचारको अभियोग लागेका सबै मन्त्री, कर्मचारी र प्रहरी अधिकारीलाई

3 Hannah Arendt, The Origins of Totalitarianism, Hammondsworth, Middlesex: Penguin Books, 1958.

4 Roger Scruton, A Dictionary of Political Thought, London: Pan Books/ Macmillan Press, 1982

5 For details see, Barrington Moore, Jr., Social Origins of Dictatorship and Democracy, Harmondsworth, Middlesex: Penguin Books, 1977: 433-52.

अदालतले सफाइ दिएको छ। प्रजातन्त्रको दुर्गति भएर अराजकता फैँलदै जाँदा समाजबाट लुट्ने प्रवृत्ति फस्टाउँदो छ। यो नेपालको प्रजातान्त्रिक भविष्यका लागि शुभ संकेत होइन।

सारा संसारले निन्दा गरे पनि र यसलाई अस्वीकार गरे पनि अवधारणागत विशेषताका रूपमा फासीवाद विश्व राजनीतिमा सधैँभरि जीवित छ। फासीवादले त्यतिबेला आफनो टाउको उठाउँछ जतिबेलामा मानवअधिकार लगातार उल्लङ्घन हुँदा त्यसको विरोध गर्नेहरूको स्वर दबाइन्छ जसले गर्दा प्रजातान्त्रिक प्रक्रिया र प्रजातान्त्रिक निकायको जवाफदेहीताको विनाश हुन्छ। मुसोलिनीहरूले कुनै बेला किटान गरे जस्तै 'फासीवाद' ले 'आफूलाई प्रतिक्रियावादी भन्न डराएन, ...आफूलाई अनुदारवादी र उद्दारवादको विरोधी भन्न हिच्किचाएन।' हाम्रो जस्तो समाजमा प्रजातन्त्रको दुर्गति भएपछि फासिवाद सामाजिक निराशासँगसँगै हुर्कन्छ। •

# अधिनायकवाद

ध्रुवकुमार

आधुनिक विश्वले दादा इदी अमिनदेखि ज्ञानेन्द्रसम्मका थरिथरिका अधिनायकवादी शासन भोगेको छ। यी दुई थरि व्यक्ति/सैनिक र राजतन्त्रात्मक अधिनायकवाद बाहेक अघिल्लो शताब्दिमा अर्को थरिको अधिनायकवाद अर्थात 'सर्वहारा बर्गको अधिनायकवाद' पनि फैलिएको थियो। सामान्यतया, अधिनायकवाद भन्नाले कम्युनिष्ट अधिनायकवाद अर्थात सर्वहारा वर्गको समूह- कम्युनिष्ट पार्टी- ले राज्यको शक्ति हत्याउनु भन्ने बुझिन्छ। यो शब्दावलीलाई मार्क्सले सबै भन्दा पहिले अस्पष्ट रूपमा उपयोग गरेका थिए। पछि क्रान्तिकारी कम्युनिष्ट पार्टी संसारभर फैलिएपछि र सोभियत सङ्घ र चीनले यसका नाममा अति धेरै राजनीतिक अधिकार उपयोग गरेपछि यस शब्दावलीले आलङ्कारिक महत्व पायो।

सामान्य अर्थमा अधिनायकवाद भन्नाले के बुझिन्छ भन्ने कुरा अक्सफोर्ड एड्भान्स लर्नर्स डिक्स्नरीले यसरी उल्लेख गरेको छ- "अधिनायकले शासन गरेको सरकार वा अधिनायकले शासन गरेको देश।" यस परिभाषा अनुसार अधिनायक भनेको त्यो "शासक हो जसका हातमा कुनै देशको सम्पूर्ण शक्ति केन्द्रित हुन्छ, अझ विशेषगरी त्यो शासक जसले सैनिक शक्ति उपयोग गरेर त्यस्तो शक्ति हात पारेको हुन्छ।"[१] यस्तो ब्याख्याले अधिनायकवादको आधारभूत चरित्र बुझ्न मद्दत गर्छ। अधिनायकवादले वैधानिकता पाएको हुँदैन किनभने यसलाई आम जनताले अनुमोदन गरेका हुँदैनन। त्यसैले, अधिनायवाद स्वभावैले लोकतन्त्रको प्रतिकूल हुन्छ र शक्ति बाँडफाँड गर्ने कुराको विरोधी हुन्छ।

शासनमा एक जना व्यक्ति वा एउटा समूहको नियन्त्रण भएको, बाँकी सबैले कि त शासकले भनेको मान्नुपर्ने कि त सजाय भोग्न तयार हुनुपर्ने राजनीतिक प्रणाली अथवा शासन व्यवस्थालाई अधिनायकवाद भनी परिभाषित गरिएको छ। अधिनायकवाद ' बहुमतको तानाशाही' को स्वरूपमा पनि पाइन सक्छ। बहुमत प्राप्त दल वा दलहरूको समूहले शासन गर्ने संसदीय प्रणालीमा शासकले अल्पमतका चाहनालाई उपेक्षा, अस्वीकार अथवा दमन गऱ्यो भने यस्तो अवस्थालाई पनि अधिनायकवाद भनिन्छ। तर, सामान्यतया अधिनायकवाद एउटा व्यक्ति वा समूह अनि र कुनै व्यक्ति वा समूहलाई असिमित शक्ति उपयोग गर्ने किसिमले बनाइएका नीतिसँग गाँसिएको हुन्छ। अधिनायकवादलाई सर्वसत्तावाद पनि भनिन्छ।

दक्षिण एसियाका जनताले विभिन्न किसिमका अधिनायकवादी शासनको अनुभव गरेका छन्। दक्षिण एसियामा थरिथरिका अधिनायकवाद थोपरिए। तिनमा नेपाल र भुटानका जस्ता परम्परागत निरकुंश राजतन्त्र, मालदिभ्सको जस्तो एउटा दलको सरकार अनि पाकिस्तान र बंगालादेशको जस्तो सैनिक शासन पर्दछन्।

यी देशमा अधिनायकवादको जरा कृषि संरचना र सामन्ती सम्बन्धको ब्यापक प्रभावमा अडिएको छ हो जसलाई ब्यारिङ्टन मुरले चीन र भारतमा अधिनायकवादका लागि जिम्मेवार ठानेका छन्। ओटो स्ट्यामेरले भनेका छन्, "अधिनायकवादी शासनको स्थापनाका मुख्य कारणहरूमा प्रजातन्त्रले काम गर्न नसक्नु र प्रजातन्त्रका आन्तरिक कमजोरी हुन भन्ने कुरामा शंका छैन। …समाधान नभएका सामाजिक द्वन्द्व र आर्थिक संकटका साथै संवैधानिक प्रावधानको उल्लङ्घन अनि अप्रजातान्त्रिक शक्तिहरूको विकास अधिनायकवादी शासनको उदयका लागि जिम्मेवार तत्व मध्येका हुन्।"[२]

प्रजातान्त्रिक प्रक्रियाको असफलताको फलस्वरूप अधिनायकवादको उदय भएको हो भन्ने कुरा केही देशहरूका हकमा सत्य हो। तर संसारमा विशेषगरी हाम्रो क्षेत्रमा प्रजातन्त्र नौलो र आयातित अवधारणा हो र प्रजातन्त्रको अवधारणा

1 Oxford Advanced Learner's Dictionary (Seventh Edition), Oxford: Oxford University Press, 2005.

2 Otto Stammer, "Dictatorship," in David L. Sills, ed., International Encyclopaedia of the Social Sciences, vols. 3&4, New York: The Macmillan Company & The Free Press, 1968: 162.

र तथाकथित एसियाली मूल्यमान्यताका बीचमा बेमेल छ। फिलिपिन्सका मार्कोस, इन्डोनेसियाका सुहार्तो, पाकिस्तानका जिया, बंगालादेशका इर्साद, चिलेका पिनोसे, पेरुका फुजीमोरी र हैटीका पापा डक डुभालियर सबैलाई संसारको सबै भन्दा शक्तिशाली प्रजातान्त्रिक देश सँयुक्त राज्यले संरक्षण दिएको थियो। क्रान्तिबाट स्थापना भएका शासन व्यवस्था पनि अधिनायकवादी, अहंकारी र सैन्यसत्तावादी भएका छन्। उदाहरणका लागि अल्जेरियाको न्यासनल लिबरेसन फ्रन्ट (एफएलएन) लाई लिन सकिन्छ जसले दक्षिण अफ्रिकाको जातिभेदवादी शासनलाई अंगालो हाल्यो।

फरिद जाकारियाले भने जस्तै अनुदारवादी प्रजातान्त्रिक शासनको नियत पनि अधिनायकवादी हुन्छ। अधिकांश विकासोन्मुख देशका नेताहरूले निरन्तर रूपमा के तर्क गरेका छन् भने विगतको सामन्ती सत्ताको अन्त्य गर्न, स्वार्थपरक समूहहरूको दह्रिलो गठबन्धन तोड्न र राष्ट्रलाई एकत्रित राखेर सामाजिक अराजकता अन्त्य गरी शान्ति सुव्यवस्था कायम राख्नका लागि सुदृढ केन्द्रीय शासन चाहिन्छ। यस्तो किसिमको तर्कले शासन वैध हुनुपर्छ कि शक्तिशाली हुनुपर्छ भन्ने कुरामा भ्रम पैदा गर्छ। जाकारियाले केमा जोड दिएका छन् भने "अराजकता खतरनाक भए पनि (अघिल्लो शताब्दिमा) मानव स्वतन्त्रता र सुखको सबै भन्दा ठूलो शत्रु अराजकता होइन जर्मनीको नाजी, सोभियत रुस र माओको चीनका जस्ता क्रुर केन्द्रिकृत राज्य थियो।"[३]

आफूमा सबै शक्ति केन्द्रित गर्ने र विना चुनौति यस्तो अधिकार उपयोग गर्ने चाहना राख्नु मानव स्वभाव हो र यस्तो चाहना अप्रजातान्त्रिक मात्रै होइन अधिनायकवादी हो। स्टेमेरले अधिनायकवादमा मात्र पाइने पाँचवटा विशेषता हुन्छन् भनेका छन् ः (क) एकजना व्यक्ति वा शक्ति केन्द्रसँग नजिकको संभ्रान्त बर्गमा शक्तिको अत्यधिक केन्द्रीकरण, (ख) आदेशका भरमा शासन, (ग) रैति/नागरिकको अधिकार उपभोगमा भन्दा कर्तब्य पालना गर्नमा जबरजस्ती, (घ) निर्णय प्रक्रियामा तदर्थवाद र (ङ) धम्की र दवावलाई सामाजिक नियन्त्रण प्रणालीका रूपमा उपयोग गर्ने चलन।[४]

अधिनायकवादका स्वरूपलाई 'संवैधानिक र निरकुंश (असंवैधानिक)' भनी परिभाषित गरिए पनि, फ्रान्ज न्यौमानले अधिनायकवादलाई तीन भागमा बर्गीकरण गरेका छन् ः (क) साधारण अधिनायकवाद, (ख) सिजर शैलीको अधिनायकवाद, (ग) सर्वसत्तावादी अधिनायकवाद।[५] साधारण अधिनायकवादले अरू थरिका अधिनायकवादीका लागि बाटो खुला गरिदिन्छ किनभने यस अवस्थामा शासकले राज्यका शक्तिका परम्परागत सबै साधनलाई विना अंकुश उपयोग गर्छ। सिजर शैलीको अधिनायकवादको नामाकरण रोमन सम्राट जुलियस सिजरको नामबाट गरिएको हो जसले इसापूर्व ४६ मा अधिनायकवादी शक्ति हत्याएका थिए। उनले सुरुमा एक दशकका लागि सत्ता हातमा लिएका थिए भने उनको हत्या हुनु भन्दा अलि पहिले आफूलाई आजन्म शासक घोषणा गरेका थिए। सिजर शैलीको लोकप्रियताले सर्वसत्तावाद भनिने तेस्रो किसिमको अधिनायकवादको उदय हुने सम्भावना बढाउँछ। विभिन्न किसिमका अधिनायकवादका बीचको भिन्नता दर्शाउँदै न्योमानले के लेखेका छन् भने 'साधारण अधिनायकवाद' मा शासकले राज्यको शक्ति निरकुंश तरिकाले उपयोग गर्छ भने सिजर शैलीको अधिनायकवाद आधारभूत रूपमा एउटा अवस्था हो जुन त्यतिबेला प्राप्त हुन्छ जतिबेला शासकले सामाजिक-आर्थिक क्षेत्रमा राम्रो काम गरेर आम समर्थन हासिल गर्छ। तत्कालीन सोभियत संघको जस्तो सर्वसत्तावादी अधिनायकवाद स्वभावैले अघिल्ला दुई खालका अधिनायकवाद भन्दा बढी दमनकारी हुन्छ।[६]

यी वर्गीकरण अधिनायकवादको स्तर नाप्नका लागि सायद मान्य हुन्छन् तर अधिनायकवादलाई अरू कुनै नाम दिन मिल्दैन किनभने अवधारणागत र ब्यबहारिक दुवै दृष्टिले अधिनायकवाद एउटा यस्तो प्रणाली हो जहाँ जनताले प्रजातान्त्रिक अधिकार उपयोग गर्न पाउँदैनन्। अवधारणगत दृष्टिले, अधिनायकवाद त्यस्तो स्वघोषित शासकको खुनी काम हो जो आफनो स्वार्थको रक्षा गर्नका लागि जे गर्न पनि तयार हुन्छ। संकटकालीन अवस्था लागू गरेको 'संवैधानिक अधिनायकवादी' शासक/सरकार पनि अरू खालका अधिनायकवाद भन्दा फरक हुँदैन किनभने यस्तो अवस्थामा विधिको शासन लत्याइन्छ र त्यसलाई सिमित गरिन्छ।

अधिनायकवादी शासन गर्नका लागि मानिसलाई के ले प्रेरणा दिन्छ ? व्यक्तिले राज्यको शक्ति हत्याउनु र त्यसमाथि आफनो एकाधिकार कायम राख्नु अधिनायकवादको साधन र साध्य दुवै हो ? सामान्यतया, लडाईंमा कुनै क्षेत्र जितेर, क्रान्तिकारी शक्ति, दरबारी क्रान्ति अथवा सैनिक विद्रोह मार्फत शक्ति प्राप्त गरेर अधिनायकवादी शासन स्थापना गरिन्छ। राज्यको शक्ति हत्याउने प्रेरणा व्यक्तिगत हुन्छ। निरकुंश राजतन्त्र र संवैधानिक राजतन्त्र दुवै अवस्थामा नेपालीले अधिनायकवादी शासन भोगेका छन्। २०१७ सालको दरबार विद्रोह पश्चात नेपालमा पञ्चायती शासन व्यवस्था

3 Fareed Zakaria, "Illiberal Democracies," Foreign Affairs, November-December 1997.
4 Stammer,"Dictatorship", 161.
5 Cited in Stammer, 162.

6 See Jeane Kirkpatrick, " Dictatorship and Double Standards," Commentary, November 1979: 34-35.

नामक निरकुंश राजतन्त्र लागू गरियो । यो माथिबाट लादिएको यस्तो व्यवस्था थियो जसमा राज्यको शक्तिको दमनकारी उपाय अवलम्बन गरिनुका साथै सत्तासीन राजाले कर्मचारीतन्त्रको विस्तार र पोषण मार्फत राज्यको नियन्त्रण कायम गरे । पञ्चायत प्रणाली एक दलीय प्रणाली थियो जसले राजतन्त्रात्मक अधिनायकवादको मुहारका रूपमा काम गरेको थियो ।

२०५९ असोजमा संवैधानिक राजाले '(संवैधानिक) राजाको आम मान्यता' उल्लङ्घन गरेर कार्यकारी प्रधानमन्त्रीलाई बर्खास्त गरी शक्ति आफनो हातमा लिएर अधिनायकवादी शासन चलाए । २०४७ सालको संविधानले देशलाई सामान्य अवस्थामा ल्याउन निश्चित समयका लागि कदम चाल्न राजालाई 'संवैधानिक अधिनायकवाद' को जुन अधिकार दिएको थियो त्यसलाई प्रजातान्त्रिक प्रणालीको रक्षा गर्नका लागि होइन बरु त्यसलाई कमजोर बनाउनका लागि उपयोग गरियो । २०६१ माघ १९ पछि राजाले राजनीतिज्ञमाथि कारबाही गरेर शाही शासनको विरोधलाई मत्थर पार्नका लागि संकटकालीन अधिकार उपयोग गरे ।

शक्ति जसरी हात पारेको भए पनि र त्यसको लक्ष जे भए पनि अधिनायकवादी प्रणालीलाई वैध मान्न सकिदैन । भारतमा १९७५ देखि १९७७ सम्म इन्दिरा गान्धीले नेतृत्व गरेको कंग्रेस सरकारले लागू गरेको 'संवैधानिक अधिनायकवाद' लाई पनि त्यहाँका जनताले इन्दिरा गान्धीले नै गराएको चुनाव मार्फत अवैधानिक ठहराए । नेपालमा राजा ज्ञानेन्द्रले राजकीय सत्ता आफूमा निहीत भएको दावी गरे पनि र त्यसलाई वंशानुगत विशेषाधिकार ठाने पनि उनले गलत तरिकाले विजारोपण गरेको अधिनायकवाद संवैधानिक रूपले अवैधानिक ठहरियो मात्र होइन अन्तरराष्ट्रिय समुदायले त्यसको विरोध गरे र त्यसलाई मान्यता दिएनन् ।

नेपालका माओवादीकालागि अधिनायकवादी विचार अहिले पनि ताजै रहेको छ । नेपाललाई गणतन्त्रात्मक मुलुक बनाउने लक्ष लिएको नेकपा (माओवादी) नेपाललाई क्रान्तिकारी अधिनायकवादी मुलुकमा रूपान्तरण गर्न चाहन्छ । देशले भोगिरहेका थरिथरिका समस्या समाधान गर्न राज्यले नसकेका बेलामा नेपाली जनता अवस्था सुध्रियोस भन्ने कामना गर्दैछन् । ब्यापक रूपमा फैलिएको भ्रष्टाचार, सार्वजनिक क्षेत्रमा देखिएको अनिपूर्णता, हिंसा र दुच्छर नेतृत्वले गर्दा राज्य अझ कमजोर बनेको छ । यस्तो अवस्थाले अवनतिको फाइदा उठाएर राज्यको शक्ति हत्याउन चाहने अधिनायकवादीलाई मात्र फाइदा पुऱ्याउँछ । •